
वर्ष

अङ्क



# पूर्णिमा

[ इतिहास-प्रधान त्रैमासिक पत्रिका ]



संशोधन-मण्डल

महेशराज पन्त

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।
—बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

वर्ष १ अङ्क १

## [ इतिहास-प्रधान त्रैमासिक पत्रिका ]

सम्पादक–
**गौतमवज्र वज्राचार्य**
**महेशराज पन्त**

प्रकाशक–
**भोलानाथ पौडेल**
( संशोधन-मण्डलद्वारा )

प्रबन्धक–
**धनवज्र वज्राचार्य**

सहयोगीहरू–
रामजी तेवारी
देवीप्रसाद भण्डारी
शङ्करमान राजवंशी
नयनाथ पौडेल
दिनेशराज पन्त

# विषयसूची

## [ऐतिहासिक निबन्ध]


| | | | पृष्ठ |
|---|---|---|---|
| १. | मानदेव कुन वंशका हुन् ? | — दिनशराज पन्त | १–२ |
| २. | श्रीकलहाभिमानी राजा | — धनवज्र वज्राचार्य | ३–७ |
| ३. | रुद्र मल्ल र उनको जन्मतिथि | — देवीप्रसाद भण्डारी | ८–१३ |
| ४. | चौतारा देवीदास अथवा चिकुटि | — रामजी तेवारी | १३–१९ |
| ५. | जितामित्र मल्ल | — भोलानाथ पौडेल | २०–२५ |
| ६. | हनूमान्‌का स्थापना गर्नामा हेतु | — नयराज पन्त | २६–३० |
| ७. | कर्षको अर्थ | — शङ्करमान राजवंशी | ३०–३३ |
| ८. | नेवारी भाषामा फारसी अरबी आदि मुसलमानी भाषाको प्रभाव | — गौतमवज्र वज्राचार्य | ३३–४१ |
| ९. | पण्डित वाणीविलास पाँडेको 'प्रशस्ति-रत्नावली' (पत्रबोध) | — नयनाथ पौडेल | ४१–४६ |
| १०. | वि. सं. १८७१-७२ को नेपाल-अंग्रेज-युद्धमा नेपालले हार्नामा एउटा ठूलो कारण | — महेशराज पन्त | ४७–५८ |


## [ गणितविषयक निबन्ध ]


| | | | |
|---|---|---|---|
| १. | त्रिकोणमिति (ज्योत्पत्ति) | — नयराज पन्त | ५९–७१ |
| | हाम्रो वक्तव्य | | ७२–७४ |

# मानदेव कुन वंशका हुन् ?

—दिनेशराज पन्त

लिच्छविकालभन्दा अघिको नेपालको प्रामाणिक इतिहास थाहा पाइएको छैन। लिच्छविकालमा पनि राजा मानदेवदेखिका ऐतिहासिक सामानहरू पाइन्छन्। मानदेव र उनका पालाका १४ वटा अभिलेखहरू अहिलेसम्म प्रकाशमा आएका छन्। तिनबाट मानदेवको पालाको नेपालको केही इतिहास हामी थाहा पाउन सक्छौं।

राजा मानदेवको वंशबारे केही इतिहासकारहरूले अनेक तर्क वितर्क गरेका छन्। पशुपतिको द्वितीय जयदेवको अभिलेखमा मानदेवलाई लिच्छवि राजा भनी लेखिएको छ। परन्तु आफ्नो वंशबर्णन विजयवर्णन लेखाई राख्न लाएको चाँगुको स्तम्भलेखमा मानदेवले आफूलाई लिच्छविवंशका हुं भनी लेखाएका छैनन्। मानदेवका नाती वसन्तदेवको पालासम्मका अभिलेखमा पनि आफूलाई लिच्छविवंशका हुँ भनी लेखिएको छैन। पछिपछिकाले मात्रै 'लिच्छविकुलकेतु' भनी लेखिएको पाइन्छ। यस कारण मानदेव लिच्छविवंशका हुन् भन्ने कुरा विचारणीय छ। पछिकाले मात्रै मानदेवलाई लिच्छविवंशका हुन् भनी लेखिएको हुन सक्छ भन्ने केही इतिहासकारहरूको भनाइ छ *। परन्तु हालसालै पत्ता लागेको

---

* द थ्री रूलर्स्, अफ् दि अर्लिअर् इन्स्क्रिप्शन्स् मानदेव, वसन्तदेव यान्ड् गणदेव डु नॉट् काॅल् देम्सेल्भ्स् इन् दि ऐड्ड्रेस् लिच्छविकुलकेतु यॉज् डु दि अदर्स् फॉलोइङ् देम्. वी ट्रस् देअर् लिच्छवि लिनिएज् फ्रॉम् दि इन्स्क्रिप्शन् अफ् जयदेव २ (नो. १५ अफ् भगवानलाल) हाउ इज् इट् थॉट् दीज् रूलर्स् डु नॉट् मेन्शन् यॉनिथिङ् ऐबाउट् देअर् लिच्छवि ओरिजिन्, ह्वाइल् देअर् सकसेसर् टुक् प्राइड् इन ऐड्ड्रेसिङ् देम्सेल्भ्स् यॉज् डिसेन्ड्यान्ट् अफ् द लिच्छवि फ्यामिलि? वाज् इट् ए लेट् रीअलाइजेशन् कम् टु द लिच्छवि रूलर्स् आफ्टर सामेनि जेनेरेशन्स् अफ् रूल्? ऑर् द रूलर्स् अफ् द लेटर् पिरिअड् ह्याड् ओन्लि यॉरोगेटेड् टु देम्सेल्भस् दि इलस्ट्रिअस् लिनिएज् अफ् द लिच्छवि फ्यामिलि जस्ट् टु एनहान्स् देअर् रेप्यूटेशन यान्ड् स्टेटस् इन् दि आइज् अफ् द ओल्ड्.

(श्रीडिल्लीरमण रेग्मीको "ऐन्शेन्ट् नेपाल" को २०० पृष्ठबाट)

[अगाडिका अभिलेखहरूमा देखिने मानदेव, वसन्तदेव, गणदेव यी तीन शासकले उनाहरूपछिका अरू शासकहरूले जस्तै आफूलाई लिच्छविकुलकेतु भन्ने विशेषण लाएका छैनन्। यिनीहरू लिच्छविवंशका हुन् भन्ने कुरा द्वितीय जयदेवको अभिलेख (भगवानलालको १५ संख्या) मा पाउँछौं। यी शासकहरूले आफ्नो लिच्छविवंशको किन

मानदेवकी छोरी विजयवतीको पशुपति सूर्यघाटको अभिलेखले यसरी खाली अडकलको भरमा निर्णय गर्नेहरूको लागि बोल्ने ठाउँ नपाइने गरीकन मानदेवको वंशबारेमा निर्णय गरेको छ। विचारार्थ सो अभिलेखको अलिकति उद्धरण यहाँ दिइन्छ।

सततसरलकान्तस्वाङ्गशोभासमृद्धः
अनुपहतयशोधीविक्क्रमश्रीप्रभावः।
सुनयविदनुरक्तस्फीतस(द्)वृत्तलोकः
नृपतिरिह हतारिर्म्मानदेवो बभूव ॥२॥
तस्यानवद्यगुणरत्ननिधानभूता
भूतानुकम्पचतुरा विनयप्रवीणा।
वीणानिनादमधुरस्वरवल्गुवाक्या
श्रीभोगिनीति कथितास्य बभूव देवी ॥३॥
तस्यां स लिच्छविकुलाम्बरपूर्णचन्द्रः
चन्द्रः प्रभामिव शरन्निशि निर्म्मलायाम्।
स्फीतौजसं दुहितरं जनयाम्बभूव
आत्मानुरूपविविधामलसद्गुणाढ्याम् ॥४॥

(संशोधनमण्डलद्वारा प्रकाशित अभिलेख-संग्रह पहिलो भागबाट)

[सधैं (बुढेसकालमा पनि) सोझो (नकुथ्रिएको) जीउ हुँदा अङ्ग-ढङ्ग मिलेका, यश बुद्धि पराक्रम ऐश्वर्य यी सबै थोक भएका, शत्रुहरूलाई नष्ट पारेका राजा मानदेव नुहुभन्यो। उहाँका दुनियाँहरू उहाँमा रत्तिएका सुखी र सच्चरित्र छन् ॥२॥

उहाँकी (मानदेवकी) असल गुणरूपी रत्नका खानि भएकी, प्राणीमा दया गर्ने, विनयले युक्त भएकी, वीणाको आवाज जस्तै मधुर स्वर र राम्रो बोलीवचन भएकी, 'श्रीभोगिनी' भनीकन प्रख्यात भएकी देवी (बडामहारानी) हुनुभयो ॥३॥

लिच्छविकुलमा जन्मेका उहाँले (मानदेवले) उहाँमा (भोगिनीमा) चन्द्रमाले शरद् कालको सफा रातमा जूनलाई झैं तेजिली, आफू सुहाउँदा अनेक असल गुणहरू भएकी छोरी विजयवतीलाई जन्माउनुभयो ॥४॥]

मानदेवकी छोरी विजयवतीको यस अभिलेखमा आफ्ना बाबुलाई 'लिच्छविकुलाम्बरपूर्णचन्द्र' भन्ने विशेषण लाएकोले मानदेव लिच्छविवंशकै हुन् भन्ने कुरो अब टुङ्गिएको छ।

---

गरेनन्, जब कि उनका उत्तराधिकारीहरू आफूलाई लिच्छविकुलका हौं भन्नामा गर्व गर्दथे। यतिका पुस्ता शासन गरिसकेपछि मात्रै लिच्छवि शासकहरूले आफ्नो वंश ठम्याए? अथवा पछिका शासकहरूले संसारको अगाडि आफ्नो यश र औकात बढोस् भनी हामी प्रसिद्ध लिच्छवि वंशका हौं भनी दावा मात्र गरेका हुन् कि?)

–सम्पादक

# श्रीकलहाभिमानी राजा

—धनवज्र वज्राचार्य

नेपालको इतिहासमा अरू कालमा भन्दा लिच्छविकालमा अनेक कुरामा विशिष्टता पाइन्छन् । त्यस वेलाको विद्याको तह, आकर्षक कला, व्यवस्थित शासनपद्धतिले हाम्रो मनमा प्रभाव नपारी छोड्दैन ।

लिच्छविकालमा राजकाजमा व्यवहार गरिने भाषा संस्कृत भाषा थियो । पछिसम्म पनि नाममात्रको भए तापनि संस्कृत भाषामै राजकीय व्यवहार चलेको थियो । परन्तु लिच्छविकालको संस्कृत भाषाको तह र पछिको सस्कृत भाषाको तहमा धेरै अन्तर पाइन्छ । लिच्छविकालका सनदपत्ररूपका अभिलेखहरूमा लौकिक विषयका सूक्ष्म भावलाई पनि सरल र सुन्दर संस्कृत भाषामा प्रयोग गरिएको पाइन्छ । योबाहेक तात्कालिक कति अभिलेख काव्यको दृष्टिले उत्कृष्ट छन्, कति अभिलेख प्रौढ दार्शनिक विचारधाराले ओतप्रोत छन् । उदाहरणार्थ–मानदेवको चाँगुको स्तम्भलेख, जयदेवको पशुपतिको शिलालेख तथा हाँडिगाउँको द्वैपायनस्तोत्र भएको स्तम्भलेखलाई औंल्याउनु नै पर्याप्त छ । लिच्छविकालपछि यी अभिलेखलाई उछिन्न सक्ने कुनै अभिलेख आजसम्म देखापरेको छैन ।

कलाको दृष्टिले लिच्छविकाल त्यतिकै आकर्षक छ । लिच्छविकालका देवमूर्तिहरूको सामुन्ने हामी उभियौं भने ती मूर्तिका अज्ञात कलाकारको भाव प्रकट गर्न सक्ने खुबी, लगन आदि कुराले हामीमा ठूलो असर पार्छ । उदाहरणार्थ–मानदेवले स्थापना गरेको पशुपति त्रिगङ्गापारिको तथा लाजिमपाट धोबीचौरको× भावप्रधान भव्य वामनमूर्ति, विष्णुगुप्तले स्थापना गरीएको+ बूढानीलकण्ठको विशाल र सुन्दर विष्णुमूर्तिलाई लिन सकिन्छ । यी मूर्तिलाई कुनै पनि कलापारखीले एकचोटि नियालेर हेरेपछि कहिल्यै बिर्सन सक्तैन तथा यी मूर्तिसंग जोडा लाग्दो मूर्ति लिच्छविकालपछि भेटिन्न ।

शासनव्यवस्थाको दृष्टिले पनि लिच्छविकालले निकै महत्त्वपूर्ण ठाउँ पाउँछ । यस वेला एकराजतन्त्रप्रणाली चलेको थियो । तर अधिकारको विभाजन भएको हुँदा शासन धेरै अंशमा व्यवस्थित थियो । साना साना कुराको पनि व्यवस्था बाँधेर राखिएका प्रशस्त तात्कालिक अभिलेखहरूले यस कुराको पुष्टि गर्छन् । यसै गरी लौकिक व्यवहार पनि व्यवस्थित थियो भन्ने कुरा लौकिक काम कुरा चलाउन बनेका अनेक गोष्ठीको उल्लेख पाइएकोले अनुमान गर्न सकिन्छ ।

प्रस्तुत निबन्धमा यी विषयमा विशेष विचार गर्नु प्रसङ्ग मिल्दो छैन । यी विषयमा राम्ररी प्रकाश पार्न भिन्नाभिन्नै निबन्धमा प्रमाणसहित विवेचना गर्नु आवश्यक छ ।

---

**× हाल यो वामनमूर्ति वीरपुस्तकालयमा राखिएको छ ।**

**+ विष्णुगुप्तको यङ्गालहिटीको अभिलेख र गोपालराजवंशावलीबाट वर्तमान बूढानीलकण्ठको विष्णुमूर्ति विष्णुगुप्तले बनाइएको देखिन्छ । यस विषयमा छुट्टै निबन्धमा विचार गर्नु आवश्यक छ ।**

यति अलिकता कुराबाट पनि नेपालको इतिहासमा लिच्छविकाल उन्नत काल थियो भन्ने कुराको झलक पाइन्छ। लिच्छविकालमा पनि अंशुवर्माको काल झन् उज्ज्वल थियो। लिच्छविकालका सवा शय जति अभिलेख अहिलेसम्म प्रकाशमा आएका छन्। ती अभिलेखमा २५ वटा अभिलेख त अंशुवर्माका छन्। अंशुवर्माका यी जम्मै अभिलेखहरू व्यवस्था बाँधेर राखिएका छन्। अरूहरूका जस्ता देवता स्थापना गरी गूठी राखेर, आफ्नो वंशवर्णन गराएर राखिएका छैनन्। यतिबाट पनि अंशुवर्मा व्यवस्थापूर्वक शासन चलाउन मन पराउने उत्तम शासकको पङ्क्तिमा पर्न आउँछन्।

अंशुवर्मा कुन वंशका हुन् आदि कुरामा इतिहासकारहरूले आफ्ना आफ्ना तर्क दिन खोजेका छन्। हामीलाई यहाँ यस विषयमा विचार गर्नुपरेको छैन। तर अंशुवर्मा सोझै गद्दीका हकवाला व्यक्ति थिएनन्, पहिले सामन्त अनि महासामन्तरूपमा राजकाजमा उत्रेर आफ्नो योग्यता अध्यवसायद्वारा क्रमशः बढ्दै गई नेपालका महाराजाधिराजसम्म हुन पुगेका पुरुष हुन् भन्ने कुरा त निश्चित छ।

नेपाल राज्यको अवस्था सधैं दुइ ढुङ्गाको बीचको तरुलको जस्तो रहेको छ। दुइतिरबाट स्थिति सह्माल्न सकिएन भने आफू अँचेटिने संभावना नेपाललाई सधैं भइरहन्छ। अंशुवर्माको समयमा पनि उत्तरतिर भोटमा स्रङ्चन्गम्पो र दक्षिणतिर उत्तरभारतमा हर्षवर्द्धनले साम्राज्य खडा गर्न लागेका थिए। त्यस वेला नेपाललाई स्वतन्त्र राख्न भित्रबाट नेपाललाई मजबूत बनाउनु र परराष्ट्र-नीति सफलतापूर्वक चलाउनु आवश्यक थियो। अंशुवर्माले त्यस वेला नेपाललाई स्वतन्त्र राखेको देखिएकोले ÷ यसका लागि चाहिंदो व्यवस्था उनले मिलाएको स्पष्ट छ।

यसरी अंशुवर्मा कुशल शासकको रूपमा देखापर्छन्। नेपालका अरू शासकभन्दा अंशुवर्माको बिशिष्टता अझ उनको आदर्शमा हामी पाउँछौं। उनी आफ्नो अभिलेखमा लेख्तछन्—

"प्रजाहितार्थोद्यतशुद्धचेतसांशुवर्मणा श्रीकलहाभिमानिना।
कथम्प्रजा मे सुखिता भवेदिति प्रिया व्यवस्थेयमकारि धीमता॥"

(हाँडिगाउँको अभिलेखबाट +)

---

**÷ नक्साल भन्सारहिटीको अंशुवर्माको अभिलेखमा 'अरू राजालाई हात जोडी ढोग्न अघि नसर्ने, भन्ने विशेषण अंशुवर्मामा लाइएको हुनाले उनले नेपाललाई स्वतन्त्र राखेका थिए भन्ने देखिन्छ—**

**"... अनन्यनरपतितिरस्कृतकरानतिपरपुण्याधिकारस्थितिनिबन्धनोन्नीयमानमनस्समाधानो···श्रीमहासामन्तांशुवर्मा"**

**[ऐ. शि. बाबुराम आचार्य र श्रीगुरु नयराज पन्तद्वारा यो अभिलेख प्रकाशित भएको छ। आचार्य नोलीद्वारा पनि यो फेरि छापिएको छ।]**

**[अरू राजालाई हात जोडी ढाग्न अघि नसर्ने, न्यायनिसाफको स्थितिबन्धेज बाँध्नाले (ऐन तर्जुमा गर्नाले) विचार सुध्रिदै गएका···श्रीमहासामन्त अंशुवर्मा]**

**+ सिलभेन लेभीद्वारा यो अभिलेख प्रकाशित भएको छ। नोलीद्वारा पनि यो फेरि प्रकाशित भएको छ।**

[ सच्चा मन लाएर दुनियाँको हित गर्न उद्योग गरिरहेका, बुद्धिमान, श्रीकलहाभिमानी अंशुवर्माले 'कसरी मेरा दुनियाँ सुखी होलान्' भनी यो प्यारो व्यवस्था बाँध्नुभयो । ]

यसरी ' दुनियाँको हित कसरी गरूं, दुनियाँलाई सुखी कसरी राखूं ' भनी चिन्तित भई यस कुरालाई अभिलेखमा कुँद्न लाउने नेपाली शासकहरूमा अंशुवर्मा पहिला हुन आएका छन् ।

व्यवस्थित शासनले नै प्रजालाई सुखी बनाउँछ । यसैले व्यवस्था बाँध्ने काममा अंशुवर्माले निकै प्रयास गरेका थिए । यस कुरालाई अर्को शिलालेखमा उनले यसरी व्यक्त गरेका छन्—

"अनिशि निशि चानेकशास्त्रार्थविमर्शावसादितासद्दर्शनतया धर्माधिकारस्थितिकरणमेवोत्सवमनतिशयम्मन्यमानः···श्र्यंशुवर्मा"

(पशुपतिको अभिलेखबाट ÷)

[ रातोदिन अनेकन शास्त्रका अर्थको विषयमा छलफल गर्दा खराप दृष्टिकोण हटिसकेका हुनाले न्यायनिसाफका कामको बरबन्दोवस्त बाँध्नु नै ठूलो उत्सव सम्झने·· श्रीअंशुवर्मा ]

संसारमा सुखको कुनै निश्चित परिभाषा हुँदैन । जुनसुकै काममा पनि आफूखुशी डुबेर लाग्दा त्यसबाट मानिस सुखको अनुभव गर्छ । अझ विद्याविषयक काममा मन लाउँदा झन् सुखको अनुभव हुने हुन्छ । यसैले ' अकामहत श्रोत्रियलाई जुन सुख हुन्छ, त्यस्तो सुख संसारमा अरू कसैलाई हुँदैन' भनी पहिलेका आचार्यहरूले बोलेर गएका छन् × । यहाँ हाम्रा अंशुवर्माले पनि अनेक शास्त्रको अध्ययन गर्दा, व्यवस्था बाँध्दा (ऐन तर्जुमा गर्दा) मलाई अपार आनन्द लाग्छ भनी बोलेका छन् ।

अब यहाँनेर पुगेपछि अंशुवर्माले माथि उद्धृत हाँडिगाउँको अभिलेखमा आफूलाई 'श्रीकलहाभिमानी = लक्ष्मीसंग कलह गर्न गर्व गर्ने' भन्ने विशेषण आफूमा लगाउन किन मन पराए भन्ने कुराको विचार गर्नु चाख लाग्दो हुन आउँछ ।

विद्या पढ्नु र पैसा कमाउनुको बाटो बेग्ला बेग्लै हुन्छ । यसैले लक्ष्मी र सरस्वतीको मेल संयोगले कसै कसैमा मात्र हुन आउँछ । अरू सब थोक परिपञ्चलाई छोडी आफ्नो जीवनको धेरै भाग बिताइसकेपछि मात्र मानिसले अलिकता सच्चा विद्या हासिल गर्छ । यसरी कठिन परिश्रमले आफ्नो जिन्दगीको धेरै भाग खर्च गरेर कमाएको विद्याले त्यस मानिसमा स्वतः केही आत्मगौरवको भाव जगाइदिन्छ तथा त्यसले गर्दा अरूको सामुन्ने झुक्न नसक्ने स्थितिमा उसलाई पुर्‍याइदिन्छ । पैसा भन्ने कुरा पनि सजिलैसंग जम्मा गर्न सकिने कुरा होइन। पैसा कमाउने मनुष्यले पनि आफ्नो जिन्दगीको केही भाग बिताई अनेक परिपञ्च गरी पैसा कमाउन सक्ने हुनाले तथा पैसाद्वारा धेरै जसा मनुष्यलाई वश पार्न सकिने हुँदा धनी मनुष्यमा पनि एक किसिमको आत्मगर्वको भाव पैदा हुन्छ । फेरि धनी मानिसलाई आफू धनी

---

÷ पं. भगवान्लाल इन्द्रजीद्वारा यो अभिलेख प्रकाशित भएको छ । पछि फेरि धनवज्र+ज्ञानमणिद्वारा तथा नोलीद्वारा पनि यो प्रकाशित भएको छ ।

× तैत्तिरीयोपनिषद्को २ वल्ली ८ अनुवाक हेर्नुहोस् ।

मात्र बनेर नपुगेर 'म विद्वान् धर्मात्मा दानी छु' भनी लोकमा मेरो प्रख्याति फैलियोस् भन्ने इच्छा पनि प्रबल हुने हुन्छ। यसैले विद्वान्लाई गरीब देखेर ऊ पैसाको बलले किन्ने प्रयास गर्छ। यसरी प्रायः लक्ष्मी र सरस्वतीको कलह हुने हुन्छ। यस अवस्थामा लक्ष्मीको अगाडि झुक्ने सरस्वतीको केही भाउ रहँदैन। यसैले विद्यालाई सच्चा विद्याकै रूपमा जोगाई राख्न चाहने विद्वानले लक्ष्मीसंगको कलहलाई पनि सहर्ष स्वागत गर्न सक्ने स्थितिमा आफूलाई पुऱ्याउनु आवश्यक हुन आउँछ।

यस कारण विद्याप्रेमी अंशुवर्माले पनि आफूलाई 'श्रीकलहाभिमानी = लक्ष्मीसंग कलह गर्न गर्व गर्ने' भन्ने विशेषण लाउन मन पराएका हुन्। यसको उल्लेख सबभन्दा पहिले माथि उद्धृत हाँडिगाउँको उनको अभिलेखमा परेको छ। पछि पछि त खाली 'श्रीकलहाभिमानी राजा' भन्ने बित्तिकै अंशुवर्मालाई बुझाएको देखिन्छ। यो कुरा तलका अभिलेखबाट थाहा पाइन्छ —

"[भर्तुः पुण्य] विवृद्धये भवगतिक्लेशक्षयायात्मनः
भार्य्या श्रीकलहाभिमानिनृपतेर्लब्ध्वा प्रसादोदयम्।"

(पशुपति वनकालीको अभिलेखबाट+)

[श्रीकलहाभिमानी राजाको पत्नीले उहाँबाट निगाह पाएर पतिको पुण्य बढोस् तथा आफ्नो मोक्ष होस् भनी··· (देवता स्थापना गर्नुभयो)।]

" १. ॐ स्वतनुवसुशिरःकरादिदानैरुपकृतमर्थिजनस्य येन सकल···
२. सन्तप्तस्य कलीश्वरैरतिशठैर्नित्यङ्गुणद्वेषिभिर्लोकस्यास्य सुखावहो म···
३. स श्रीमान् कलहाभिमानिनृपतिःसर्वज्ञतामाप्नुयात् ॥ येनैकेन कलावपि स्थिरधिया···
४. तेनेयं स्वयशोमरीचिविमलस्फीताम्भुवि स्यन्दिनीं राज्ञा श्रीकलहाभिमानि···
५. प्रविष्टा पातालम्पुनरपि परावृत्य तरसा द्रवीभूता कीर्तिः प्रचुरय···
६. आर्यावासस्य भूषा प्रणधिविरहिता नित्यमन्यार्थवृत्ति···
७. कुर्वाणेवोपमानङ्क्षितितलशशिनस्तस्य राज्ञः कृपायाः
८. सकलजगदुदन्याशान्तये शीततोयामिह यतिवरवासे पातयित्वा प्रणालीम्···"

(हाल ललितपुर भण्डारखालमा रहेको अभिलेखबाट×)

[जसले (बोधिसत्त्वले) आफ्नो शरीर, धन, शिर, हात आदि दान दिएर माग्न आएका मनुष्यको उपकार गर्नुभयो।···

गुणको द्वेष गर्ने कलिकालका राजाहरूले संधै पिरिएको यस लोकलाई सुख दिने···उहाँ श्रीकलहाभिमानी राजा सर्वज्ञ हुनुहोस्।

स्थिर बुद्धि भएका जसले कलिकालमा पनि एकलै नै··· पृथ्वीभर आफ्नो सफा कीर्ति फैलिएको ··· उहाँ श्रीकलहाभिमानी राजाले यो ···।

---

+नोलीद्वारा यो अभिलेख प्रकाशित भएको छ।
×अभिलेखसंग्रह ६ भागमा यो छापिएको छ।

पातालमा पसेर त्यताबाट वेगले फर्केर आई फैलिएको कीर्ति··· ।

आर्यावासको (बौद्धविहारको) गहना जस्तो भएको प्रणिधि (एकाग्रता) पैदा गर्न नसके तापनि सधैं अरूको उपकार मात्र गर्ने···पृथ्वीतलका चन्द्रमा जस्ता उहाँ (श्रीकलहाभिमानी) राजाको निगाहको नमूना देखाउने जस्तो···

सारा संसारको प्यास बुझाउन यहाँ असल भिक्षुहरूको वासस्थानमा (विहारमा) धारा बनाएर···]

यी दुइ अभिलेखमा तात्कालिक राजाको नाउँ 'श्रीकलहाभिमानी' मात्रै दिइएको छ । यसबाट पछि अंशुवर्मा 'श्रीकलहाभिमानी' भन्ने नामले प्रसिद्ध भएका थिए भन्ने कुरा स्पष्ट देखिन्छ।

अंशुवर्मा विद्याप्रेमी पुरुष थिए भन्ने प्रसिद्धि निकै फैलिएको थियो। प्रसिद्ध चिनिया यात्री युआनच्वाङ्गले पनि आफ्नो यात्रावर्णनमा यस कुराको उल्लेख गरेका थिए । हुन त युआनच्वाङ्ग यतातिर आउँदा अंशुवर्माले यस संसारबाट बिदा लिइसकेका थिए । तैपनि 'नेपालका भरखर भएर गएका राजा अंशुवर्मा विद्यामा ठूलो आदर गर्ने थिए' भनी युआनच्वाङ्गले वर्णन गरेका हुनाले अंशुवर्मा विद्याप्रेमी थिए भन्ने प्रसिद्धिले उनको मनमा असर पारेको स्पष्ट छ। हाम्रो यहाँ पनि अंशुवर्मा विद्वान् व्यवस्था बाँध्ने राजा हुन् भन्ने प्रसिद्धि पछिसम्म चलेर आएको थियो भन्ने कुरालाई स्थितिमल्लको समयमा लेखिएको गोपालराजवंशावलीले बताउँछ÷ ।

ठूलो आदर्श भएका अथवा ठूलो आदर्श देखाउन चाहने राजाहरू आफ्नो आदर्श मिल्दो उपनामले प्रसिद्ध भएका उदाहरण इतिहासमा निकै पाइन्छन् । भारतका प्रसिद्ध मौर्यसम्राट् अशोक 'प्रियदर्शी' नामले प्रख्यात छन् । "म प्राणी मात्रको असल चाहन्छु, यसैले मनुष्यको साथसाथै पशुजाति पनि सुखी बनोस् भनी मैले मनुष्यचिकित्साशाला र पशुचिकित्साशाला बनाउन लाएको छु, अब मैले विस्तारै विस्तारै मासु खान पनि छोड्दै ल्याएको छु" आदि कुरा गुफा, चट्टान, स्तम्भ आदिमा जताततै अशोकले कुँद्न लाएका छन् । यसैले उनी आफ्नो आदर्श मिल्दो 'प्रियदर्शी' नामले प्रसिद्ध छन् । यसै गरी आफ्नो आदर्शअनुसार गुप्तसम्राट् द्वितीय चन्द्रगुप्त 'विक्रमादित्य' नामले, उत्तरभारतका सम्राट् हर्षवर्द्धन 'शीलादित्य' नामले प्रख्यात छन् ।

यसै गरी हाम्रा विद्याप्रेमी शासक अंशुवर्माले पनि आफ्नो आदर्शअनुरूप 'श्रीकलहाभिमानी' भन्ने उपनाम लिएका हुन् । परन्तु यो कुरा अहिले ज्यादै कम मानिसलाई मात्र थाहा होला । हाम्रो देशको इतिहासमा जान्नुपर्ने, जान्न पनि सकिने यस्ता धेरै कुरा अज्ञात अवस्थामा रहेका छन् । यस कारण अन्वेषण र अध्ययनको परम्परा चलाएर हामीले यस्ता कुरा प्रकाशमा ल्याउने प्रयास गर्दै जानुपरेको छ ।

---

**÷ "राजा श्रीशिवदेव वर्ष ४१ तस्य भग्नीयपुत्र राजा श्रीअंसुवर्मा वर्ष ४३ तेन च राजविहार कृतं । प्यण्डकादिव्यवहार प्रवर्त्तते । व्याकरणादिशास्त्रचर्चता प्रवर्तते ॥ "**

**(गो. रा. वं. २२ पत्रबाट)**

**[राजा शिवदेव वर्ष ४१ । उनका भानिज राजा श्रीअंशुवर्मा वर्ष ४३ । उनले राजविहार बनाए, प्यण्डक=पिण्डक=कूत आदिको व्यवस्था बाँधे । व्याकरण आदि शास्त्रको चर्चा गरे।]**

# रुद्र मल्ल र उनको जन्मतिथि

—देवीप्रसाद भण्डारी

मध्यकालको नेपालको इतिहासमा रुद्र मल्लको स्थान विशेष उल्लेखनीय छ। उनी स्वयं राजाको रूपमा मूल गद्दीमा बसेका थिएनन् तापनि द्वैतशासन खड़ा गरी उनले सबै अधिकार अंठ्याई ( श्री ३ जङ्गबहादुर भई ) शासन गरेका थिए। रुद्र मल्लको उदयले तात्कालिक नेपाल–उपत्यकाको इतिहासमा निकै परिवर्तन ल्याएको थियो।

विक्रमको चौधौं शताब्दीको उत्तरार्द्धमा नेपाल-उपत्यकामा आनन्ददेवको शासन चलिरहेको थियो*।

---

*"ॐ सम्वच्छरयुगे जाते चन्द्रव(ह्नि)समन्विते।
वैशाखशुक्ले रोहिण्यां तृतीयायां गुरोर्दिने ॥ ॥ ··· राज्ये श्र्यानन्ददेवस्य···'
[पाटन टुँडिखेल वटुकभैरवको अभिलेखबाट। संशोधनमण्डलद्वारा प्रकाशित अभिलेखसंग्रह दोस्रो भागमा यो छापिएको छ।]

[ ने. सं. ४३१ (वि. सं. १३६८) वैशाख शुक्ल तृतीया रोहिणीनक्षत्र बृहस्पतिवारका दिन। ··· श्रीआनन्ददेवको राज्यकालमा। ]

यसको गणना अलि चिन्त्य छ। यस विषयमा पछि विचार गरिनेछ।

"श्रेयोस्तु (संवत् ४३४ वैशा)खकृष्ण अष्टम्याम् घटि ३ वे नवम्यां ( शतभिषान)क्षत्रे घटि १४ प्र. पूर्वभद्रनक्षत्रः वै घटि (७ प्र ४९) विष्कंभयोगः बुधवासरेः ग्रकर्णे···सते चतुः चतुंत्रिशकाले···श्रीश्रीजयानन्दनृपप्रभृते"

(पाटन क्वाछें बालकुमारीको अभिलेखबाट। संशोधनमण्डलद्वारा प्रकाशित अभिलेखसंग्रह दोस्रो भागमा यो छापिएको छ।)

[ कल्याण होस् ] ने. स. ४३४(वि. सं. १३७१) वैशाख कृष्ण अष्टमी घडी ३ उप्रान्त नवमीतिथि शतभिषानक्षत्र घडी १४ उप्रान्त पूर्वभाद्रनक्षत्र वैधृतियोग घडी ७ उप्रान्त विष्कम्भ योग गरकरण बुधवारका दिनमा···ने. सं. ४३४ (वि. सं. १३७१)मा श्रीश्रीजयानन्द राजाले राज्य गरिरहनुभएको बेलामा। ]

यसको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ --

ने. सं. ४३४ वि. सं. १३७१ वैशाखकृष्ण
(पूर्णन्तमानले ज्येष्ठकृष्ण)

| तिथि, | वार, | घ. प., | नक्षत्र, | घ. प, | योग, | घ. प., | करण, | घ. प. | |
|---|---|---|---|---|---|---|---|---|---|
| अष्टमी | बुध | ४।४१ | शतभिषा | १५।६ | वैधृति | ७।४६ | तैतिल | २३।४४ | ज्येष्ठ १३ गते |

सम्वत् ४३८ फालगुनिवदि १५ शुक्रदिने श्रीलिषिति···श्रीश्रीराजाधिराजपरमधार्मिक-परमभट्टारिकश्रीश्रीजयानन्ददेव–ऐश्वरस्य विजयराज्ये। श्रीमानिगलयोषकोछें अरभिमस्य

त्यस वेला राजकाजमा केही कमजोरी आएको थियो। ठाउँ ठाउँका किल्लारक्षकहरू पनि राम्ररी अंचेटिएका थिएनन् । त्यसताका तिरहुततिरबाट पनि नेपालउपत्यकाभित्र बराबर आक्रमण भइरहेका थिए [१] । यसरी नेपालउपत्यकाको अवस्था खराब हुँदै गइरहेको थियो । यस्तैमा भरखरको चढ्दो उमेरका रुद्र मल्ल नेपालउपत्यकाको राजकाजमा प्रभावशाली पुरुष भई उत्रे ।

गोपालवंशावलीमा रुद्र मल्लले यसताकाको राजकाजमा प्रमुख रूपले भाग लिएको र ठाउँ ठाउँमा स्वयं लड्न गई भारादारहरूलाई कज्याएको वर्णन पाइन्छ—

"स. ४३२ मार्गशिरशुद्धितृतीया स्वं पहरस भोंतन डांलस तिपुर खण्डन फुङा मि अफह्न जुव···विजय राजे श्रीजयरुद्रमल्लदेवस···टो श्रीपदुमलदेवीस॥ "

" स. ४३३ वेशाखशुद्धि नवमी शुक्रवार···श्रीजयरुद्रमल्लदेवसं चनिग्ल महाजात्रा याङा बिज्या-

---

लिखितम् इदं पुस्तकं ।

( वीरपुस्तकालयमा रहेको प. १५८३ सं. को नागानन्द नाटकबाट । यो अंश हरप्रसाद शास्त्रीको सूचीमा र लुशिएनो॰ पेटेकको मेडिईभल हिस्ट्रि अफ् नेपाल(नेपालको मध्यकाल को इतिहास)मा प्रकाशित भएको छ । )

[ ने. सं. ४३८ ( वि.सं. १३७४ ) फाल्गुण कृष्ण अमावास्या शुक्रवारको दिन श्रीश्रीराजाधिराज ठूला धर्मात्मा परमभट्टारक श्रीश्रीजयानन्द देवको विजयराज्यमा मानिगल योषकोछेंमा अरभिमले या पुस्तक लेखेका हुन्। ]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ —

ने. सं. ४३८ वि. सं १३७४

फाल्गुनकृष्ण (पूर्णान्तमानले चैत्रकृष्ण)

| तिथि | वार | घडी | पला | |
|---|---|---|---|---|
| औंसी | शुक्र | ३९ | २० | फाल्गुन ८ गते |

"सम्वत् ४३८ श्रावणशुक्लप्रतिपद्यां तिथौ असिलेषनक्षत्रे वरियानयोगे शुक्रवासरे··· सिंहराशिगते सवितरि कर्कटराशिगते चन्द्रमसि राजाधिराजपरमेश्वरश्रीश्रीजयानन्ददेवस्य विजयराज्ये··· लिखापितं केसब्रह्ममुलमीकेन स्वार्थपरार्थहेतुना । ··· लिखित् द्विजश्रीजेतराम पूरसूमेन । '

[ ने. सं. ४३८ ( वि. स. १३७५ ) श्रावण शुक्ल प्रतिपदा अश्लेषानक्षत्र वरीयान्योग शुक्रवारको दिन सिंहराशिमा सूर्य बसेको वेलामा, कर्कटराशिमा चन्द्रमा बसेको वेलामा राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजयानन्ददेवको विजयराज्यमा केशब्रह्म मुलमीले आफ्नो लागि र अरूको लागि लेखाइएको, ब्राह्मण जेतराम सूरस्रमले लेखेको । ]

यहाँ दिइएको तिथिमितिको गणना चिन्त्य छ । यस विषयमा पछि विचार गरिनेछ ।

१ छुट्टै निबन्धमा यस विषयमा विचार गरिनेछ ।

चकाटौं बिज्याङा दिन १० रावुत जेतराम भारोस काय, तेजराम भारो सयच्छे चोखन भारो ज्ञान भारो खनि मन्दात भारो थ्व ङ्ह्म मी मिह्लोस्य स्याङा"

"सम्वत् ४३५ वैशाख शुक्ल पञ्चमी श्रीजयरुद्रमल देवसन गोकर्णकाठस पुन्दवङा, मचाल्व ज्येष्ठ शुक्ल पञ्चमी शुक्रवार चान्यसनतो"

[ गो रा. वंशावली ४३ पत्रबाट ]

"सं.—३—वद्धि ११ श्री जयरुद्रमल देवसन, पिलीया कार्छे तेजपाल भारो…

"सं. ४३८ मार्गशिर शुद्धि ११ श्रीजयरुद्रमल देवसन तलंगुम्पल्ली नकाठ काया दिन ॥"

[ गो. रा. वंशावली ४४ पत्रबाट ]

[ ने. सं. ४३२ (वि. सं. १६६८) मार्ग शुक्ल तृतीयाका दिन तीन प्रहर जाँदा बनेपाबाट नालाको बाटो त्रिपुरमा आक्रमण गर्न आउने मानिस भागे । … श्रीजयरुद्र मल्ल देव … श्रीपदुमलदेवीको विजयराज्यमा ।

ने सं, ४३३ (वि.सं. १३७०) वैशाख शुक्ल नवमी शुक्रवारका दिन ÷ …श्रीजयरुद्र मल्ल देव चनिगलमा महाजात्रा गरी जानुभयो, १० दिन बस्नुभयो । राउत जेतराम भारो र उनका छोरा तेजराम भारो, सयच्छेका चोखन भारो, ज्ञान भारो, खनिमन्दात भारो, यी पाँच जनालाई …मारे ।

ने. सं. ४३५ (वि. सं. १३७२) वैशाख शुक्ल पञ्चमीका दिन श्रीजयरुद्र मल्ल देव गोकर्णकिल्ला घेर्न गए, किल्ला फुटेन । ज्येष्ठ शुक्ल पञ्चमी शुक्रवारका दिन राती मात्रै (किल्ला फुट्यो) + ।

ने. सं.–३ — कृष्ण एकादशीका दिन श्रीजयरुद्र मल्ल देवले कार्छेका तेजपाल भारो—लाई … निकाले ।

ने.सं. ४३८ (वि. सं. १३७४) मागशीर्ष शुक्ल एकादशीका दिन श्रीजयरुद्र मल्ल देवले तलङ्गुपल्ली नुः कोट कब्जा गरे । ]

---

÷ **यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—**

**ने. सं. ४३३ बि. सं. १३७० वैशाखशुक्ल**

| तिथि | वार | घडी | पला | |
|---|---|---|---|---|
| नवमी | शुक्र | १२ | ३३ | वैशाख १२ गते |

+ **यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—**

**ने. सं. ४३५ वि. सं. १३७२ ज्येष्ठशुक्ल**

| तिथि | वार | घडी | पला | |
|---|---|---|---|---|
| पञ्चमी | शुक्र | ३१ | ६ | ज्येष्ठ १४ गते |

विस्तार विस्तार यसरी अधिकार बढाउँदै गई रुद्र मल्ल आनन्ददेवसंगसंगै शासक हुन पुगे। यसरी आनन्ददेव र रुद्र मल्लको द्वैतशासन खडा भयो❁।

वि. सं. १३७७ को उठानमा रुद्र मल्लले आफ्ना नातादार अरि मल्ललाई देउपाटनमा राज्याभिषेक दिई आनन्ददेवको उत्तराधिकारी गराए। उनलाई राजगद्दीमा राखे तापनि राजकाजको सारा अधिकार रुद्र मल्लकै अधीनमा रहेको थियो। अरि मल्ल केवल राजगद्दीको शोभाका लागि राखिएको मूर्ति जस्ता भई रहन लागे। नाम मात्रका राजा अरि मल्ललाई रुद्र मल्लले राजभक्ति देखाई केवल मानमर्यादा मात्र राखिदिए÷।

यसरी यी रुद्र मल्लले खडा गरिदिएको द्वैतशासन करीब ७० वर्ष जति अड्यो। वि. सं. १४३७ मा स्थिति मल्लले अर्जुन मल्ललाई धपाई मूल राजगद्दी नै अँठ्याएपछि द्वैतशासन खतम भयो+।

अब रुद्र मल्लको जन्मतिथिको निर्णयका लागि विचार गरिन्छ—

"सम्वत् ४१६ मार्गशिर शुक्ल त्रयोदशी अनुराधा घटि १७ अङ्गारवार श्रीश्रीजयतुङ्गमल्लदेवस्य प्रथमपुत्रश्रीश्रीजयरुद्रमल्लदेवस्य जात।"

(गोपालवंशावली ३९–४० पत्रबाट)

[ने. सं. ४१६ (वि. सं. १३५२) मागशीर्ष शुक्ल त्रयोदशीतिथि अनुराधानक्षत्र १७ घड़ी शूलयोग ३७ घडी मङ्गलवारका दिन श्रीश्रीजयतुङ्ग मल्ल देवका जेठा छोरा श्रीश्रीजयरुद्र मल्ल देवको जन्म भयो।]

गोपालवंशावलीको यस कथनानुसार जयरुद्र मल्लको जन्म वि. सं. १३५२ मार्ग महीना शुक्ल पक्ष त्रयोदशीतिथि अनुराधानक्षत्र १७ घडी शूलयोग ३७ घडी भएको मङ्गलवारका दिनमा भएको रहेछ भन्ने बुझिन्छ। तर त्यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग भने आनकोतान भई फरक पर्न गएको छ। सो यस प्रकारको छ—

---

❁ "श्रेयोऽस्तु सम्वत् ४३७ फाल्गुणवधि २ राजाधिराजश्रीश्रीश्रीजयानन्ददेवस्य धर्मविजं भवति रघुवंशावतारश्रीश्रीजयरुद्रमल्लस्य लब्धवरिषं राज्यं भवति।"

(देउपाटन टुटेधारामा रहेको शिलालेखबाट। संस्कृत सन्देश २।१-२-३ मा हामीले यसलाई छपाएका छौं।)

[ने. सं. ४३७ (वि. सं. १३७३) फाल्गुन कृष्ण द्वितीयाका दिन महाराजाधिराज श्रीश्रीजयानन्ददेवको धर्मपूर्वकको विजयराज्यमा। रघुकुलमा जन्मेका श्रीश्रीजयरुद्र मल्लले (देवताको) वरद्वारा राज्य गरिरहनुभएको वेलामा।]

÷ 'इतिहाससंशोधनको प्रमाण प्रमेय (पहिलो भाग) को २३४ पृष्ठ हेर्नुहोस्।

+ 'इतिहाससंशोधनको प्रमाण प्रमेय (पहिलो भाग)को ३६-३७ पृष्ठ हेर्नुहोस्।

ने. सं. ४१६ वि. सं. १३५२ मार्गशुक्ल

| तिथि | वार | घडी पला | नक्षत्र | घड़ी पला | योग | घडी पला | मार्ग |
|---|---|---|---|---|---|---|---|
| त्रयोदशी | सोम | १६।३६ | भरणी | १।२० | शिव | ३१।८ | २४ गते |

यहाँ मार्ग शुक्लपक्षमा गणनाबाट आएका वार नक्षत्र योग कुनै पनि मिल्दैनन् । यताबाट वि.सं. **१३५२**को मार्ग शुक्लपक्षमा रुद्र मल्लको जन्म भएको होइन रहेछ भन्ने कुरा स्वतः सिद्ध हुन आउँछ । यसबाट भ्वाट्ट हेर्दा रुद्र मल्लको जन्मसंवत् नै कल्पित हो कि त भन्ने शङ्का उठ्न आएको हुनाले सो शङ्का निवारण गर्नाका लागि विशेष विचार गर्नु आवश्यक पर्‍यो । अर्को पक्षको (मार्ग कृष्णपक्षको) गणना गरी हेर्दा यस पक्षमा भने उक्त वारादि मिल्न आयो । सो पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं. ४१६ वि. सं. १३५२ (मार्गकृष्ण पूर्णान्तिमानले पौषकृष्ण)

| तिथि | वार | घड़ी पला | नक्षत्र | घडी पला | योग | घड़ी पला | पौष |
|---|---|---|---|---|---|---|---|
| त्रयोदशी | मङ्गल | १०।५५ | अनुराधा | १८।७ | शूल | ३४।२५ | १० गते |

यहाँ मार्ग कृष्णपक्षमा भने गणनाबाट आएका तिथि, वार, नक्षत्र, योग सबै माथि उद्धृत गोपाल-वंशावलीमा उल्लेख गरिएका तिथिवार, नक्षत्र, योगसंग ट्वाक्क मिल्न, आएका हुनाले रुद्र मल्लको जन्मतिथि वि. सं. १३५२ मार्ग कृष्ण त्रयोदशीतिथि अनुराधानक्षत्र शूलयोग पौष १० गते मङ्गलवारका दिनमा भएको रहेछ भन्ने कुरा सिद्ध हुन आउँछ । त्यस कारण गोपालवंशावलीका रचयितालाई भ्रम भई कृष्णपक्ष लेख्नुपर्नेमा शुक्लपक्ष भनी लेखिन गएको बुझिन्छ+ ।

रुद्र मल्लको जन्म ने. सं. ४१६ वि. सं. १३५२ मार्गमा भएको हो भन्ने कुरालाई गोपालवंशा-वलीमा उल्लेख गरिएका अरू दुइ वाक्यले पनि पुष्टि गर्दछन् ।

"तस्य स्वर्गस्थं संवत्सरो षडयुगवेदा ४४६ आषाढी पूर्णमी रात्रिभागे दारा चतु अग्निप्रवेश कृतम्"

(गो. रा. वंशावली २७ पत्रबाट)

[ने. सं. ४४६ (वि. सं. १३८३) आषाढ पूर्णिमाका दिन रातमा रुद्र मल्ल स्वर्ग गए। चार जना सती गए।]

"स. ४४६ प्रथमाषाढपूर्णमी श्रीजयरुद्रमल्ल देवस अस्त। भोगराजवर्ष ३० मा ८॥"

(गो. रा. वंशावली ४६ पत्रबाट)

[ने. सं. ४४६ (वि.सं. १३८३) प्रथम आषाढ शुक्ल पूर्णिमाका दिन श्रीजयरुद्र मल्ल देवको मृत्यु भयो । राजाको जम्मा भोगवर्ष ३० महीना ८। ]

---

+ लुशिएनो पेटेकले 'नेपालको मध्यकालको इतिहास' को १०७ पृष्ठमा रुद्र मल्लको जन्मतिथिका उल्लेख गर्दा 'मार्गकृष्ण' नै पढ्नुभएको छ । तर कुरा खुलाएर भने लेख्नुभएको छैन । — संपादक

गोपालराजवंशावलीको यस कथनानुसार वि. सं. १३८३ आषाढ महीनामा रुद्र मल्लको मृत्यु भयो भन्ने कुरा र त्यस वेलामा उनको उमेर ३० वर्ष ८ महीना जति पुगेको थियो भन्ने कुरा सिद्ध हुन आउँछ। त्यस कारण वि. सं. १३८३ आषाढ महीनामा ३० वर्ष ८ महीना घटाइदियो भने वि. सं. १३५२ को मार्ग महीना हुन आउँछ। यसबाट पनि रुद्र मल्लको जन्मतिथि वि. सं. १३५२ मार्ग कृष्ण त्रयोदशी नै हो भन्ने कुरा सिद्ध हुन आउँछ।

—०—

# चौतारा देवीदास अथवा चिकुटि

—रामजी तेवारी

इतिहासमा एउटै पुरुषको दुइटा नाउँ भइदिंदा सो कुरा पत्ता लाउन नसक्ने अवस्थामा त्यसले इतिहासकारलाई निकै अलमल्याइदिन्छ। त्यही कुरा हाम्रा चिकुटिका विषयमा पनि हुन आएको छ। कान्तिपुरमा प्रताप मल्लपछि शक्तिशाली भई हर्ताकर्ता हुन पुगेका चौतारा चिकुटिको अर्को नाउँ देवीदास पनि रहेछ, सो कुरा एउटा तात्कालिक टिपौटे कागतबाट थाहा हुन्छ—

▱सं. ७८९ जआ श्रीप्रतापमल्लजुया परमान वंकलया देवीदास नाम कुनाम चिकुटी कुङ॥ स्व नग्रया गाम नयाव चोङ्ह्म जुरा॥

[नि. सं. ७८९ (वि. सं. १७२६) मा कान्तिपुरका राजा प्रताप मल्लका भारादार वंकलका (इन्द्रचोकका) देवीदास थुनिए। उनको अर्को नाम चिकुटि पनि थियो। चिकुटिका तीनै सहरमा जग्गा जमीनहरू थिए।]

मछिन्द्रबहाल पछाडि नाउदेवल भन्ने नाउँले प्रसिद्ध एक देवल छ। सो देवल यिनै चिकुटिले वि. सं. १७३१ मा बनाएका रहेछन्। परन्तु देवीदास र चिकुटि एकै व्यक्ति हुन् भन्ने थाहा नपाउँदा देवीदासले बनाएको नाउदेवलको अभिलेखमा चिकुटिको यस्तो वर्णन छ भनी हाँसो उठ्तो ढंगले सो अभिलेखको परिचय हामीले दिएका थियौं। सो अभिलेखको केही अंश यस प्रकार छ—

"....स्वकृतदेवकूलमध्यस्वस्थापित श्री ३ भवानिशङ्करप्रीतिकामनया, देवीदासेन सुकृतहेतवे, प्रत्यहं ब्राह्मणदियाचकेभ्यः सार्द्ध प्रस्थत्रयमितान्नतण्डुलान् दापयितुं शतरोपनिमितक्षेत्रं संप्रदत्तः...

---

▱वीरपुस्तकालयमा रहेको चौथो ९७५ संख्याको टिपौटे कागतबाट। शङ्करमान राजवंशीद्वारा संपादित भई वीरपुस्तकालयबाट हाल यो 'ऐतिहासिक घटनावली' भन्ने नामले प्रकाशित भएको छ।

योऽघृत्वा भ्रुकुटीं चकार चिकुटानामपि धामाशय:
प्राप्तप्राज्यमहोदयेषु मुकुटीभूत:प्रधानाग्रणी: ।
राज्यं कंटकहीनमाज्ययजनात् साम्राज्यसाम्यावहं
श्रेय:श्रेणिसमिद्धपौरसुहृदामानन्दकन्दोदयं ॥ ”

[आफूले बनाएको देवमन्दिरभित्र आफूले स्थापना गरिएका श्री३भवानीशङ्करलाई खुशी पार्ने इच्छाले देवीदासले पुण्य होस् भनीकन प्रतिदिन ब्राह्मण र माग्ने आदिलाई साढे तीन पाथी चामल बाँड्न शय रोपनी खेत गूठी राख्नुभयो ।

…ठूलठूला पद पाएकाहरूमा श्रेष्ठ भएका प्रधानहरूका नायक र नाउँ 'चिकुटि' नै भए तापनि तेजस्वी भएका चिकुटिले साम्राज्यसंग दाँजो लाग्ने राज्यलाई आँखीभुइँसम्म नकर्याईकन यज्ञद्वारा निष्कण्टक पारी असल काम गर्ने सहरिया इष्टमित्रलाई आनन्द दिने पार्नुभयो ।]

यसबाट पनि चिकुटि र देवीदास भन्ने एउटै व्यक्ति हुन् तथा नाउदेवल चिकुटिले नै बनाएका हुन् भन्ने स्पष्ट छ ।

केही कालअगाडिसम्म चिकुटि को हुन् भन्ने कुरा अज्ञात थियो । केही कालअगाडि प्रकाशित नेपालका कुनै इतिहाससम्बन्धी पुस्तकहरूमा पनि चिकुटिको नाम गोतासम्म पनि पाइँदैनथ्यो । हाम्रो प्रयासले इतिहाससंशोधनमा वि. सं. २०१४ मा सर्वप्रथम चिकुटिविषयका कुरा प्रकाश गरिएका थिए । परन्तु हालसालको खोजीले तथा चिकुटि र देवीदास एउटै व्यक्ति हुन् भन्ने थाहा भएपछि चिकुटिसम्बन्धी केही नयाँ कुराहरू पत्ता लागेका हुनाले चिकुटिको विषयमा फेरि राम्ररी लेख्नुपर्ने देखिएकोले यो निबन्ध प्रस्तुत गरिएको हो ।

देवीदास वा चिकुटिको थर के थियो, अहिलेसम्म पाइएका कुनै सामानमा पनि यसको उल्लेख परेको छैन । नाउदेवलमा शिव पार्वतीको मूर्ति स्थापना गरेको देखिएकोले थिनी शैवधर्मावलम्बी देखिन्छन् । सो नाउदेवलको अभिलेखमा दिनका दिन सदावर्त दिन, अरू पूजासम्बन्धी कुरा चलाउन गुठियारहरू बाँडा र तुलाधरहरू मात्र राखिएका देखिनाले बौद्धधर्मावलम्बीहरूसँग पनि उनको सम्पर्क रहेको देखिन्छ+ । थिनको घर वंकल=वंगल=इन्द्रचोकमा भएको कुरा माथिको वीरपुस्तकालयको कागतबाट बुझिन्छ । थिनका पिता खोरतम थिए भन्ने उल्लेख तात्कालिक ठ्यासपुमा पाइन्छ । थिनका एक जना माहिला दाजु दातेह्म थिनी चौतारा हुँदा देउपाटनका बडाहाकिम बनाइएको उल्लेख

+थ्वया गुथि इतुंबाहार, गुणचन्द्र बांदे, ङेत पिथ्या, सिंह बादे, तंवराछेया तुलाध्र सत्यराम, असनया, तुलाध्र, देव, थ्वपनि पेह्म गुथि जनन थ्वपति भाषाथें निस्तूपेम ल
( नाउदेवलको उही शिलालेखबाट )

[ यो गूठी इटुंबहालका गुणचन्द्र बाँडा, नरदेवोका सिंह बाँडा तवराछेका सत्यराम तुलाधर; असनका देव तुलाधर यिनीहरु ४ जना गुठियारले यो शिलापत्रमा भनेवमोजिम चलाउनुपर्छ ।]

पाइन्छ । 'चिकुटि' शब्दको अर्थ कान्छो भन्ने हुनाले यिनी खोरतमका कान्छा छोरा हुन् भन्ने अनुमान हुन्छ ।

बाबु खोरतम र दाजु दातेह्मको उल्लेख चिकुटि शक्तिशाली भएपछि मात्र पाइने हुँदा चिकुटि वंशानुगत अधिकार पाएर ठूला भएका होइनन् , आफ्नै परिश्रम तथा दाउपेचद्वारा ठूला भएका हुन् भन्ने कुरा यताबाट बुझिन्छ । परन्तु धनी परिवारका थिए भन्ने कुराचाहिं माथिको कागतबाटै अनुमान गर्न सकिन्छ ।

वि. सं. १७२४ मा प्रताप मल्लको पालामै चिकुटि कान्तिपुरका भारादार हुन पुगिसकेका थिए÷। वि. सं. १७२६ मा प्रताप मल्लका मन नपरेका हुँदा उनी कैद गरिएको उल्लेख माथि उद्धृत ऐतिहासिक घटनावलीको वाक्यमा हामी पाउँछौं । वि. सं. १७३० मा चिकुटि कुनै प्रकारले कान्तिपुरबाट भागी ललितपुरमा पुगे । ललितपुरका राजा श्रीनिवासले उनलाई शरण दिई ललितपुरमा बस्न प्रबन्ध मिलाइदिए* । यसको ३महीना जतिपछि वि सं. १७३१ को उठानमा कान्तिपुरका राजा प्रताप मल्लको मृत्यु भयो × । यसको केही दिनपछि नै श्रीनिवास मल्लले भक्तपुरका राजासँग कान्तिपुर

---

÷ संवत् ७८७ आषाढ कृष्ण प्रतिपदा कुन्हु उत्तराषाढ बुधवार थ्व कुन्हु अल ओ ज ओउ जुव खपो याकात जुरो, पंचरिखरस श्रीप्रतापमल्लजु ओ श्री २ निवासमल्लजु ओ नापलाका । थ्व कुन्हु चाह्लसं चिकुटि परमान अल वव घरछि लिव खपोया श्रीजगत्प्रकाश मल्ल वव प्याखनस श्री२निवासमल्ल नापलाक. सति कुन्हु तोङ चोङ... थ्व कुन्हुनिस्यं खपो याकात जुरो ।

( ऐतिहासिक घटनावली ३ पृष्ठबाट )

[ ने. सं. ७८७ (वि. सं. १७२४) आषाढ कृष्ण प्रतिपदा उत्तराषाढानक्षत्र बुधवारका दिन ललितपुर र कान्तिपुरको मेल भयो, भक्तपुर एकलो पर्‍यो । पचलीमा श्रीप्रताप मल्ल र श्रीश्रीनिवास मल्लले भेट गरे । यस दिन राति भारादार चिकुटि ललितपुरमा आए । एक छिनपछि भक्तपुरका श्रीजगत्प्रकाश मल्ल आए । नाचमा श्रीश्रीनिवास मल्लसंग भेट गरे, भोलिपल्टसम्म बसे ।...यस दिनदेखि भक्तपुर एकलो भयो । ]

*संवत् ७९४ पौष शुक्ल पञ्चमी शुक्रवार थ्व कुन्हु ज चिकुटि प्रमान अल पुरदव दिन..... क्वतथुबाहारस तया जुरो ॥

(ऐतिहासिक घटनावली ६ पृष्ठबाट)

[ ने. सं. ७९४ ( वि. सं. १७३० ) पौष शुक्ल पञ्चमी शुक्रवारका दिन कान्तिपुरका भारादार चिकुटि पाटनमा शरण पर्न गए ।..... उनी क्वतथुबहालमा राखिएका थिए । ]

× संवत् ७९४ चैत्र शुक्ल एकादशी प्र. द्वादशी लाचक सोमवार कुन्हु जया श्रीप्रताप मल्ल अभाग जुव दिन ॥ घरि २४ स रात्रिसं जुरो । मिबिकह्मं ६ ॥

(ऐतिहासिक घटनावली ६ पृष्ठबाट)

पुगी चिकुटिलाई कान्तिपुर फर्कने प्रबन्ध मिलाइदिए। यसपछि चिकुटि कान्तिपुर फर्की आफ्नो घरमा रहन लागे❁ ।

प्रताप मल्लको मृत्यु हुँदा कान्तिपुरको गद्दीमा को बस्ने भन्ने कुराको केही खलबली उठ्यो । त्यस वेला प्रताप मल्लका नृपेन्द्र मल्ल, पार्थिवेन्द्र मल्ल र महीपतेन्द्र मल्ल समेत तीन छोरा जीवित थिए । प्रताप मल्लले कान्छा छोरा महीपतेन्द्र मल्ललाई मपछि कान्तिपुरको गद्दीमा राख्नू भन्ने व्यवस्था बाँधेर गएका थिए । यसबाट आफ्नो अधिकार खोसिएको हुनाले नृपेन्द्र मल्लहरूको पक्ष अप्रसन्न हुनु स्वाभाविक थियो। चिकुटिले नृपेन्द्र मल्लको पक्ष लिई श्रीनिवाससंग कुरा मिलाइदिएका हुनाले प्रताप मल्लको मृत्यु भएको ३ महीना पछि स्वयं श्रीनिवास मल्ल अघि सरी दाजु छँदै भाइलाई राजा बनाउनु न्यायसंगत कुरा होइन भनी आफैले टीका लाइदिई नृपेन्द्र मल्ललाई गद्दीमा राखिदिए । यस अवसरमा भक्तपुरका राजा जितामित्र मल्लले पनि उपस्थित भई यस कुराको अनुमोदन गरे×। चौतारा पदचाहिं चिकुटिले पाए ।

---

[ ने. सं. ७९४ (वि. सं. १७३१) चैत्र शुक्ल एकादशी उप्रान्त द्वादशी सोमवारका दिन राति २४ घडी जाँदा कान्तिपुरका श्रीप्रताप मल्लको मृत्यु भयो। ९ जना सती गए। ]

❁ संवत् ७९४ वैशाख कृष्ण षष्ठी शुक्रवार श्रवननक्षत्र ब्रह्मयोग थ्व कुन्हु सो नगरं लं चार सुथ वाग्मतीया तीरस मुरन सो नगरया राजा नापलाक जलया श्रीजय-श्रीनिवासमल्लजु खपोया श्रीजितामित्रमल्ल ध्वकह्म मिलह्म उग्रमल्ल थ्वते खपोया श्रीनृपेन्द्रमल्ल दातिह्म श्रीपार्थिवेन्द्रमल्ल श्रीमहीपतेन्द्रमल्ल सोह्म बिज्याक श्रीनिवास मल्लन चिकुटि प्रमान यन बेसवयाव चोङ ङा राती अलस थ्व कुन्हु लवल्हाङा थवछेस -क जुरो ।

( ऐतिहासिक घटनावली ६ पृष्ठबाट )

[ ने. सं. ७९४ (वि. सं. १७३१) वैशाख कृष्ण षष्ठी शुक्रवार श्रवणनक्षत्र ब्रह्मयोगका दिन तीनै शहरका बाटा खुले। बिहान वाग्वतीको तीरमा जम्मा भई तीनै शहरका राजाले भेटघाट गर्नुभयो। ललितपुरका श्रीनिवास मल्ल, भक्तपुरका जेठा श्रीजितामित्र मल्ल कान्छा उग्र मल्ल(कान्तिपुरका)श्रीनृपेन्द्र मल्ल माहिला श्रीपार्थिवेन्द्र मल्ल श्रीमहीपतेन्द्र मल्ल तीन जना आउनुभएको थियो। श्रीनिवास मल्लले कान्तिपुरबाट भागेर आई पाँच महीनादेखि ललितपुरमा बसेका भारादार चिकुटिलाई यस दिन सुम्पिदिई आफ्नो घरमा पठाइदिनुभयो। ]

× संवत् ७९४ आषाढ शुक्ल षष्ठी उत्तरफाल्गुण परिघ सोमवार थ्व कुन्हु जलया श्रीजयश्रीनिवासमल्ल जुजु थ्वस काय श्रीजययोगनरेन्द्रमल्ल श्रीखपोया श्रीजयजितामित्रमल्ल थ्वया किजाजु श्रीउग्रमल्ल ॥ थ्व पेह्म बिज्याङाव ॥ जया ध्वबह्म थाकुर श्रीजयनृपेन्द्रमल्ल राजा सारा घरि ८ स जुरो ॥ थ्वस किजाजु दातिह्म श्रीपार्थिवे द्र

यस वेला नृपेन्द्र मल्लको उमेर १२ वर्षको सिवाय थिएन । त्यस कारण चौतारा चिकुटिले आफ्नो अधिकार बढाई हर्ताकर्ता बन्ने अवसर पाए । वि. सं. १७३१ पौषको माथिको नाउदेवलको अभिलेखमा कान्तिपुरका राजाको नाउँसम्म उल्लेख नगरी सारा राज्य चिकुटिले नै निष्कण्टक रूपमा चलाइ-रहेछन् भनी चिकुटिले फूर्तिसाथ लेखाएका हुनाले उनी हर्ताकर्ता बनेको झलक पाइन्छ ।

यस वेला प्रताप मल्लका मठ्याहा छोरा मान्धातासिंह भन्ने थिए । यिनी राजकुमार भएका र पाका उमेर भएका हुनाले कान्तिपुरको दरबारमा उनको प्रतिष्ठा रहनु स्वाभाविक थियो । यस कारण मान्धाता-सिंह र चिकुटिको मेल भएन र चिकुटिद्वारा मान्धाता मारिएको उल्लेख तात्कालिक ताम्रपत्रमा पाइन्छ* ।

यसरी आफ्ना विरोधीहरूलाई सिद्धचाई ठूला ठूला पदमा आफ्ना मानिस राखी चिकुटिले हर्ताकर्ता भई कान्तिपुरको शासन चलाए ।

वि.सं. १७३७ मा नृपेन्द्र मल्लको मृत्यु भयो । यसपछि कान्तिपुरको गद्दीमा उनका भाइ पार्थिवेन्द्र मल्ल राखिए । चौतारापदमा चिकुटि नै थिए । परन्तु चिकुटिको प्रभाव बढ्नाले अरू भारादारहरूलाई असह्य हुन थाल्यो । यसैले केही भारादारहरूले चिकुटिलाई सिद्ध्याउने दाउ गर्न लागे । यस कुराको सुँइको पाई वि. सं. १७४० कार्तिक शुक्ल अष्टमीको राति सपरिवार चिकुटि आफ्ना केही अनुयायी साथ लिई कान्ति-

---

मल्ल माम व्यागल मेलम्ह किजाजु श्रीमहीपतीन्द्र मल्ल थ्वतिह्म ध्वकह्म लवल्हाङा जुरो ॥ थ्वरनल्ला थ्व बबु प्रताप मल्लन मेरह्म थाकुर श्रीमहीपतीन्द्र मल्ल राजा साराव तायुस श्रीनिवास मल्लजुन ध्वकह्म राजा यात थम थकाङि जुस्यं तेका थम बिव जुरो अया मूलचुकया पूर्व्वचपरिस कलशपूजा याङाव जुरो ॥ कलश ग्वड२॥ मृत्युञ्जय १ स्नान कलश १ ॥

(ऐतिहासिक घटनावली ७ पृष्ठबाट)

[ ने. सं. ७९४ (वि. सं. १७३१) आषाढ शुक्ल षष्ठी उत्तरफाल्गुनीनक्षत्र परिघयोग सोमवारका दिन ललितपुरका राजा श्रीजयश्रीनिवास मल्ल उहाँका छोरा श्रीजययोगनरेन्द्र मल्ल, भक्तपुरका श्रीजयजितामित्र मल्ल, उहाँका भाइ उग्र मल्ल यहाँ चार जना आनु-भई दिनको ८ घडी जाँदा कान्तिपुरका जेठा ठाकुर श्रीजयनृपेन्द्र मल्ललाई राजा बनाउनु-भयो । उहाँका माहिला भाइ श्रीपार्थिवेन्द्र मल्ल र अर्कै आमापट्टिका कान्छा भाइ श्रीमहीपतीन्द्र मल्ललाई जेठा दाजुलाई सुम्पिदिनुभयो । योभन्दा पहिले यहाँका बाबु प्रताप मल्लले कान्छा ठाकुर महीपतेन्द्र मल्ललाई राजा बनाएर राख्नुभएकोमा श्रीनिवास मल्लले आफैं नाइके भई जेठालाई राजा बनाई आफैले टीका लाइदिनुभयो । कान्तिपुरको मूलचोकको पूर्व दलानमा मृत्युञ्जय कलश १ स्नानकलश १ यी दुइ कलश पूजा गरी काम गरियो । ]

*यस विषयको प्रमाण "इतिहास संशोधनको प्रमाण-प्रमेय" ( पहिला भाग ) को २४३ पृष्ठमा हेर्नुहोस् ।

पुरबाट भागी ललितपुरमा पुगे। श्रीनिवास मल्लले उनलाई शरण दिए। चार दिनसम्म चिकुटि पाटनको एउटा किल्लामा बसे ×। परन्तु त्यहाँ बसी आफ्नो सुरक्षा हुने नदेखी काठमाडौंबाट ८ कोश जति पश्चिम त्रिशूलीपारि पर्ने बुधसिङ भन्ने गाउँमा गई बस्न लागे। यसको चार दिनपछि पाटनका राजा श्रीनिवास मल्ल कान्तिपुरमा आई लक्ष्मीनारायण, बावत, जयकृष्ण र उनका छोरा श्रीकण्ठ यी चारजनाको मन्त्रिपरिषद् बनाउन लाए।

वि.सं. १७४४ मा खानेकुरामा विष हाली खुवाइएकाले पार्थिबेन्द्र मल्लको मृत्यु भयो। त्यसको ३ दिन-पछि " हाम्रा राजालाई कसले विष खुवाएको हो, त्यसको पत्ता लाई हामी पनि त्यसलाई मार्छौं " भनी कान्तिपुरका प्रजा उठी हनूमान्ढोकामा जम्मा हुन थाले। यो गडबड मच्चाउनामा चिकुटिका प्रतिद्वन्द्वी लक्ष्मीनारायणको हात थियो। गडबड बढ्दै गयो। अनि भक्तपुरका राजा जितामित्र मल्ल आई अपराधीको म पत्ता लगाइदिन्छु भनी गडबड केही कम गराए।

त्यसपछि चिकुटि र मन्त्री वंशीधरद्वारा यो विषप्रयोग भएको हो भन्ने हल्ला लक्ष्मीनारायणले पिट्न लाए। त्यसैले सपरिवार चिकुटि र वंशीधर समातिए। त्यस वेला चिकुटि आफ्ना केही अनुयायीका साथ देउपाटनमा आई बसेका थिए। पछि चिकुटि र वंशीधर दुवै मारिए*।

यसरी चौतारा चिकुटिको अन्त भयो। चौतारा चिकुटिलाई संझाउने उनका कृतिहरूमध्ये नाउदेवल त सबैले देख्ने ठाउँमा नै परेको छ। ९० सालको भूकम्पभन्दा अगाडि सो देवल तीनतले थियो। महा-भूकम्पले सो मन्दिरलाई पनि भत्काएको हुँदा सो देवलको पुरानो रूपको प्रतिनिधित्व अहिलेको देवलले गर्दैन।

वि. सं. १७३८ मा चौतारा चिकुटि र उनकी पत्नी पूर्णवतीलक्ष्मीले पशुपतिनाथको पूजा गरीकन आफू लोग्ने स्वास्नीको सालिक पशुपतिमा राखेको उल्लेख पाइन्छ—

**संवत् ८०२ मार्गशिरकृष्णः। नवमी उत्रफाल्गुणीनक्षेत्र बुधवार थव कुन्हु श्री३ पशुपतिस भीरुकुथिरिधनकं यँया चौतारा देवीदास भारो तस्य भार्या पूर्णवती लक्ष्मी थवपनि नेह्म तिपुलया सारिक तया दिन ॥**

**(चन्द्रमान जोशीसँग रहेको ठ्यासफुबाट)**

---

**×सं ८०४ कार्त्तिकशुद्धि ८ जया चिकुटिपरमान जल बेसेवव थंक्काथस पेन्हु चोङाव गन्देपाल बुधसिं वङ"**

**(ऐतिहासिक घटनावली १७ पृष्ठबाट)**

[ ने. सं. ८०४ (वि. सं. १७४०) **कार्तिक शुक्ल अष्टमीका दिन कान्तिपुरका भारादार चिकुटि ललितपुरमा भागेर आए। थंक्काथ ( थंकोट ) मा चार दिन बसी गण्डकी ( त्रिशूली )पारि बुधसिङमा गए।** ]

***माथि ठाउँ ठाउँमा उद्धृत प्रमाणबाहेक चिकुटिविषयका अरू प्रमाण 'इतिहास-संशोधनको प्रमाण-प्रमेय (पहिलो भाग)' को २३८-२४१ पृष्ठमा हेर्नुहोस्।**

[ ने. सं. ८०२ ( वि. स. १७३८ ) मार्ग कृष्ण नवमी उत्तरफाल्गुनीनक्षत्र बुधवारका दिन श्री ३ पशुपतिको···(पूजा गरी) कान्तिपुरका चौतारा देवीदास र उनकी पत्नी पूर्णवतीलक्ष्मी यी दुइ दम्पतीको सालिक राखियो । ]

यहाँ चिकुटिको सालिक पशुपतिमा राखेको वर्णन देखेपछि हामीहरू सो पत्ता लाउन पशुपतिमा गयौं । पशुपतिनाथको मन्दिरको आसपासमा यस्ता भारादारका निकै सालिक रहेका थिए । तिनमा देवीदास भनी नामोल्लेखसमेत भएको सालिक पनि थियो भन्ने हामीलाई धारणा भएकोले निकै समय लाई त्यहाँ खोज्यौं । परन्तु सो सालिक त्यहाँ देखिएन । २०१५ सालतिर जीर्णोद्धार गर्दा पशुपतिनाथको सामुन्ने ठाउँ खुला पार्ने उद्देश्यले त्यहाँ रहेका सालिक देवमूर्ति केही हटाइएका थिए । तिनमै देवीदासको सालिक पनि परेको अनुमान हुन्छ । ती सालिक मूर्ति कहाँ राखिएका छन् अहिले हामीले थाहा पाउन सकेनौं ।

पशुपतिमै देवीदासलाई धेरै कालसम्म संझाइराख्ने उनको अर्को कृति रहेको छ । पशुपतिनाथको मन्दिरमा जाने पश्चिमको मूल ढोकाको ठूलो तोरण र दक्षिण भेकबाट पशुपतिनाथको मन्दिरतिर जाने चौंसट्ठी लिङ्ग-निरको सुनको जलप लाएको ठूलो तोरण तथा ढोका देवीदासले नै बनाएका हुन् । वि. सं. १७३२ मा उक्त दुइ तोरण चढाइएको रहेछ । त्यसको ठीक १ वर्षपछि दक्षिण ढोकामा सुनको जलप लगाइएको रहेछ । यी कुरा ती ढोकाको तोरण र खापामा कुँदिएका अभिलेखबाट थाहा पाइन्छन् । ती अभिलेख यी हुन्—

तोरणमा—

"श्री ३ पशुपति प्रीतिन देवीदाशन दुता संवत् ७९६ कार्त्तिक पूर्णमा कुन्हु "

[ ने. सं. ७९६ ( वि. सं १७३२) कार्तिक पूर्णिमाका दिन श्री ३ पशुपतिलाई प्रसन्न पार्न देवी-दासले चढाएको हो । ]

खापामा—

"पशुपति प्रीतिन देविदामन दुन्ता सम्वत् ७९७ कार्त्तिक पूर्णमा कुन्हु ।। "

[ ने. सं. ७९७ (बि. सं. १७३३) कार्तिक पूर्णिमाका दिन श्री ३ पशुपतिलाई प्रसन्न पार्न देवीदा-सले चढाएको हो । ]

यीबाहेक चिकुटिका कृतिहरू अरू पनि होलान् । भविष्यमा खोजी गर्दैजाँदा अरू पनि पत्ता लाग्ला भनी आशा लिन सकिन्छ ।

—०—

# जितामित्र मल्ल

**–भोलानाथ पौडेल**

विक्रमको अठाह्रौं शताब्दीको उठानमा नेपालउपत्यकाका तीन राज्यमा प्रताप मल्ल श्रीनिवास मल्ल जगत्प्रकाश मल्ल यी तीन राजा परस्परमा तीन प्रतिस्पर्द्धी पुरुषका रूपमा देखापर्छन् । त्यस वेलाका यी तीन राज्यका कार्यकलाप तीन राज्यमध्येमा हामी ठूला भनी देखाउन गरिएका जस्ता देखापर्छन् ।

वि. सं. १७२६ पौषमा भक्तपुरका राजा जगत्प्रकाश मल्लको मृत्यु भयो* । त्यसपछि उनका जेठा छोरा जितामित्र मल्ल सिंहासनमा बसे । जगत्प्रकाशका अर्का छोरा उग्र मल्ल थिए । त्यस वेलाको चलन-अनुसार उग्र मल्ल मिरह्म जुजु = कान्छा राजा कहलाउन लागे । गद्दीमा बस्दा जितामित्र मल्ल भरखरको चढ्दो उमेरका थिए । यस कारण मन्त्रणा दिने प्रभावशाली भागिराम प्रधानाङ्ग ( प्रधानमन्त्री ) भएर खडा भए× । राजा अपरिपक्व हुँदा यी प्रधानाङ्ग भागिरामको शक्ति मजबूत थियो । पछि राजा समर्थ

---

* "संवत ७९३ मागशिरकृष्ण चतुर्थी बृहस्पतिवार थ्व कुन्हु खपोया श्रीश्रीजगत्प्रकाश मल्ल जुजु मोक, परङन थङाव यात दु, मिबिकह्म ९ दु जुरो । जन्म दं ३५ तवकै लुयाव पाके जुयाओ अभाक जुव जुरो"

[ ऐतिहासिक घटनावली ५ पृष्ठबाट ]

[ ने. सं. ७९३ ( वि. सं. १७२६ ) मार्गकृष्ण ( पूर्णान्तमानले पौषकृष्ण ) चतुर्थी बृहस्पतिवारका दिन भक्तपुरका राजा श्रीश्रीजगत्प्रकाश मल्लको मृत्यु भयो । पलङमा राखी लगियो । ९ जना सती गए । जन्म वर्ष ३५, विफर आई पाकेकोले मृत्यु भएको हो ! ]

गणना गरेर हेर्दा यस दिनको तिथिमिति ठ्याक्क मिल्छ । सो यस प्रकारको छ—

ने. सं. ७९३ वि. सं. १७२६ मार्गकृष्ण (पूर्णान्तमानले) पौषकृष्ण

| वार | तिथि | घडी पला |
|---|---|---|
| बृहस्पति | चतुर्थी | १५।४ |

× वि. सं. १७३२ तिर भने जितामित्रका चौतारा (प्रधानमन्त्री) देवराम थिए भन्ने कुरा नालाको भगवतीको मन्दिरमा टाँसिएको एउटा ताम्रपत्रबाट देखिन आएको छ । सो यस प्रकार छ—

"श्रीश्री(जिता) मित्र मल्ल देव प्रभु ठाकुर श्रीश्रीउग्र मल्ल प्रभु ठाकुरस विजयराज्यस देवराम चवतारा नालादेशया पशुराम थानदाल वेलस···सम्वत् ७९५ भाद्रपदशुक्ल द्वादश्यान्तिथौ श्रवणनक्षत्रे शोभनयोगे आदित्यवार ।

( यसको उतार संशोधन-मण्डलको संग्रहमा छ । )

भएपछि पनि प्रधानमन्त्री भागिरामको बढिसकेको सो प्रभाव कायमै रहेको थियो। त्यसैले जितामित्रका शिलालेखहरूमा आफ्ना भाइ उग्र मल्ल र छोरा भूपतीन्द्र मल्लको भन्दा पनि भागिरामकै बढ्ता उल्लेख भएको पाइन्छ।

यी राजा जितामित्रले आफू राजा भएपछि वि. सं. १७३० फाल्गुनमा आफ्ना भाइ उग्र मल्लको विवाह गरिदिए। त्यस विवाहको उत्सवमा ललितपुरका राजा श्रीनिवास मल्ल पाँच दिनसम्म भक्तपुरमा बसेका थिए ×। त्यस वेला कान्तिपुरका राजा प्रताप मल्ल जितामित्रसँग कस्तो व्यवहार गर्दथे, त्यसको स्पष्ट उल्लेख भेट्टाउन सकिएको छैन।

यसको डेढ महीनापछि वि.सं. १७३१ चैत्रशुक्लमा प्रताप मल्लको मृत्यु भयो। त्यस वेला प्रताप मल्लका तीन छोरा जीवित थिए। तिनमा कान्छालाई प्रताप मल्लले आफ्नो उत्तराधिकारी गराएका थिए। उनको मृत्यु भएपछि उनको सो कुरा सबै पक्षले मानेनन् र कसलाई राजा गराउने भन्ने कुरामा कान्तिपुरका भारादारहरूमा गडबडी उठ्यो। यसैले निकै दिनसम्म विधिबमोजिम कोही पनि राजा हुन सकेनन्। ललितपुरका राजा श्रीनिवासको प्रयासले वि. सं. १७३१ आषाढमा त्यस वेला जीवितमध्येका जेठा नृपेन्द्र मल्ल राजा भए। यिनको राज्याभिषेकमा जितामित्र र उग्र मल्ल दुवै भाइ गएका थिए +।

---

[ श्रीश्रीजितामित्र मल्ल देव प्रभु ठाकुर श्रीश्रीउग्र मल्ल प्रभु ठाकुरका विजयराज्यमा देवराम चौतारा (प्रधानमन्त्री) भएको वेलामा नाला शहरका परशुराम ठानेदार भएको वेलामा…ने. सं. ७९५ ( वि. सं. १७३२ ) भाद्रशुक्ल द्वादशी श्रवणनक्षत्र शोभनयोग आदित्यवारका दिन। ]

यहाँ उल्लिखित तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. ७९५ वि. सं. १७३२ भाद्रशुक्ल

| वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|
| आदित्य | द्वादशी | ६।३४ | श्रवण | ५१।५० | शोभन | ३३।५० |

×सं. ७९४ माघकृष्ण दशमी खपोया श्रीउग्रमल्लजुया यिहि श्री २ निवास मल्लजु डान्हु बिज्याक दरशण प्याखन ओडा डान्हु चोडा जुरो मोटं १० बिव.

( ऐतिहासिक घटनावली ६ पृष्ठबाट )

[ ने. सं. ७९४ ( वि. सं. १७३० ) माघकृष्ण (पूर्णान्त मानले फाल्गुनकृष्ण) दशमीमा भक्तपुरका उग्र मल्लको विवाह भयो। श्रीश्रीनिवास मल्ल जानुभई पांच दिन बस्नुभयो। दरशण नाच हेर्नुभयो, दश रुपियाँ दिनुभयो। ]

+यसको प्रमाण भाग रामजी तेवारीको 'चौतारा देवीदास अथवा चिकुटि' नामक निबन्धमा हेर्नुहोस्।

यसै साल कार्तिकमा राजा जितामित्रका जेठा छोरा भूपतीन्द्र मल्लको जन्म भयो ▣। वि.सं. १७३३ विजयादशमीमा राजा जितामित्रले दीक्षामन्त्र सुने* ।

त्यस ताका तीन शहरका राजाहरूमा ललितपुरका श्रीनिवास मल्ल परिपक्व बुद्धि भएका शक्तिशाली राजा थिए । त्यसैले उनी आफूलाई मण्डलनाभिका रूपमा हेर्दथे । सो कुरा शिलालेखहरूमा कुदाउँथे × पनि । यसो हुँदा भक्तपुरका राजा जितामित्र मल्ल ललितपुरका राजा श्रीनिवास मल्लसँग आफ्नो संबन्ध गाढा गराउन चाहन्थे । श्रीनिवास पनि यस कुराको समर्थन गर्दथे । यसैले वि. सं. १७३४ मा एताचोक (हालको कुमारीचोक) बिग्री जीर्णोद्धार गर्नुपर्दा त्यसका लागि चाहिने कोटखा ढुङ्गा जितामित्रले श्रीनिवाससँग मागेका थिए । श्रीनिवासले पनि आफ्ना भतिजाको उपर्युक्त माग पूरा गरिदिएका थिए ।

---

▣सं. ७९५ कार्तिकशुदि ६ श्री २ जयभूपतीन्द्र मल्ल देवस जन्म दिन।

(इतिहास-प्रकाश २ अङ्क ३ भागको ५६८ पृष्ठमा प्रकाशित घनेश्वरका कागतबाट)

[ ने. सं. ७९५ (वि. सं. १७३१) कार्तिकशुक्ल षष्ठी श्रीश्रीजयभूपतीन्द्र मल्ल देवको जन्म दिन । ]

भूपतीन्द्र मल्लको मालतीचोकको शिलापत्रमा पनि उनले आफ्नो जन्मतिथि यही लेखाएका छन्---"कार्तिकशुक्ल षष्ठी जन्मदिन"-(अभिलेख संग्रह ४ भाग १० पृष्ठबाट)। यताबाट पनि भूपतीन्द्रको जन्मसमय यही नै हो भन्ने देखिन्छ ।

*सं. ७९६ आश्विनसु. १० श्री २ जितामित्र दीक्षा

(उही इतिहास-प्रकाश ५६८ पृष्ठबाट)

[ ने. सं. ७९६ ( वि. सं. १७३३ ) आश्विनशुक्ल दशमी श्रीश्रीजितामित्रले दीक्षा-मन्त्र सुन्नुभयो । ]

×श्रीमाणिग्लाधिपति महाराजाधिराज श्रीश्रीजयश्रीनिवास मल्ल देव प्रभु ठाकुलसन स्वनगरं छगुल जुयाव नेपालेश्वर जुयाव विजयराज्य याङविज्याक,थ थिं अवसरस...सम्वत् ८०१ मार्गशिलशुक्ल ॥ षष्ठ्यान्तिथौ श्रवण प्र. धनेष्ठानक्षत्रे ॥ ध्रुव प्र. व्याघातयोगे ॥ बुधवासरे ॥

(ललितपुर भीमसेनमन्दिरको शिलापत्रबाट । अभिलेख-संग्रह ६ भाग १९ पृष्ठबाट)

[ श्रीमानिग्ल (ललितपुर)का मालिक महाराजाधिराज श्रीश्रीजयश्रीनिवास मल्ल देव प्रभु ठाकुरले तीनै शहर एउटै भई नेपालेश्वर भएर राज्य गरिरहनुभएको समयमा... ने. सं. ८०१ (वि. सं. १७३७) मार्गशुक्ल षष्ठी श्रवण उप्रान्त धनिष्ठानक्षत्र ध्रुव उप्रान्त व्याघातयोग बुधवारमा ]

यहाँ उल्लिखित तिथिमितिको गणना यस प्रकारका छ—

ने. सं. ८०१ वि. सं. १७३७ मार्गशुक्ल

| वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|
| बुध | षष्ठी | ३३।२८ | श्रवण | ५।५३ | ध्रुव | १।६ |

-यो कुरा त्यसै चोकको शिलापत्रमा कुँदिएको छ * ।

कान्तिपुरका राजा नृपेन्द्र मल्लसंग पनि राजा जितामित्रको सम्बन्ध राम्रै थियो । यो मेलमिलाप नृपेन्द्र मल्ल जीवित छञ्जेल कायमै भएको देखिन्छ । वि. सं. १७३७ आषाढमा नृपेन्द्र मल्लको मृत्यु भयो । त्यसको १४ दिनपछि भएको नृपेन्द्रका भाइ पार्थिवेन्द्र मल्लको राज्याभिषेकमा भक्तपुरका जितामित्र र ललितपुरका श्रीनिवास दुवै राजा पुगेका थिए ÷ ।

वि. सं. १७४१ मा ललितपुरका राजा श्रीनिवासले आफ्ना समर्थ छोरा योगनरेन्द्रलाई सबै राजपाठ दिई उनलाई विधिपूर्वक राजा बनाइदिए× । योगनरेन्द्रको राज्याभिषेक गर्न जितामित्र मल्ल पनि पुगेका थिए । छोरा योगनरेन्द्र मल्लको राज्याभिषेक भएको दुइ वर्षपछि वि. सं. १७४३ माघमा श्रीनिवासको मृत्यु भयो+ । यसपछि जितामित्र मल्लको काका श्रीनिवास मल्लसंग जो मेलमिलाप थियो, सो उनका छोरा योगनरेन्द्रसंग उही रूपमा रहन सकेन ।

राजा पार्थिवेन्द्र मल्लका पालामा पनि जितामित्रको प्रायः 'काठमाडौंका साथ मेलमिलापै थियो । वि. सं- १७४४ आषाढमा विषप्रयोगद्वारा पार्थिवेन्द्र मल्लको वध भएपछि उनका बालक छोरा भूपालेन्द्रलाई गद्दीमा राखी लक्ष्मीनारायण जोशी हर्ताकर्ता बन्न पुगे । यस काण्डमा जितामित्र मल्लले लक्ष्मीनारायणको पूरा साथ दिएका थिए । आफ्ना राजा पार्थिवेन्द्र मारिंदा हत्याराप्रति बदला लिने उद्देश्यले राजद्वारमा धर्ना कसेका कान्तिपुरे प्रजालाई आश्वासन दिएर शान्त पार्ने, भूपालेन्द्रलाई राज्याभिषेक दिने आदि काम जितामित्रले गरेका थिए ❁। परन्तु जितामित्रले आफ्नो यसरी सहायता गरे तापनि कान्तिपुरको राजकाजमा आफ्नो पूरा अधिकार जमेपछि लक्ष्मीनारायणले थी राजा जितामित्रलाई पनि अंठ्याउने चेष्टा गर्न थाले । यस कामका लागि पहिले लक्ष्मीनारायणले ललितपुरका राजा योगनरेन्द्र-

---

*** श्रीश्रीनिवासनृपतेः कृपयोपलैस्तैरेतागृहा विरचिताश्च विचित्रिताश्च ।**

**(अभिलेखसंग्रह ७ भाग २४ पृष्ठबाट)**

**[श्रीश्रीनिवास राजाका कृपाबाट पाएका ढुङ्गाले एताचोक बनाइयो र सिंगारियो पनि]**

**÷इतिहास-संशोधनको प्रमाणप्रमेय (पहिलो भाग) को २३९-४० पृष्ठ हेर्नुहोस् ।**

**×इतिहास-संशोधनको प्रमाण-प्रमेयको १९८ पृष्ठ हेर्नुहोस् ।**

**+सं. ८०७ माघशुक्ल एकादशी शुक्रवार मृगशिरनक्षत्र थ्व कुन्हु जलया श्री ३ निवास मल्ल जुजु अभाग जुव दिन सति वङ गुह्य दु संखमोरस अग्निसंस्कार ।**

**(ऐतिहासिक घटनावली १८ पृष्ठबाट)**

**[ ने. सं. ८०७ ( वि. सं. १७४३ ) माघशुक्ल एकादशी मृगशिरानक्षत्र शुक्रवारका दिन पाटनका राजा श्री २ श्रीनिवास मल्ल स्वर्ग हुनुभयो । ९ जना सती गए । शंखमूलमा दाहक्रिया भयो । ]**

**❁इतिहास-संशोधनको प्रमाणप्रमेयको २७६, २७८ पृष्ठ हेर्नुहोस् ।**

लाई आफ्नो पक्षमा मिलाए। त्यसपछि भक्तपुरका राजा जितामित्रलाई हामीसंग मिल्ने भए आफ्ना मन्त्री भागिरामलाई खोस्नुहोस् भनी कर लाए। तर त्यस वेला तीन शहरका राजाहरूमा पाको उमेर भएका आफूलाई सुमति ( बुद्धि सप्रेको ) भन्ने राजा जितामित्रले शक्तिशाली पुराना मन्त्री भागिरामलाई बेकसूरमै खोस्न मञ्जूर गरेनन्। लक्ष्मीनारायणको त्यो प्रार्थना विफल भयो। यसरी लक्ष्मीनारायणको सो प्रार्थना भङ्ग भएपछि कान्तिपुर र ललितपुरको संयुक्त सेनाले भक्तपुरलाई घेरा हाल्यो। भक्तपुरको सेनाले त्यस दुइ राज्यको संयुक्त सेनाको मुकाबिला गर्न नसक्ता सो संयुक्तसेनाले भक्तपुरका बासिन्दालाई निकै कष्ट दिन थाल्यो। उता लक्ष्मीनारायणका चरहरूचाहिं दुःख पाएका ती भक्तपुरका बासिन्दालाई खाली भागिरामको लागि यो घेरा परेको हो, भागिरामलाई काठमाडौंमा सुम्पिदिए यो घेरा हट्‌तछ भनी कान भरिदिन लागे। यसरी हामी साराले भागिराम एउटाको लागि दुःख पाउनुपर्‍यो भनी लक्ष्मीनारायणका उपजापले गर्दा भड्किएका केही मानिस राजदरबारमा पुगे। शत्रुको घेराले दुःख पाएका अरू धेरै मानिसको मद्दत पाएको हुँदा त्यस दलले भागिरामलाई समाउन आँटेको थियो। त्यहाँ भागिरामलाई फेला नपारेपछि सो दल भागिरामको घरमा पुग्यो। त्यहाँ पनि भागिरामलाई नभेट्टाएपछि भागिरामको सारा सम्पत्ति लुटी लग्यो, घर भत्काई आगो लाइदियो। भागिरामले भागेर ज्यान जोगाए। पछिबाट सो दल राजदरबारमा पुग्यो र त्यसले राजालाई काठमाडौं जान विवश गरायो।

यसरी प्रजाका एक दलका बलात्कारले तिनैका साथ राजा जितामित्र मल्ल काठमाडौं गए। त्यस वेला काठमाडौंका बाटा खुलेका थिएनन्। त्यसो हो तापनि बलैसंग भक्तपुरका एक दल प्रजाले आफ्ना राजा जितामित्रलाई कान्तिपुरको राजदरबारमा पुऱ्यायो। यसरी भक्तपुरका राजा जितामित्र आफ्ना राजदरबारमा भित्रिएपछि काठमाडौंका राजा भूपालेन्द्रका मन्त्री लक्ष्मीनारायण जोशीले पाटनका राजा योगनरेन्द्र मल्ललाई बोलाउन पठाए। योगनरेन्द्र मल्ल आएपछि कान्तिपुर, भक्तपुर, ललितपुर तीनै शहरका राजाहरू बसी परस्परमा सन्धि गरे। सो सन्धिअनुसार तीनै शहरका बाटा खुले। तर सो सन्धि दीगो हुन सकेन।

सन्धि गर्दा कान्तिपुरले ललितपुरलाई केही जग्गा दिने कबूल गरेको थियो। सो कबूलबमोजिमको जग्गा दिन कान्तिपुरले आनाकानी गरेपछि ललितपुरका राजा योगनरेन्द्र मल्ल रिसाए। त्यसको परिणाम उनले अघि भागेर कल्लेरीमा बस्न पुगेका भक्तपुरका प्रधानमन्त्री भागिरामलाई झिकाए। केही कालपछि जितामित्रसंग कुरा मिलाई भक्तपुर पठाइदिए। जितामित्रले ती भागिरामलाई पूर्ववत् आफ्ना प्रधानमन्त्री बनाए। अघि प्रजाले लुटेका आलमाल पनि हुझेलको फिर्ता गराइदिए। यसपछि वि. सं. १७४६ फाल्गुनमा भक्तपुर र ललितपुरको संयुक्त सेनाले कान्तिपुरमा आक्रमण गर्न पुगेको थियो ×।

वि. सं. १७५२ फाल्गुनमा जितामित्र मल्लले ललितपुरका राजा योगनरेन्द्र मल्लका साथ "अब उप्रान्त हामी दुइका राज्यमा धर्मकर्मका विषयमा राजा वा भारदार कसैले पनि गडबड उठाउन हुँदैन।

---

**× यी घटनाको प्रमाण भाग इतिहास-संशोधनको प्रमाण-प्रमेयको २७७-८२ पृष्ठमा हेर्नुहोस्।**

ललितपुरले गर्नुपर्ने काम ललितपुरले गर्नू, भक्तपुरले गर्नुपर्ने काम भक्तपुरले गर्नू" भन्ने बेहोराको सन्धि गरेका थिए। यस बेहोराको सो सन्धिपत्र अहिलेसम्म पनि भक्तपुर राजदरबारको मूलचोकको उत्तरतिरको दलानको निदालमा टाँसिएको छँदैछ×। यसको लगत्तै वि. सं. १७५३ भाद्रमा राजा जितामित्र मल्ल स्वर्गे भए*। यसपछि उनका छोरा भूपतीन्द्र मल्ल राजा भए। उनलाई उनकी आमा लालमती र काका उग्र मल्लले राजकाजमा सहायता गर्न लागे।

यसरी जितामित्र मल्लको शासनकाल राजकाजको दृष्टिले भक्तपुरको प्रभाव बढाउने खालको छैन। बाबु जगत्प्रकाशले र छोरा भूपतीन्द्रले आफ्ना आफ्ना पालामा कायम गरेको जति भक्तपुरको प्रभाव जितामित्रका पालामा अड्न नसकेको झलक माथिका घटनाले देखाउँछन्। सकभर कान्तिपुर ललितपुरसंग मेलमिलापै राख्ने, स्वयं दाउपेच गर्न नपुग्ने प्रकृति राजा जितामित्रको देखिन्छ। यस ताकाका बढी सामान प्राप्त गर्न सकेमा पछि यस विषयमा बढ्ता प्रकाश पार्न सकिएला।

भक्तपुरको राजदरबारको विभिन्न चोकमा तथा भक्तपुर शहरका अन्य पुण्य स्थलहरूमा डुल्यौं भने राजा जितामित्र मल्ललाई संझाउने प्रशस्त कलाकृतिहरू भेट्टाउँछौं। जितामित्र मल्ललाई चिन्न ती कलाकृतिहरूनिर दृष्टि पुऱ्याउनु आवश्यक छ। जितामित्रले बनाएका भनी प्रख्यात भएका र उनका पालामा लेखिएका ग्रन्थहरूबाट पनि उनको परिचय पाइन्छ। यस कारण जितामित्रका पालाका मन्दिर सालिक पुस्तक इत्यादिको विषयमा अर्को निबन्धमा विचार गरिनेछ।

---

× 'श्रीश्रीसुमति जयजितामित्र मल्लदेव दाजुस्त, श्रीश्रीजययोगनरेन्द्र मल्लदेवसन चोस्यं दुंता भाषा थ्वते, खड्गया खं जुरसां श्री ३ जतलं प्याखनया खं जुरसां आवनलि ग्वह्य राजानं ग्वह्य प्रमाननं कचंगल थनेमदं, कर्म्म यायमालको खप्वन जुरसां यायमालको यायमाल, यलन यायमालको कर्म्म यलन यायमाल, देवया कर्म्म मालको सुनानं फेरफार याङन याङाव तयमदो''

(यो सन्धिपत्रको मूलभाग अभिलेख-संग्रह ११ भागमा छापिएको छ।

ऐतिहासिक-पत्रसंग्रह दोस्रो भागमा व्याख्यासहित यो प्रकाशित हुँदैछ।)

[दाज्यू सुमति (बुद्धि सम्पन्न) श्रीश्रीजयजितामित्र मल्लदेवलाई श्रीश्रीयोगनरेन्द्र मल्लदेवले लेखिदिएको (सन्धिपत्रको) बेहोरा यो हो—

खडगको कुरा भए पनि श्री ३ हरसिद्धिको नाचको कुरा भए पनि अबदेखि कुनै राजाले कुनै भारादारले पनि काँचगल उठाउनु हुँदैन। गर्नुपर्ने विधिमा भक्तपुरले गर्नुपर्ने जति भक्तपुरले गर्नू, ललितपुरले गर्नुपर्ने जति ललितपुरले गर्नू। गर्नुपर्ने जति देवताको विधिमा कसैले फेरफार गर्नु तथा गराउनु हुँदैन।]

* भूपतीन्द्र मल्लका ने. सं. ८१६ (वि. सं. १७५३) का टक पाइन्छन। यिनको एउटा सुकीमा "संवत् ८१६ भाद्र व ११" लेखिएको पाइन्छ। (सत्यमोहन जोशीको 'नेपाली राष्ट्रिय मुद्रा' को ६५ पृष्ठ हेर्नुहोस्)। यताबाट वि. सं. १७५३ भाद्रमा भूपतीन्द्रको राज्याभिषेक भएको बुझिन्छ।

# हनूमान्‌को स्थापना गर्नामा हेतु

—नयराज पन्त

संसारमा विभिन्न स्वभाव, विश्वास र शक्ति भएका मनुष्यहरू हुन्छन्। रोग लाग्नेबित्तिकै केही मनुष्य औषधिको भर पर्छन्, केही मनुष्यचाहिं औषधिको भन्दा झारफुकेको भर पर्छन्। यो चलन अझ पनि छ। ओखतीलाई आजभोलिको परिभाषाअनुसार वैज्ञानिक कुरा भन्ने र झारफुकेलाई अबैज्ञानिक अन्धविश्वास भन्ने चलन आजभोलिका शिक्षित मनुष्यहरूमा फैलिन लागेको देखिन्छ। यो कुरो ठीक हो वा होइन भन्ने विषयमा अहिले म यहाँ बोल्न लागेको छैन। इतिहासलाई बुझ्न तत्‌तत्कालका लोकविश्वाससंग सम्बन्ध राख्ने ग्रन्थ पढ्नु आवश्यक छ भन्ने कुरा देखाउन यो लेख लेख्न म लागेको हुँ।

हाम्रं यता हनूमान्‌का मूर्ति जताततै पाइन्छन्। हाम्रो चोकमा पनि हनूमान्‌को मूर्ति छ। घरबाट हनूमान्‌को पूजा नगरी भात नखाने हाम्रो चलन छ। हनूमान्‌को दर्शन गर्ने स्वभाव बालककालदेखि मेरो बसेको छ। हनूमान्‌लाई सिन्दूर र तेल लाइदिई पूजा गर्ने चलन छ। रामायणको कथा कुन उमेरमा मैले जानें, मलाई संझना छैन। हनूमान् भनेका रामचन्द्रका ठूला सहायक हुन् भन्ने कुरा मैले बालककालदेखि जानेको हो।

वि.सं. २०१८ देखि "अभिलेख-संग्रह" प्रकाश हुन लाग्यो। सो संग्रहको तेस्रो भागमा काठमाडौंका प्रसिद्ध राजा प्रताप मल्लले वि. सं. १७२६ मा स्थापना गरिएका हनूमान्‌को अभिलेख छापिएको छ। प्रताप मल्लले स्थापना गरिएका एउटा हनूमान् हनूमान् ढोका दरबारको ढोकामा र अर्काचाहिं ठूलो घण्टा-अगाडि छन्। ती दुवै हनूमान्‌का अभिलेख एउटै बेहोराका छन्। खाली एक पदमा मात्र पाठान्तर छ। अभिलेख यस प्रकारको छ—

"ओं स्वस्ति ॥ शस्त्रशास्त्रसंगीतादिसकलविद्यापारग महाराजाधिराज नेपालेश्वर विदग्धचूडामणि सकलराजचक्राधीश्वर श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्ल परमभट्टारक देवन थ्व हनूमान् स्थापन याङा जुरो। विषमसंग्रामशत्रुसंहारणरणे जयति गृहे रक्षति ॥ सम्वत् ७९२ वैशाखमासे कृष्णपक्षे ॥ एकादशी प्र.द्वादशी रेवतीनक्षत्र आयुष्मानयोग सोमवार कुन्हु ॥ शुभमस्तु सर्व्वदाकाल॥"

[ओं कल्याण होओस्। हतियार चलाउनु, शास्त्र पढ्नु, गाना गर्नु आदि सबै विद्यामा पारङ्गत भएका महाराजाधिराज नेपालका मालिक, खूप चतुरा, सारा राजाहरूका मालिक, श्रीश्री ठूला राजा कविशिरोमणि, जयप्रताप मल्ल परमभट्टारक देवले यी हनूमान् स्थापना गर्नुभयो। यी हनूमान्‌ले डरलाग्दो लडाइँमा शत्रुको नाश गरीकन लडाइँ जिताइदिन्छन्, घरमा रक्षा गरिदिन्छन्।

ने. सं. ७९२ (वि. सं. १७२६) वैशाखकृष्ण एकादशी उप्रान्त द्वादशी रेवतीनक्षत्र आयुष्मान् योग सोमवारको दिन। सधैं कल्याण होओस्।]

"अभिलेख—संग्रह" को चारौं भागमा चाहिं भक्तपुरका राजा भूपतीन्द्र मल्लले भक्तपुर दरबारमा वि. सं. १७५४ मा स्थापना गरिएका हनूमान्‌को अभिलेख छापिएको छ। सो यस प्रकारको छ—

ओं पारावारविलंघनो दशमुखस्यानन्दविध्वंसनो
लंकादेशबिदाहको रघुपतेराज्ञाकरः सर्व्वदा।
शी(सी)ताहर्षप्रदायको ह्यु पवने संत्रासनो रक्षसां
पायाद् भूपपुरन्दरं रघुकुलोद्भूतं हनूमानयं॥

ओं स्वस्ति॥ श्री २ जयभूपतीन्द्र मल्ल देवसन, थ्व हनूमानमूर्ति दयका जुरों॥ सम्वत् ८१८ फाल्गुण शुदि ९॥"

[ओं, समुद्र नाघ्ने, रावणको सुखलाई नाश पार्ने, लङ्का पोल्ने, रामचन्द्रले भनेको सधैं मान्ने, सीता-लाई खुशी पार्ने बगैंचामा राक्षसहरूलाई तर्साउने यी हनूमानले रघुवंशी भूपतीन्द्रलाई रक्षा गरून्।

ओं कल्याण होओस्॥ श्री २ जयभूपतीन्द्र मल्लदेवले हनूमान्‌को यो मूर्ति बनाउनुभयो। ने. सं. ८१८ (वि सं. १७५४) फाल्गुन शुक्ल नवमी।]

पाटनमा पनि हनूमान्‌को मूर्ति छ। त्यहाँको अभिलेखचाहिं हामीले खोजी गरी ल्याउन सकेका छैनौं ×।

गोरखाका राजा पृथ्वीपति शाहले पनि हनूमान् स्थापना गरेका थिए भन्ने कुरा गोरखावंशावली ७१ पृष्ठमा लेखिएको छ।

यसरी प्रतिद्वन्द्वी चारै राज्यका राजाले हनूमान् थाप्नु एक चाखलाग्दो कुरो छ। पूर्व पश्चिमका अरू राजाहरूले पनि आफ्नो आफ्नो दरबारमा हनूमान्‌को मूर्ति स्थापना गरेका होलान्। साधनहीन भएका वा कूपमण्डक भएका हामीले अहिलेसम्म त्यस विषयको प्रामाणिक ज्ञान पाउन सकेका छैनौं।

स्वरशास्त्र युद्धविद्याको एक अङ्ग हो भन्ने हाम्रो यहाँको विश्वास छ। मेरा मातामहले आफ्ना पिताबाट स्वरशास्त्रको समरसारनामक ग्रन्थ पढ्नुभएको थियो। मलाई पनि सो पुस्तक मातामहले पढा-उनुभएको थियो। यस कारण स्वरशास्त्रको अलिकता सामान्यज्ञान मैले पाएको हुँ।

नरपतिजयचर्या स्वरशास्त्रको प्रामाणिक ग्रन्थ मानिएको छ। त्यसबाट हनूमान्‌विषयका केही कुराको उद्धरण यहाँ गरिन्छ—

सार्धहस्तत्रयं श्वेतं शेष तत्र प्रदापयेत्।
हरिद्राहरितालेन शैलेयसंयुतेन वा ॥५॥

---

×भाषावंशावलीमा सो हनूमान् सिद्धिनरसिंह मल्लले राखिएका हुन् भनी लेखिएको छ—
"सिद्धिनरसिंह यिनै राजाले अधिकाभन्दा सुन्दर गरी दर्बार बढाई बनाया. सुनका ढोका बनाई राखिदिया। दर्बाजाका दाहिनाबाट नरसिंह, पञ्चमुखी गणेश, हनूमान् स्थापना गरिदिया।"

लिखेद्धनूमतो रूपं पञ्चद्व्यङ्गुलमानकम् ।
दीर्घदन्तं करालाङ्गं दीर्घबाहुनखान्वितम् ॥६॥
वामहस्ते ध्वजं कुर्याद् दक्षिणे मेरुपर्वतम् ।
बद्धक्रमं महारौद्रं जिह्वालाङ्गूललोलितम् ॥७॥
रक्तवस्त्रं सकौपीनं शिखामुकुटधारिणम् ।
हृत्पद्मे विन्यसेत्तस्य निजनाथस्य नामकम् ॥८॥
हनूमतो लिखेत् तत्र मूलमन्त्रं दलाष्टके ।
मालामन्त्रेण तद्बाह्ये सव्यमार्गेण वेष्टयेत् ॥९॥
...काष्ठपाषाणधातूनां पूजार्थं निर्मितापि च ।
प्रतिष्ठा क्रियते तत्र देशे ग्रामे पुरेऽपि वा ॥२०॥
न दुर्भिक्षं भवेत्तत्र न च व्याधिभयं भवेत् ।
परचक्रागमो नैव व्याधिभिश्च न पीड्यते ॥२१॥
न पतत्यशनिस्तत्र न च रोगभयं भवेत् ।
डाकिनी भूतवेतालाः पिशाचोरगराक्षसाः ॥२२॥
हनूमतः प्रभावेण विषपीडा न जायते ।
हनूमतः पताकेयं गजाश्वोपरि संस्थिता ॥२३॥
धारिता सा प्रयत्नेन रिपुसैन्यस्य सन्मुखी ।
हनूमतः पताकेयं गजाश्वादीन् पराक्रमेत् ॥२४॥
तस्या दर्शनमात्रेण व्याकुलीभूतमानसाः ।
नश्यन्ति रिपवस्तस्य सिंहस्येव यथा मृगाः ॥२५॥

[नरपतिजयचर्याको हनूमद्विधिबाट]

[ साढे ३ हातको सेतो कपडामा हलेदो हरितालको अथवा हलेदो हरिताल शिलाजीतको मसीले २५ अंगुल अग्ला, लामा दाँत भएका, डरलाग्दो जीउ भएका, लामा हात र लामा नङ भएका, हिंड्न लागेका, असाध्य डरलाग्दा, जिभ्रो र पुच्छर हल्लाइरहेका, रातो लुगा लाएका, लगौंटी लाएका, जटा-मुकुट भएका, बायाँ हातमा झण्डा लिएका, दायाँ हातले सुमेरु पर्वत बोकेका हनूमान् लेख्नू । हनूमान्को छातीमा आफ्ना मालिकको नाउँ लेख्नू । त्यहाँ अष्टदलमा हनूमान्को मूलमन्त्र लेख्नू । त्यसको बाहिरपट्टि सव्य पारी मालामन्त्र लेख्नू । पूजा गर्नाको निमित्त काठको, ढुङ्गाको, धातुको जेको भए तापनि हनूमान्को मूर्ति बनाई देशमा, शहरमा, गाउँमा स्थापना गऱ्यो भने त्यस ठाउँमा अनिकाल पर्दैन, रोगको डर हुँदैन, शत्रु आउन सक्तैन, वज्र पनि त्यहाँ पर्दैन, बोक्सी, भूत, वेताल, पिशाच सर्प, राक्षसहरूको डर हुँदैन । हनूमान्जीको प्रभावले विष पनि लाग्दैन । हनूमान्को मूर्ति भएको यो निशान हात्ती घोडामा चढाईकन कोशिश गरी शत्रुको फौजको अगाडि राख्यो भने अरू हात्ती घोडा-लाई हराइदिन्छ । त्यो निशानलाई देख्नेबित्तिकै छटपटी भएर सिंहलाई देखेर मृगहरू जसरी भाग्छन् ,

त्यसै गरी शत्रुहरू भाग्छन् ।]

नरपतिजयचर्या मल्लकालमा नेपालखाल्डोमा प्रामाणिक ग्रन्थ मानिएको थियो भन्ने कुरा भादगाउँका प्रसिद्ध राजा जगज्ज्योति मल्लको नाउँमा दर्ता भएको वि. सं. १६७४ मा लेखिएको सो ग्रन्थको 'स्वरोदयदीपिका' नामको टीकाले सिद्ध गर्दछ + ।

स्वरशास्त्रको प्रामाणिक ज्ञान ल्याउन मल्ल राजाहरू अत्यन्त उत्सुक थिए भन्ने कुरा राष्ट्रिय पुस्तकालयमा रहेको एउटा लेखबाट सिद्ध हुँदो रहेछ भन्ने कुरा नानी भोलानाथ पौडेलले मलाई भनेका थिए। सो लेख भोलानाथले यहाँ ल्याई अनुवादसहित जोडिदिएका छन्। सो यस प्रकारको छ–

"इति नरपतिजयचर्यायां स्वरोदयः संपूर्णः ।। श्रीभक्तपट्टनस श्रीश्रीजयजगज्ज्योतिर्म्मल्लदेव प्रभु ठाकुरसन सम्वत् ७१६ निस्यं स्वरोदय अतिलयन सेङा. नेपाल स्वरोदय गनाङ गाक मदु. सम्वत् ७३२ स, सरयूपारया, श्रीशिवराम तिवारीयाके स्यङा थ्वयाकेङ संपूर्णन मगाक, थना नेपालस, तिरहुतिस, काशिस, दाम विस्य, जन छोस्य, अनेग प्रकारण खोजरपा, लिथे श्रीवंशमणि उभा छोयाव, तिरहुतिस, बहेड़ा धाया गामस श्रीकृष्ण उभायाके मगाक खङान, मसको सेङान सम्वत् ७३७स, थ्व स्वरोदय सम्पूर्णन चोया, …

---

+स्वरोदयाख्यं सगुणं पुस्तकं व्यस्तदूषणम् ।  
धर्मार्थकाममोक्षाणां साधनं शत्रुबाधनम् ॥  
नेपालेऽस्मिन् दुर्लभं यत्पुरासीन्  
नान्यैर्दृष्टं नैव चाकर्णितं वा ॥  
अध्येतव्यं सर्वथा चिन्तनीयं  
पुत्रप्रीत्या पालनीयं भवद्भिः ॥

शाके १५३९…ज्येष्ठशुक्ल चतुर्दशी शनौ … महाराजश्रीश्रीजगज्ज्योतिर्मल्लनिदेशमासाद्य श्रीवंशमणिशर्मा व्यलेखीदिदं पुस्तकम् ।

[ वीरपुस्तकालयको प. ११८६ संख्याको नरपतिजयचर्यास्वरोदयदीपिका टीकाबाट । यो भाग वीरपुस्तकालयबाट प्रकाशित बृहत्सूचीपत्र पहिलो भागको ११०–११२ पृष्ठमा छापिएको छ। ]

(गुण भएको, दोष नभएको, धर्म अर्थ काम मोक्षको साधन भएको, शत्रुलाई पिर्ने स्वरोदय भन्ने यो पुस्तक नेपालमा पहिले पाइँदैनथ्यो। यो पुस्तकलाई अरूहरूले देखेका पनि थिएनन्, यो पुस्तकको नाउँ पनि सुनेका थिएनन्। यो पुस्तक तपाइँहरूले पढ्नुपर्छ, सबै तरहले विचार गरी छोरा जस्तो गरी यो पुस्तकको रक्षा गर्नु पर्दछ।

शाके १५३९ (वि. सं. १६७४) ज्येष्ठशुक्ल चतुर्दशी शनिवारको दिन…महाराज श्री ५ जगज्ज्योति मल्लको हुकूम पाएर श्रीवंशमणि शर्माले यो पुस्तक लेखे।)

थ्वतेया टीकां सम्पूर्ण्णंन खङा, थेंस संदेह मदयकं नेपाल भाखान, पिकास्य तया, … थथिङाङ वस्तु सदाङ सेनेमाल अभ्यास यायमाल"

(राष्ट्रिय पुस्तकालयको ५८२ संख्याको पुस्तकबाट)

[ नरपतिजयचर्यामा स्वरोदय सम्पूर्ण भयो । श्रीभक्तपुरमा श्रीश्रीजयजगज्ज्योति मल्लदेव प्रभु ठाकुरले ने. सं. ७१६ (वि. स. १६५६) देखि नै स्वरोदय शास्त्र खूप मिहिनेत गरी पढ्नुभयो । नेपालमा कतै पनि स्वरोदय सम्पूर्ण प्रति पाइएन । ने. सं ७३२ ( वि. सं. १६६६ ) देखि सरयूपारका श्रीशिवराम तिवारीसँग ( जगज्ज्योति मल्लले ) पढ्नुभयो । उनले देखाएको प्रति पनि सम्पूर्ण थिएन । नेपालमा तिरहुतमा, काशीमा खर्चसाथ मानिस पठाई अनेक उपायले खोजी गरियो । पछि वंगमणि अ भ्कालाई पठाई तिरहुतको बहेडा भन्ने गाउँमा श्रीकृष्ण ओझाको घरमा अपूरो भाग सम्पूर्ण देखेपछि नबुझेको जति सिकी ने. स. ७३७ (वि. सं. १६७४) मा यो स्वरोदय शास्त्र संपूर्ण लेखियो । यसको संपूर्ण टीका हेरी यसमा सन्देह नहोओस् भनो यसको नेपालभाषा (नेवारी भाषा)मा अनुवाद गरियो यस्तो कुरा सँधै सिक्नुपर्छ, अभ्यास गर्नुपर्छ । ]

सबै तरहबाट आफ्नो रक्षा गर्नु र लडाइँमा शत्रुलाई हराउनु नै मुख्य उद्देश्य राखी हनूमानको स्थापना भएको हो भन्ने कुरा प्रताप मल्लको अभिलेखबाट र नरपतिजयचर्याबाट स्पष्ट भएको छ ।

यस कारण स्वरशास्त्रको विषयमा उनताकाका राजाहरू विश्वास राख्थे र त्यसैअनुसार उनीहरूले हनूमान् स्थापना गरेका हुन् । आफ्नो झण्डामा हनूमान् राख्नाको ÷ पनि मल्लराजाहरूको उद्देश्य यही थियो भन्ने कुरा स्पष्ट हुन्छ ।

—⊙—

# कर्षको अर्थ

—शङ्करमान राजवंशी

कर्षको व्यवहार आजभोलि चलनचल्तीमा छैन । तर मल्लकालमा सो कर्षको व्यवहार चलेको थियो भन्ने कुरा शिलापत्र तामापत्रहरूबाट थाहा हुन्छ । जस्तै—

श्रेयोऽस्तु ॥ सम्वत् ६०० माघशुक्लनवम्यायां श्रीयंवुङ्मायां श्रीगङ्गुलंगे श्रीह्मा… नकछेलिविछेगृहाधिवाशीन माताेङ्ग्रधनकस्य नाम्ना सकासात् श्रीवतुतोलके यितपले ह्मलवहाराविवासीन पुत्ररयनबन्दकस्य नाम्ना स्वकीयं स्वभुजयमानिव … निआलबाटिका

÷ मल्ल राजाहरूको प्रशस्तिमा 'हनूमद्ध्वज' ( झण्डामा हनूमान् भएका ) भन्ने पद रहन्थ्यो ।

नामप्रदेशे ॥ धारनकसकस्य वाटिकायां पश्चिमत: श्रीश्रीराजभूमेन उत्तरत दक्षिणत देवर्तं प्रथमदंगुलिकस्य वाटिकायां पूर्वत एतेषां मध्ये मेककर्षक अंके च वलकर्ष १ तस्य देशकाल सप्रवर्तमानसंचारार्घे सुवर्णमुल्यमादाय स्वादिनानवर्तीकन्यायेन क्रिविक्रीतम्भवति ॥

(संशोधनमण्डलको संग्रहमा रहेको ताडपत्रको नक्कलबाट)

[कल्याण हास् । ने. सं. ६०० (वि सं. १५३६) माघशुक्ल नवमीमा श्रीयंबुब्र मा गांगुल (कान्तिपुर) मा श्रीब्रह्म नकछे लिविछे घरमा बस्ने मातङ्गधनले वटुटोलको यितिफले न्हालबहाल (न्हुवहाल) मा बस्ने पुत्ररथन बाँडालाई आफ्नो भोगको ··· निआलबाटिका (वारी)निर विक्रेताको वारीदेखि पश्चिम श्रीश्रीराजभूमिदेखि उत्तर दक्षिण देवर्तप्रथम डंगोलको वारीदेखि पूर्व यति ४ किल्ला-भित्रको वल कर्ष एक १ देशकालको चलनचल्तीअनुसार ठीक मोल लिई आफ्नो हकको न्यायअनुसार बेचबिखन गर्न पाउने गरी बेचिएको हो । ]

यस ताडपत्रबाट वि. सं. १५३६ मा कर्षको व्यवहार खेतको नापोको विषयमा प्रयोग भएको कुरो स्पष्ट छ । वि सं- १५३६ मा नेपाल उपत्यकामा यक्ष मल्ल राजा थिए । यसरी यक्ष मल्लका पालामा पनि कर्ष भनेर खेतको नापोको विषयमा प्रयोग गर्ने चलन चलिसकेको रहेछ भन्ने देखिन्छ । तर त्यसको अर्थ के हो त भन्ने कुराको लागि आजकालको कुनै गणितको पुस्तकमा पनि कर्षको परिभाषा लेखिएको पाइँदैन । प्राचीन गणितमा प्रसिद्ध पुस्तक भास्कराचार्यको लीलावती हो । त्यसमा पुराना परिभाषाहरू दिइएका छन् । कर्षको विषयमा चाहिं यस्तो लेखिएको छ—

दशार्द्धगुञ्जं प्रवदन्ति माषं
माषैस्तथा षोडशभिश्च कर्षम् ।
कर्षैश्चतुर्भिश्च पलं तुलाज्ञाः
कर्षं सुवर्णस्य सुवर्णसंज्ञम् ॥

(परिभाषाप्रकरणको ४ श्लोक)

( ५ लालको १ मासा, १६ मासाको १ कर्ष, ४ कर्षको १ पल हुन्छ । तुलाविशेषज्ञहरूले १ कर्ष सुनलाई सुवर्ण पनि भन्दछन् )

लीलावतीमा दिइएको कर्षको यस परिभाषाले तौलको विषयमा प्रयोग भएको कुरालाई बुझाएको स्पष्ट छ । त्यसैले यस पुस्तकबाट पनि मल्लकालको जमीनको नापोको विषयमा प्रयोग भएको कर्षको अर्थ गर्नमा कुनै मद्दत नआएको स्पष्ट भयो ।

कर्ष भनेको जोत्नु हो । त्यस कारण एक हलोले एक दिनभरिमा जोतिसक्ने खेतलाई कर्ष भन्दछन् भनी कोही कल्पना गर्दछन् । तर यस किसिमको कल्पनाबाट पनि कुनै ठीक नापो निस्कन सक्तैन । यसरी मल्लकालको कर्षको अर्थ गर्न नसकेर इतिहासकारहरू अलमल्ल परिरहेका छन् । यस्ता पारिभाषिक शब्दको अर्थ गर्नुपर्ने विषय धेरै छन् । वास्तव तथा प्रामाणिक इतिहास बनाउनाका लागि त्यस्ता शब्दको अर्थ गरी गाँठो फुकाउनु अत्यन्त आवश्यक परिरहेको छ ।

अहिले अनुसन्धान गरी प्राप्त भएका सामग्रीहरूबाट सो कर्षको अर्थ खुल्न आएको छ। एक ताडपत्रमा परेको कर्षविषयको लेख यस प्रकारको छ—

सम्वत् ७९० मार्गशिलकृष्णएकादश्यां तिथौ…ग्राह(क) मोहोनभारोकस्य नाम्न स्यकाशात्… धार्ण्णक गंगाराम भाँरोकस्य नाम्ना स्वकीयं…इपदोलक्षेत्रनाम रुङकं तत्क्षेत्राङ्क सार्द्ध द्विरोपनिकं रोप नस्य २ कर्ष नस्य २ तत्क्षेत्र सुवर्णमूल्यमादाय…विक्रीयतं भवति ॥

÷(ताडपत्रको तमसुकको नक्कलबाट)

[ने. सं. ७९० (वि. सं. १७२६) मार्गकृष्ण एकादशीका दिन ग्राहक मोहन भारोलाई विक्रेता गंगाराम भारोले आफ्नो इपदोलखेत साढे २ रोपनी अर्थात् रोपनी २ कर्ष २ सुवर्णमूल्य लिई बेचिदिएको हो।]

गंगाराम भारोले गरिदिएको यस तमसुकलेखमा संस्कृतभागमा साढे २ रोपनी भनी लेखिएको र नेवारी भागमा चाहिँ रोपनी २ कर्ष २ भनी लेखिएको स्पष्ट छ।

अर्को एक ताम्रपत्रमा परेको कर्षविषयको लेख यस प्रकारको छ —

एतन्मध्ये सिजलबाधक्षेत्रसञ्ज्ञकं तस्य क्षेत्राङ्क सार्धसप्तरोपणिकं रोव ह्नस ७ कर्ष नस २

[संशोधनमण्डलको संग्रहमा रहेको भक्तपुर तलेजुचोकको रणजित्मल्लकी आमा विश्वलक्ष्मीले राखेको ने. सं. ८४२ (वि. सं. १७७९) को ताम्रपत्रको प्रतिलिपिबाट।]

[यतिमध्ये सिजलबाधखेत साढे ७ रोपनी अर्थात् रोपनी ७ कर्ष २]

यस ताम्रपत्राभिलेखमा संस्कृतमा साढे ७ रोपनी भनी लेखिएको र नेवारीमा रोपनी ७ कर्ष २ भनी लेखिएको स्पष्ट छ।

अर्को एक शिलालेखमा परेको कर्षविषयको लेख यस प्रकारको छ—

प्रासादजीर्ण्णोद्धारे कृत्यर्थं बाथरि क्षेत्राद्धरोपनिकं शिवदासेन संप्रदत्तमिति ॥ अथ नेपालभाषा शिवभारो पार्वती नेह्मनं वाथरि बु कर्ष २ दुता सम्वत् ८६० ज्येष्ठशुदि ४ बृहस्पतिवार.

❁(भ. पु. इताछे टोल बाटोको शिलालेखबाट)

[मन्दिर जीर्णोद्धार गर्न शिवदासले आधा रोपनी बाथरी भन्ने खेत राखिदिए। अब नेवारी भाषामा— शिव भारो र पार्वती दुइ जनाले बाथरी भन्ने खेत २ कर्ष राखिदिए। ने. सं. ८६० (वि. सं १७९७) ज्येष्ठशुक्ल ४ बृहस्पतिवार।]

---

÷यो ताडपत्र काठमाडौं अदालत दोस्राबाट वीरपुस्तकालयमा उल्था गर्न पठाइएको हो।

❁ यो शिलालेखको सारांश वीरपुस्तकालयबाट प्रकाशित भक्तपुर शिलालेख सूचीको ८२ पृष्ठमा परेको छ।

शिवदासले राखेको यस अभिलेखमा संस्कृतभागमा आधा रोपनी भनी लेखिएको र नेवारीभागमा चाहिँ २ कर्ष भनी लेखिएको छ ।

यी प्रमाणहरूबाट आधा रोपनी बराबर २ कर्ष रहेछ भन्ने कुरो स्पष्ट हुन्छ । त्यस कारण मल्लकालमा खेतको नापोको विषयमा ४ कर्षको १ रोपनी भनी व्यवहार गरिएको थियो भन्ने थाहा हुन्छ । तब कर्षको अर्थ ¼ रोपनी (एक मुरी माटो) भन्ने सिद्ध हुन्छ ।

—०

## नेवारी भाषामा फारसी अरबी आदि मुसलमानी भाषाको प्रभाव

—गौतमवज्र वज्राचार्य

मध्यकालमा खडा भएका नेपाल-उपत्यकाका तीनै राज्यले नेवारी भाषालाई आफ्नो आफ्नो देशभाषाको रूपमा ग्रहण गरेको देखिन्छ । योभन्दा अघि पनि यहाँको मध्यकालको इतिहासमा नेवारी भाषाको ठूलो स्थान थियो भन्ने कुरा ऐतिहासिक अभिलेखहरूको अध्ययनबाट ज्ञात हुन्छ । मध्यकालका नेपाल उपत्यकाका धेरैजसा ऐतिहासिक सामानहरू नेवारी भाषामा लेखिएका पाइन्छन् । यसो हुँदा नेपाल उपत्यकाको मध्यकालको इतिहास तयार पार्न नेवारी भाषाको अध्ययन अत्यावश्यक हुन आउँछ ।

जुनसुकै भाषामा पनि विभिन्न भाषाको प्रभाव परेको हुन्छ । आफूभन्दा सम्पन्न परिवारको भाषा यद्वा आफ्नो नगीचको संपर्कमा आएको भाषासँग सापट लिनु वा दिनु भाषाको स्वभाव हुन्छ । नगीचको संपर्कबाट भएको परिवर्तनमा आदान प्रदान दुवै भएको देखिन्छ । तर आफूभन्दा संपन्न परिवारको भाषादेखि प्रभावित भएर हुन गएको परिवर्तनमा यस्तो भएको देखिँदैन । भाषाको यही स्वाभाविक प्रवृत्तिअनुसार नेवारी भाषाको पनि विभिन्न भाषासंग विभिन्न सम्बन्ध देखिन्छ । प्रस्तुत निबन्धमा चाहिं नेवारी भाषामा फारसी अरबी आदि मुसलमानी भाषाको कसरी प्रभाव पर्‍यो भन्ने विषयमा चर्चा गरिएको छ ।

आजभोलि धेरैजसा व्यक्तिहरू अंग्रेजी भाषा पढेर आफूलाई शिक्षित सम्झन्छन् । तिनीहरूलाई अंग्रेजी रहनसहन राम्रो लाग्छ । अंग्रेजीमा सही गर्ने वा अंग्रेजी शब्द घुसाएर बोल्ने उनीहरूको बानी हुन्छ । यी सबैको कारण भारतमा जमेको अंग्रेजी साम्राज्यको प्रभाव हो ।

जुन वेला हाम्रो यहाँ मल्ल राजाहरू राज्य गरिरहेका थिए, त्यस वेला भारतमा

मुगलहरूको विशाल साम्राज्य थियो । यस कारण त्यस ताकाका मल्ल राजाहरूमा मुगल-साम्राज्यको प्रभाव पर्नु स्वाभाविक थियो । फलस्वरूप ती मल्ल राजाहरूको रहनसहनमा परिवर्तन आयो । मुगल बादशाहका वेषभूषाको अनुकरण गरी तिनीहरू रहन लागे । यो कुरा त्यस ताकाका राजाहरूका तस्वीर अथवा प्रतिमा हेरेको खण्डमा प्रत्यक्ष देखिन्छ । उदाहरणको लागि कान्तिपुरका राजा प्रताप मल्लको स्तम्भमाथि रहेको यद्वा रानीपोखरीको हात्तीमा चढेको मूर्त्ति, भक्तपुरका राजा भूपतीन्द्र मल्ल तथा ललितपुरका राजा योगनरेन्द्र मल्लको स्तम्भको मूर्तिलाई प्रस्तुत गर्न सकिन्छ । त्यस ताकाका मल्ल राजाहरूका मुगलसम्राट्हरूले जस्तै जामा पगरी लाएका रङ्गीन चित्रहरू पनि पाइन्छन् । कान्तिपुर हनूमान्ढोकाभित्र रहेका मल्ल राजाहरूको विभिन्न अवस्थालाई बुझाउने भित्तिचित्रहरूका दृश्यहरूबाट पनि मुगलबादशाहरूको वेषभूषाको प्रभाव यी मल्ल राजाहरूमा कसरी परेको रहेछ भन्ने अनुमान गर्न सकिन्छ ।

वेषभूषा रहनसहनसँगसँगै मुगलहरूको राजभाषाको रूपमा रहेको फारसी आदि मुसलमानी भाषाको प्रभाव पनि मल्ल राजाहरूमा विस्तारै पर्न थाल्यो । विशेष गरेर राजकाजसँग संबन्ध राख्ने शब्दहरूले फारसी आदि भाषाबाट नेवारीमा प्रवेश पाए । विचारार्थ फारसी आदि मुसलमानी भाषाका शब्द* परेका अभिलेखको केही उद्धरण यहाँ दिइन्छन्–

"श्री ३ परमेश्वरी पूजायात निमित्तन कुचुपोया जगातया दामदक्कन मेसमालक्क दयकं श्री ३ परमेश्वरीसके दोहलपे मालकं दुन्ता जुरो ।"

(अभिलेख–संग्रह ६ भागमा प्रकाशित वि. स. १७२३ को श्रीनिवासको मूलचोकमा रहेको सुवर्णपत्राभिलेखबाट)

[श्री ३ परमेश्वरीको पूजाको लागि कुचुपोको जगात (कर)बाट उठेको जम्मै पैसाद्वारा चाहिने जति राँगो श्री ३ परमेश्वरीलाई चढाउनुपर्ने गरी बन्दोवस्त बाँधियो ।]

यहाँ प्रयोग भएको 'जगात', शब्द अरबी 'जकात' शब्दबाट आएको हो । नेवारी भाषामा यो शब्द अहिले पनि रहिरहेकै छ । घण्टाकर्ण चतुर्दशीको दिनमा बाटा बाटामा बसी 'घण्टाकर्णको जगा' भनेर केटाहरूले कराएको सबैले सुनेकै होला ।

"थथ्य...मयातसा श्री ३ बुंग इष्टदेवया कुदृष्टि श्रीश्रीथाकुरया गुणागाहार जुरो"

(अभिलेख-संग्रह १० भागमा प्रकाशित राता मछिन्द्रको देवलभित्रको वि. सं. १७२९ को श्रीनिवास मल्लको अभिलेखबाट)

[यसो गरेन भने श्री ३ बुङ्गमती इष्टदेवता (राता मछिन्द्र) को कुदृष्टि श्रीश्रीराजाको गुणागाहार (अपराधी) ठहरियो ।]

*यस निबन्धमा परेका मुसलमानी भाषाका शब्दका अर्थ रामचन्द्र वर्माको देवनागरी उर्दू-हिन्दीकोशको आधारमा लेखिएका हुन् ।

यो 'गुणागाहार' शब्द फारसी 'गुनाहगार' शब्दको अपभ्रंश हो। फारसीमा 'गुनाह' शब्दको अर्थ दोष, अपराध भन्ने हुन्छ 'गार' शब्दको अर्थ गर्ने भन्ने हुन्छ।

'श्रीश्रीराजापनिस्यन जुरसां प्रजापनि मुमारकं अति दुख बीयमदो. मुमारकं फछिन दुख बिरसा प्रजापनिस्यन फिराद यायमार'

(माथिकै अभिलेखबाट)

[ राजाहरूले पनि दुनियाँहरूलाई ज्यादा दुख दिनुहुँदैन, बिनसित्ति दुख दिए भने दुनियाँहरूले पनि फिराद (बिन्ति) गर्नुपर्‍यो।]

फारसीमा 'फरियाद' शब्दको अर्थ दुःखबाट बचाउनाको लागि गरिने प्रार्थना भन्ने हुन्छ। यस कारण यहां प्रयोग भएको 'फिराद, शब्द 'फरियाद' शब्दको विकृत रूप हो भन्ने स्पष्ट देखिन्छ।

'सं. ८०४ कार्तिकशुक्ल। अष्टमी बुधवार थ्वकुन्हुया रात्रीस चिकुति भाजुपनि भोंछि बिस्यवङ पेन्हुकुन्हु बुधंसिह धाया गामसं चोनवन। खस्तो उमराव भिक्र नाप वङ'"

(ठ्यासफुबाट। यो अंश इतिहास-संशोधनको प्रमाण-प्रमेयको २४३ पृष्ठमा प्रकाशित भएको छ।)

[ ने. सं ८०४ (वि. सं. १७४०) कार्तिकशुक्ल अष्टमी बुधवारका दिन राति सपरिवार चिकुटि पाटनमा भागे, चार दिनपछि बुधंसिह भन्ने गाउँमा बस्न गए। खसहरू उमराव भिक्रहरू पनि संगै गए।]

यहाँ प्रयोग भएको यो उमराव शब्द अरबी उमरा शब्दको अपभ्रंश हो। अरबीमा अमीर शब्दको बहुवचनमा उमरा हुन्छ। जसको अर्थ अधिकारसंपन्न पुरुष भन्ने हुन्छ।

" थ्वते ग्वह्म राजानं ग्वह्म राजाया वंशनं ग्वह्म काजिनं ग्वह्म राणीनं मेव सुनानं महादेव ओझाया, वंश दुकालसा श्रीश्रीश्रीतलेजुमाजुया कुदृष्टि राक जुरो"

(इतिहास-संशोधनको प्रमाण-प्रमेयको २४३-२४४ पृष्ठमा प्रकाशित वि. सं. १७५५ मा योगनरेन्द्र मल्ल, भूपालेन्द्र मल्ल, भूपतीन्द्र मल्ल तीन जना मिली राखेको पाटनको राजदरबारको ताम्रपत्रबाट)

[यस कारण कुनै राजाले कुनै राजाको वंशले कुनै काजीले कुनै रानीले (वा) अरू कसैले महादेव ओझाको वंशलाई भित्र पस्न दिए भने श्रीश्रीश्रीतलेजु माईको कुदृष्टि (तिनीहरूमा) परोस्।]

'काजी' शब्द अरबी हो। जसको अर्थ मुसलमानको धर्म तथा रीतिनीतिअनुसार न्यायको व्यवस्था मिलाउने अधिकारी भन्ने हुन्छ। 'काजी' शब्द जस्तै अरू पनि पदविशेषलाई बुझाउने शब्द हाम्रो यता धेरै पसेका छन्। तर अवस्थाभेदले गर्दा भिन्न भिन्न ठाउँमा तिनको अर्थ भिन्नाभिन्न हुन्छ। यस कारण यहाँ 'काजी' भन्नाले मन्त्री भन्ने अर्थ गर्नुपर्छ।

"दरबाजास हनूमान पूजा याय"

(अभिलेख-संग्रहको ४ भाग प्रकाशित भूपतीन्द्रमल्लको मालतीचोकको वि. सं. १७५४ को अभिलेखबाट)

[ढोकामा हनूमान्‌लाई पूजा गर्नू]

फारसी 'दरवाजः' को अपभ्रंश दरबाजा हो।

" थो जगा हिलाव लूमनु तपसिल"

(इतिहास-संशोधनको प्रमाणप्रमेयको १८३-१८५ पृष्ठमा प्रकाशित महीन्द्रसिंह (भास्करमल्ल) ले गरिदिएको वि. स. १७१७ को ल. पु. इ विसँखु भालुटार बस्ने कृष्णप्रसाद पोखरेलसँग रहेको कागतबाट)

[यो जगा सुकीविक्री गर्दा साक्षी बस्ने मानिसको तपसील]

यहाँ परेका 'जगा' र 'तपसील' शब्द क्रमशः फारसी 'जायगाह' र अरबी 'तपसील' को अपभ्रंश हुन्। जायगाहको अर्थ स्थल भन्ने हुन्छ, तपसील शब्दको अर्थ विस्तृत वर्णन भन्ने हुन्छ।

माथि उद्धृत यी उदाहरणहरूबाट जगात, गुणागाहार, फिराद, उमराव, काजि, दरबाजा, जगा, तपसिल यी शब्दहरू मुसलमानी भाषाबाट आएको स्पष्ट देखिन्छ। गुणागाहार जस्ता केही शब्दहरू नेवारीभाषामा अहिले चलन छोडेका छन् तापनि काजी तपसील इत्यादि शब्दहरू हाम्रो यतातिरको भाषामा अभिन्न अङ्ग बनेर रहेका छन्। नेपाली भाषामा पनि मुसलमानी भाषाका शब्दहरू प्रशस्त मात्रामा नपाइने होइनन्×।

योगी नरहरिनाथजीको सम्पादकत्वमा काशी गोरक्षटिल्ला योगप्रचारिणीद्वारा 'संस्कृत-पारसीकपदप्रकाश' नामक ग्रन्थ प्रकाशित भएको छ। सो ग्रन्थको उठान उठानमा यस्तो लेखिएको छ—

श्रीमज्जहाँगीरमहीमहेन्द्रप्रसादमासाद्य निदेशरूपम्।
करोत्यदः संस्कृतपारसीकपदप्रकाशं कविकर्णपूरः॥२॥

[श्रीमान् बादशाह जहाँगीरको निगाहपूर्ण हुकुम पाएर कवि कर्णपूरले 'संस्कृत-पारसीकपदप्रकाश' नामक यो ग्रन्थ बनाएका हुन्।]

संस्कृतोक्तिविदि पारसीज्ञता पारसीविदि च संस्कृतज्ञता।
तद्द्वयाविदि च तद्द्वयज्ञता जायतेऽत्र तदधीयतामिदम्॥३॥

[यो ग्रन्थ पढ्नाले संस्कृत जान्ने मानिस फारसी जान्ने हुन्छ, फारसी जान्ने मानिस संस्कृत जान्ने हुन्छ। संस्कृत पनि नजान्ने फारसी पनि नजान्ने मानिस ती दुवै भाषा जान्ने हुन्छ। यस कारण यो ग्रन्थ पढ्नुहोस्।]

जम्मा ५२८ श्लोकमा संस्कृत फारसी शब्दहरू त्यसमा दिइएका छन्। उदाहरणका लागि यहाँ केही श्लोक उद्धृत गरिन्छन्—

---

×यस विषयको चर्चा गल्लीमा फ्याँकिएका कसिगरको उपोद्घातको १२०-१२६ पृष्ठमा गरिएको छ।

ख्वाहर् भगिन्यां तु पिसर् तु पुत्रे
दुख्तर् सुतायां जनके पिदर् स्यात् ।
भ्राता विरादर् जननी तु मादर्
दामादसंज्ञा तनयाधवस्य ॥ ८२ ॥

[ भगिनी (बहिनी) भन्नालाई ख्वाहर, पुत्र (छोरा) भन्नालाई पिसर, सुता (छोरी) भन्नालाई दुख्तर, जनक (बाबु) भन्नालाई पिदर, भ्राता (भाइ) भन्नालाई विरादर, जननी (आमा) भन्नालाई मादर, तनयाधव (ज्वाइँ) भन्नालाई दामाद हुन्छ । ]

पितामहो जिद्दन वीर नप्ता
ज्येष्ठे कलाँ खूर्द कनिष्ठ उक्तः ।
सौहर् धवे उम्म पितृव्य उक्तः
तिक्लः शिशौ बाल्यमपीह तिक्ली ॥ ८३ ॥

[ पितामह (बाजे) भन्नालाई जिद्दन, नप्ता (नाती) भन्नालाई वीर, जेष्ठ (जेठो) भन्नालाई कलाँ, कनिष्ठ ( कान्छो ) भन्नालाई खूर्द, धव ( लोग्ने ) भन्नालाई सौहर, पितृव्य (काका) भन्नालाई उम्म, शिशुः (बालक) भन्नालाई तिक्ल, बाल्य (बालकपन) भन्नालाई तिक्ली हुन्छ । ]

ललाटे पेसानी शिरसि सर गोशः श्रवणयो–
श्चसम् नेत्रे अक्तुर् भ्रु वि नयनपक्ष्माणि मियगाँ ।
जवा जिह्वा दन्दाँ दशनततिरोष्ठे लव मुखे
दुहण् नासा वेंणी जुलुफ मलके मूइच कचाः ॥८५॥

[ ललाट (निधार) भन्नालाई पेसानी, शिर (टाउको) भन्नालाई सर, श्रवण (कान) भन्नालाई गोश, नेत्र (आँखा) भन्नालाई चसम, भ्रू (आँखीभौं) भन्नालाई अक्तुर, पक्ष्म (परेला) भन्नालाई मियगाँ, जिह्वा (जिभ्रो) भन्नालाई जवा, दशनतति (दाँतको पंक्ति) भन्नालाई दन्दा, ओष्ठ (ओठ) भन्नालाई लव, मुख भन्नालाई दुहण, नासा (नाक) भन्नालाई वेणी, अलक भन्नालाई जुलुफ, कच (कपाल) भन्नालाई मूइच हुन्छ । ]

त्यस ग्रन्थको अन्त्यमा यस्तो लेखिएको छ–

" श्रीश्रीश्रीसुमति जयजितामित्र मल्लसन थ्व पुस्तक दयका । भागीराम परमानया वेलस संवत् ८१० कार्त्तिकशुक्ल ९ शुभम् । '

[ श्रीश्रीश्रीसुमति जयजितामित्र मल्लदेवले भागीराम मन्त्री भएको वेलामा ने. सं. ८१० (वि. सं. १७४६) कार्तिकशुक्ल नवमीको दिन यो पुस्तक बनाउनुभयो ( लेखाउनुभयो)+]

+ यहाँ दिइएको नेपाली अर्थ मैले गरेको हुँ ।

राष्ट्रिय पुस्तकालयमा एउटा हस्तलिखित फारसी शब्दकोशको सानो पुस्तिका छ + । सो पुस्तिकामा हिन्दी जस्तो भाषाका शब्दहरूको अर्थ फारसीमा लेखिएका छन् । त्यसको जिल्लामा चाहिं 'पार्शिकोष' भनेर लेखिएको छ । त्यसमा जम्मा ३०० जति शब्दहरू संग्रह गरिएका छन् । तिनमा केही शब्द उदाहरणको रूपमा तल प्रस्तुत गरिन्छन् —

| ÷ | नेपाली × | फारसी |
|---|---|---|
| मस्तक | (टाउको) | सर |
| ललाट | (निधार) | प्यसानि |
| ओठ | (ओठ) | लब |
| दात | (दाँत) | दन्दोंन |
| केश | (कपाल) | मायी |
| वरुणि | (नयनच्छद) | मीजा |
| कण्ठ | (घाँटी) | गुलु |
| पेट | (पेट) | सिकम् |
| आदि | (अदुवा) | अदरक् |
| सोन | (सुन) | तिल्ला |
| मा | (आमा) | मादर |
| वेता | (छोरा) | पिसर |
| लवाहा | (खरायो) | खरगोश |
| गिदर | (स्याल) | शिगाँल |
| राजा | (राजा) | पातसाह |
| प्रधान | (मन्त्री) | ओजिर |
| चेरेवादार | (चिरुवादार, सईस) | सईस |

सो पुस्तिकाको अन्त्यमा यस्तो लेखिएको छ–

श्रीश्रीसुमति जयजितामित्र मल्लदेवन थ्व पुस्तक दयका ॥ भागिराम पमानया वेरस सम्वत् ८१० कार्त्तिक सुदि ९॥

[ श्रीश्रीसुमति जयजितामित्र मल्लदेवले भागीराम मन्त्री भएको बेलामा ने. स. ८१० (वि. सं. १८४६) कार्त्तिकशुक्ल नवमीको दिन यो पुस्तक बनाउनुभयो । ]

---

+ यो पुस्तिका नयनाथ पौडेलले मलाई देखाउनुभएको हो।

÷ यो भाषा के हो, मैले अहिले निर्णय गर्न सकेको छैन ।

× यहाँ दिइएको नेपाली अर्थ मैले थपेको हुँ ।

यताबाट भक्तपुरका राजा जितामित्र मल्लले र उनका प्रभावशाली मन्त्री भागीरामले फारसी भाषाको अभ्यास गर्न यी पुस्तक पुस्तिका संग्रह गरेको देखिन्छ।

मुगल साम्राज्य जम्नुभन्दा अगाडि लेखिएका गोपालराजवंशावली आदि प्राचीन पुस्तकहरूको नेवारी भाषामा भने मुसलमानी शब्दको प्रयोग पाइँदैन। यस कारण भारतमा मुगलसाम्राज्य जमेदेखि हाम्रो यता मुसलमानी भाषाको प्रवेश भएको देखिन्छ,+।

कान्तिपुरका प्रसिद्ध मल्ल राजा प्रताप मल्ल ( वि. सं. १६९८–१७३१ ) ले आफ्नो टकमा समेत मुसलमानी लिपि अङ्कित गराएका थिए। पर्वततिरका राजाहरूले आफ्नो सही पनि मुसलमानी लिपिमै गर्न थालेका थिए भन्ने कुरा तात्कालिक कागतबाट थाहा पाइएको छ। यी सबै मुगल साम्राज्यको प्रभावका परिणाम थिए।

विक्रमको उन्नाइसौं शताब्दीमा नेवारी भाषामा मुसलमानी भाषाका शब्दहरू बढी मात्रामा व्यवहार गर्न थालिए। शाहकालको नेवारी भाषामा पनि त्यसको गति बढ्दै गयो। उदाहरणका लागि, क्रमशः भक्तपुरका अन्तिम राजा रणजित् मल्लको नकदेश गणेशस्थानमा टाँगिएको ताम्रपत्र तथा प्रतापसिंह शाहको पालामा वि. सं.१८३२ मा भएको नेवारी भाषामा लेखिएको नेपाल–भोटसन्धिपत्रको केही अंश यहाँ उद्धृत गरिन्छन्।

" श्रीश्री जयरणजित् मल्लदेव प्रभुठाकुरसन नकदेशया प्रमान, सेष्ठ, प्रर्जायता भाखा··· प्रर्जाया वस्तु हाखिम धकाव बलन कायमदु, बलन कालसा श्री २ राजायाके फेराद वयमाल प्रमान, दुवालया ह्मं गो गुगुल प्रनित, उगुल बकस यायधुनो, सिपायि ह्मं गो गुलि दता उलि दयकेमाल···सम्वत् ८८९ मार्गशिल शुदि ४ "

( अभिलेख-संग्रह ११ भागमा प्रकाशित नकदेश गणेशस्थानमा टाँगिएको रणजित् मल्लको वि. सं. १८२५ को ताम्रपत्रबाट )

[ श्रीश्रीजयरणजित् मल्लदेव प्रभु ठाकुरले नकदेशका प्रमाण श्रेष्ठ प्रजालाई गरिदिएको भाखा···प्रजाको वस्तु हाकिम भनेर बलैले लिन पाइँदैन, बलपूर्वक लिए भने श्रीश्रीराजा-कहाँ बिन्ति चढाउन आउनुपर्‍यो। प्रमाण द्वारेहरूको पहिले जुन बन्दोवस्त थियो, सोही बन्दोवस्त गरिदिइसक। पहिले (यहाँ) जति सिपाही थिए त्यत्ति नै बनाउनुपर्‍यो।]

यहाँ प्रयोग भएका हाखिम, फेरात, सिपायि, वकस यी चारै शब्द मुसलमानी भाषाबाट लिइएका हुन्। 'हाखिम' अरबी 'हाकिम' शब्दबाट बनेको हो। फारसीबाट 'फरियाद, 'सिपाही'तथा बख्शिश शब्दको विकृत रूप क्रमश फेरात सिपायि वकस शब्द लिइएका हुन्।

+ विक्रमको तेह्रौं शताब्दीमै मुसलमानले भारत-विजय गरी त्यहाँ आफ्नो साम्राज्य खडा गरेका हुन्। वि. सं. १४०६ मा मुसलमानले नेपाल–उपत्यकामा पनि आक्रमण गरेका हुन्। तर मुगलसाम्राज्य खडा नभएसम्म मुसलमानको भारतीय साम्राज्य सुव्यवस्थित हुन नसकेको र नेपाल–उपत्यकामा आक्रमण गर्ने मुसलमानहरू सात दिनमै फर्किंगएका हुनाले पनि नेपालमा मुसलमानी भाषाको प्रभाव मुगलसाम्राज्य जम्नुभन्दा अगाडि नआएको देखिन्छ।

" श्रीश्रीश्रीग्यालछापरिबोछे लामाजुस्त···

श्रीश्रीश्रीमहाराज प्रतापसिंह साहबहादुर समसेर जङ्गदेवानां··· धर्मपत्र गच्छ। ह्लापा ··· नेपाल व ह्लासा व घा याङाव धर्म सच करार सहि थामय याङाव खासास ह्लासानं वन भारा वकिल ··· गोर्खा नेपालया भारादार वकिल काजी थ्वते आदमी खासासं चोङाव याङागु घा सच करार थामय याङाव धर्मपत्र चोस्यं बिया··· नेपालनं वगु मोहर नेपालराज्ये नेपालया राजा राजाया पालास चलय याङागु मोहरया चासनीया व नेपाल व ल्हासा व बारंबार करार यातसां करारसं मचोस्य चासनी घटीबढी याङाव सेनकाव हल. गोवेल-सं भिनक चासनी जुक चियाव हल. थ्वतेया कारण लुं वहया भाव मिलय यांय मजियाव नेपालस लुं वह थिके जुल ठेकना याङाव तयागु चासनी मसेनक ··· मोहर दयकाव··· ह्लासा सर्कार झुमझुमदेशया महाजन बंजाल कोट कोटया जिमिदार सकलसेन चलययायमाल ल्हासा सर्कारनं हुकम दयकाव पत्र बिया थुगु जात मोहर देश देशया राजापिनीसेन छाप खुयाव छाप दयकाव मोहर दयकाव चलबयात बलसां चलययायमदु···

संवत् ८९५ साल मिति भाद्रपदशुक्ल शुभम्

(प्रतापसिंह शाहको पालामा वि. सं. १८३२ मा
भएको नेपाल भोट सन्धिपत्रबाट)

[श्रीश्रीश्रीग्यालछापरिबोछे लामालाई श्रीश्रीश्रीमहाराज प्रतापसिंह शाह बहादुर शमशेर जङ्गदेवले गरिदिएको धर्मपत्र गच्छ (धरोटसमेतको सन्धिपत्र)

पहिले नेपाल र ह्लासाका बीच भएको सन्धिपत्रको बेहोरा थामेर खासामा ह्लासाबाट आएका भारदार वकील (दूत) गोरखा नेपालका भारदार वकील काजी यति व्यक्ति खासामा बसेर गरेको सन्धिको बेहोरा मञ्जूर गरी धर्मपत्र लेखी दिइयो। ···

नेपाल राज्यमा नेपालका राजाहरूले चलाएका नेपालबाट भोट पुगेका मोहरहरूको विषयमा नेपाल र ल्हासाका बीचमा वारंवार सन्धि भए तापनि सन्धिको पालना नभई चास्नीमा घटीवढी गरी बिगारी पठाइयो। कहिले असल चास्नीका मात्र टक पठाइए। यसबाट सुन चाँदीको भाउ मिल्न सकेन र नेपालमा सुन चाँदी महंगो भयो। निश्चित गरेको चास्नी घटीबढी नगरीकन मोहर बनाएर···ल्हासा सरकार···मदेशका महाजन व्यापारीहरू···सबैले चलाउनुपर्छ। अरू देशका राजाहरूले यसको छाप चोरी आफ्नो छाप बनाई मोहर चलाउन खोजे भने ल्हासा सरकारले हुकूम दिई रोक्नुपर्छ। ··· ने.सं. ८९५ (वि.सं. १८३२) भाद्रशुक्ल शुभ- ]

( त्रिरत्न सौन्दर्यगाथाको २७३-२७६ पृष्ठबाट )

यहाँ प्रयोग भएका मुसलमानी शब्दहरू र तिनका अरबी फारसी मूलरूप तल दिइन्छन्—

करार ( अरबी ) —करार

| | | |
|---|---|---|
| सही | ( अरबी )— | सहीह |
| वकील | ( अरबी )— | वकील |
| काजी | ( अरबी )— | काजी |
| आदमी | ( अरबी )— | आदम |
| मोहर | ( फारसी)— | मुह्र |
| चासनी | ( फारसी )— | चाशनी |
| सर्कार | ( फारसी )— | सरकार |
| जिमिदार | ( फारसी )— | जमींदार |
| हुकुम | ( अरबी )— | हुक्म |

यति उदाहरणबाट पनि नेवारी भाषामा फारसी अरबी आदि मुसलमानी भाषाको के कस्तो प्रभाव परेको रहेछ भन्ने कुरा बुझ्न सकिन्छ ।

—•—

# पण्डित वाणीविलास पाँडेको "प्रशस्तिरत्नावली" (पत्रबोध)

—नयनाथ पौडेल

नेपालको इतिहासमा चाख लिने व्यक्तिले पण्डित वाणीविलास पाँडेको केही परिचय पाएका छन् । तर उनले रचना गरेका पाँचवटा अभिलेखबाहेक+ अरू उनका कृतिहरू अझसम्म प्रकाश हुन सकेका छैनन् । यस कारण वाणीविलास र उनका रचनाबारेमा अन्वेषण गर्ने कार्यलाई अगाडि बढाउँदै जानुपरेको छ×।

+हामीलाई थाहा भएअनुसार अहिलेसम्म प्रकाश भएका वाणीविलासले लेखेका अभिलेख यी हुन्—

(१) नारायणहिटीको धौकर्लासिहले राख्न लाएको वि. सं. १८५० को

(२) नक्साल नन्दिकेश्वरबहालको महारानी सुवर्णप्रभाले राख्न लाएको वि. सं. १८६५ को

(३) वागमतीको भीमसेन थापाले राख्न लाएको वि. सं. १८६८ को

(४) पचलीको रानी लक्ष्मीदेवीले राख्न लाएको वि. सं. १८६९ को

(५) पशुपति मन्दिरभित्र ढोकाको राजपुरोहित शक्तिवल्लभ अर्ज्यालका भाइ राधावल्लभ अर्ज्यालसम्बन्धी वि. सं. १८७० को

×हामीहरूले राजपुरोहित शक्तिवल्लभ अर्ज्याल पण्डित भवानीदत्त पाँडे, पण्डित सुन्दरानन्द बाँडाका कृतिहरूको गुणदोषपरीक्षा गरी उनीहरूलाई लोकको अगाडि ल्याइदिएका हौं । यसै गरी वाणीविलास तथा अरू गुप्त रहेका ग्रन्थकारहरूका कृतिहरूको पनि गुणदोषपरीक्षा गरी तिनलाई लोकको अगाडि ल्याइदिने संकल्प गरेका छौं । —सम्पादक

अहिले हामीलाई थाहा भएअनुसार वाणीविलासले रचना गरेका पुस्तक यी हुन्– दुर्गाकृत्यकौमुदी, वाणीविलाससिद्धान्त, पुरश्चरणप्रयोगरत्नदीपिका, वेदान्तसारसंग्रह, गङ्गास्तोत्र, नवरत्नयुगलस्तोत्र, प्रशस्तिरत्नावली ।

यी ग्रन्थहरूको विषयमा केही बोल्नुभन्दा अगाडि तत्तत्विषयको ज्ञान र ती ग्रन्थहरूको राम्रो अध्ययन गर्नु आवश्यक छ । उपर्युक्त ग्रन्थहरूमा पछिल्ला चारवटालाई छोडेर अरू सबै ग्रन्थ आकारप्रकारमा पनि निकै ठूला छन् । यस कारण अहिले यहाँ सानो तथा बुझिने विषय भएको 'प्रशस्तिरत्नावली' (पत्रबोध)लाई लिएर अलिकता विचार गरिएको छ।

नेपाल राष्ट्रिय पुस्तकालयमा प्रशस्तिरत्नावलीका तीन प्रति छन् । ती तीनप्रति ३४९५, ३४९६, ३४९७, संख्याका हुन् । यी तीनै पुस्तक एकातिर हरिताल लाइएका पाका कागतमा लेखिएका छन् । पहिलोमा पृष्ठ १७ छन् । दोस्रोमा पृ १३ र तेस्रोमा १२ छन् । अक्षर र अरू आकार प्रकारले ती तीनै प्रति साफी गरिएका देखिन्छन् । परन्तु ठाउँठाउँमा सन्धि आदिमा अशुद्धि परेकाले जान्ने पण्डितले साफी गरेको देखिंदैन । तीन प्रतिमध्ये ३४९५ संख्याको पुस्तकको अन्त्यमा "श्रीशाके १७०६ शुभम् ॥" भनी लेखिएकोले यसको रचनाकाल वा लिपिकाल शक संवत् १७०६ वि. सं. १८४१ हो भन्ने देखिन्छ । यस प्रशस्तिरत्नावलीमा श्री ५ रण बहादुरकी मुमा राजेन्द्रलक्ष्मीको वर्णन परेको हुनाले पनि त्यसै ताका यो पुस्तक बनेको होला भन्ने देखिन्छ!

वाणीविलासले यो प्रशस्तिरत्नावली पृथ्वीनारायण शाहका माहिला भाइ महोद्दामकीर्ति शाहका कान्छा छोरा कृष्ण शाहको आज्ञाले बनाएका हुन्। यसमा द्रव्य शाहदेखि लिएर रणबहादुर शाहसम्मका शाहवंशका राजाहरूको वंशावली दिइएको छ। त्यताबाट त्यस ताकाको केही कुरा बुझ्न सकिन्छ । यस कारण प्रशस्तिरत्नावलीमा परेको ऐतिहासिक भाग यहाँ उद्धृत गरिन्छ–

श्रीगोर्खाभिधपर्वतेऽतिरमणे शैलाधिराजान्तिके
द्रव्येशाभिधसाहकः समभवद् भूपालचूडामणिः ।
तद्वंशे समभूद् बुधादरकरः श्रीपूर्णनामा महाँ
स्तत्पुत्रः समभूद् दिनेश्वररुचिः श्रीरामसाहः सुधीः ॥४॥ ×

---

× पाठान्तर ( ३४९७ संख्यामा )
द्रव्येशाभिधसाहकः समभवच्छ्रीपूर्णसाहाभिधः ।
तत्पुत्रौ परमौ बुधादरकरौ श्रीछत्रसाहः पुरा
स्वर्गं लोकमगान्नृपस्तदनुजः श्रीरामसाहः सुधीः ॥४॥

पुत्रोस्यैव च डम्बरः समभवत् कृष्णोऽभवत तत्सुतः
श्रीरुद्राभिधसाहकः समभवत् तस्यापि पुत्रः सुधीः ।
श्रीपृथ्वीपतिभूपतिः स्म भवति प्रोद्यत्सुतोऽस्यैव तु
श्रीमांस्तत्तनयोभवद् गुणयुतः श्रीवीरभद्राभिधः ॥६॥
तत्पुत्रः समभून्महान् हि नरभूपालाभिधो भूपतिः
श्रीमद्देवपदारविन्दयुगलध्यानैकबद्धस्पृहः ।
यत्पादाम्बुजयुग्मनीरधयनान्मूकोभवद्वाक्पतिः
श्रीगौरीश्वरपण्डितोक्तविधिना संजातसिद्धिः सुधीः ॥७॥
तस्यासन् पञ्च पुत्रास्त्रिजगति विदिता अग्रिमो वीरवीर्यः
पृथ्वीनारायणाख्यस्तदनु गुणनिधिः श्रीमहोद्दामकीर्त्तिः ।
उद्यत्कीर्त्तिस्तृतीयो दलपदसहितो मर्द्दनोथो चतुर्थः
श्रीमद्देवैकभक्तिर्दलजिदथ कनीयांश्च शूरप्रतापः ॥८॥
एतेषामग्रजो यो नृपमुकुटमणिद्योतिताङ्घ्रिद्वयाब्जः
श्रीमन्नेपालदेशक्षितिपतिरभवद् ध्वंसयित्वारिवर्गान् ।
तस्याभूतां सुतौ द्वौ रुचिजितमदनौ भूपसिंहप्रतापो
ज्येष्ठो राजाधिराजस्तदनुजनिरहो श्रीबहादूरसाहः ॥१०॥
श्रीमत्सिंहप्रतापक्षितिपतिरमणी कान्तिपुर्यां समासी-
च्छ्रीमद्राजेन्द्रलक्ष्मीरिति भुवि विदिता कोटिनागादिदात्री... ॥११॥
तस्यां पुत्रः समासीज्जगति रणबहादूरनामा नृपेन्द्रः...
पृथ्वीनारायणस्य क्षितिपकुलमणेः पुण्यवंशावलीयम् ॥१२॥
समभवदिह पत्नी श्रीमहोद्दामकीर्त्ते-
र्जगति जयकुमारीनाम्निका देवकीवत् ॥१३॥
तत्पुत्रा ज्वलनोपमाः समभवञ्छ्रीमन्पहल्मान् महाञ्
ज्येष्ठः श्रीबलभद्रसाहसचिवस्तन्मध्यमो बुद्धिमान् ।
श्रीकृष्णाभिधसाहकस्तदनुजः शौर्याश्रितानां महो
एतेषां गमने कृते सति रणे स्थास्यन्ति के केऽरयः ॥१४॥
ज्येष्ठो धर्मविनिष्ठितप्रविलसच्चेता गरिष्ठः सुधा-
र्देवाराधनमानसो हि सुकृतं लोके करोत्यद्भुतम् ।
एकाकी च ततोनुजद्वयमहो श्रीरामकृष्णोपमम्
गोर्षाधीश्वरराजराजनगरे वर्वर्त्ति सर्वोपरि ॥१५॥
शिराञ्चोके भूपैर्जगति बलभद्रोयमिति कैः
सकृष्णो न ज्ञातः पटुतरभटैर्द्राविततरैः ।

कलावत्याह्वयं तदनु जयभामेति विदिता
स्वसारौ यन्माता भुवि जयकुमारी सदभिधा ॥१७॥
अङ्गोद्धारगमानसो रचयति श्रीकृष्णसाहाज्ञया
सर्वेषां च नृणां प्रशस्तिनिकरान् वाणीविलासः कविः ॥ १८ ॥
प्रशस्तिरत्नावलिसंज्ञिकेयं
वाणीविलासाख्यबुधप्रणीता ।
तनोतु हर्षं बलभद्रकृष्ण-
द्वयस्य भास्वानिव चक्रवाक्याः ॥६४॥
अजानताहो रचिता मयेयं बुद्धि स्वकीयामिह चेद्भवेयुः ।
अशुद्धशब्दाः भ्रमतस्तदेमां विशोधयन्तामवनौ हि सन्तः ॥६५॥
कविश्रेणीक्षोणीपतिमुकुटमाणिक्यविलस-
त्पदद्वन्द्वो लेभे तनयमथ य रामहृदयः ।
असारे संसारे श्रुतिविहिततारायमनुज-
प्रभावात् संपूर्णा समभवदियं तेन रचिता ॥६६॥

इति श्रीमद्गोर्खाधीश्वरभूपालनरभूपालपौत्रश्रीमन्महोद्दामकीर्त्तिकुमारश्रीमच्छ्रीकृष्ण-साहकारित श्रीमद्राजकुलशिरोमणिप्रविलसत्पादारविन्दद्वन्द्वश्रीमद्रामदयपण्डितशिरोमणिसूनु-वाणीविलासकविविरचिता प्रशस्तिरत्नावलिः समाप्ता । शुभं भवतु ।

[ हिमालय पहाडनजीकै रहेको ज्याद्रै राम्रो गोरखा नाम गरेको पहाडी राज्यमा राजामा श्रेष्ठ द्रव्य शाह हुनुभयो । उहाँका छोरा विद्वान्को आदर गर्ने ठूला पूर्ण शाह हुनुभयो । उहाँका छोरा सूर्य जस्तै तेजिला असल बुद्धि भएका राम शाह हुनुभयो× ॥ ४ ॥

उहाँका छोरा डम्बर शाह हुनुभयो । उहाँका छोरा कृष्ण शाह हुनुभयो । उहाँका छोरा असल बुद्धि भएका रुद्र शाह हुनुभयो । उहाँका छोरा उत्साही राजा पृथ्वीपति शाह हुनुभयो । उहाँका छोरा असल गुण भएका वीरभद्र शाह हुनुभयो ॥६॥

उहाँका छोरा देवताको चरणकमलको भक्ति गर्ने, असल बुद्धि भएका राजा नरभूपाल शाह हुनुभयो । गौरीश्वर पण्डितले बताएको विधिअनुसार अनुष्ठान गर्दा उहाँ नरभूपालले सिद्धि पाउनुभएको थियो । उहाँको चरणकमलको पानी पिउनाले लाटोको पनि बोली फुट्थ्यो ॥७॥

---

×पाठान्तरको अर्थ—

[ द्रव्य शाह हुनुभयो । उहाँका (छोरा) पूर्ण शाह हुनुभयो । उहाँका विद्वानहरूको आदर गर्ने दुइ छोरा हुनुभयो । जेठा छोरा राजा छत्र शाह अघिबाटै स्वर्गे हुनुभयो । उहाँका (छत्र शाहका) भाइ असल बुद्धि भएका राम शाह राजा हुनुभयो । ]

उहाँका पाँच जना छोराहरू हुनुभयो । जेठा पराक्रमी पृथ्वीनारायण शाह, माहिला गुणी महोद्दामकीर्त्ति शाह, साहिला कीर्त्ति फैलिएका दलमर्दन शाह, काहिँला देवताको भक्ति गर्ने दलजित् शाह, कान्छा शूरप्रताप शाह हुनुभयो ॥८॥

उहाँहरूमा जेठा, राजाहरूको श्रीपेजको मणिले दुइ पाउ सिँगारिएका पृथ्वीनारायण शाह शत्रुहरूलाई नाश पारेर नेपाल देशका राजा हुनुभयो । उहाँका कामदेवभन्दा राम्रा दुइ छोरा हुनुभयो । उहाँहरूमा जेठा राजा सिंहप्रताप शाह (प्रतापसिंह शाह) र कान्छा बहादुर शाह हुनुभयो ॥१०॥

राजा प्रतापसिंहकी महारानी करोडौं* हात्ती आदि दान दिने, नाउँ चलेकी श्रीराजेन्द्रलक्ष्मी कान्तिपुरमा हुनुहुन्छ ॥११॥

उहाँ राजेन्द्रलक्ष्मीबाट रणबहादुर शाह महाराज पैदा हुनुभयो ।

राजाहरूमा श्रेष्ठ भएका पृथ्वीनारायण शाहको यो पवित्र वंशावली हो ॥१२॥

महोद्दामकीर्तिकी रानी जयकुमारी हुनुभयो । उहाँ देवकी जस्ती हुनुहुन्छ । उहाँका अग्निसमान झलमलाउँदा छोराहरू हुनुभयो । श्रीपहलमान शाह जेठा, मन्त्री श्रीबलभद्र शाह माहिला, श्रीकृष्ण शाह कान्छा हुनुभयो । अहो ! पराक्रमी यहाँहरू जानुभएपछि लडाइँमा कुनचाहिं शत्रु टिक्न सक्ला ? ॥१४॥

धर्ममा लागेको सफा मन भएका, असल बुद्धि भएका, देवताको आराधना गर्ने जेठा पहलमान शाह संसारमा एक्लै पनि गजबगजबका धर्मकर्म गर्नुहुन्छ । उहाँका राम र कृष्ण जस्ता दुइ भाइ गोरखाका महाराजको सहरमा ठूलठूला पदमा रहनुभएको छ ॥१५॥

सिरान्चोकको लडाइँमा सिपालु सिपाहीहरूले बेसकरी लगारिएका कुनचाहिँ राजाले कृष्ण शाहसित बसेका बलभद्र शाहलाई चिनेनन् ? उहाँका कलावती र जयभामा भन्ने दुइटी दिदी बहिनी हुनुहुन्छ । उहाँकी मुमाको नाउँ जयकुमारी हो ॥१७॥

श्रीकृष्ण शाहको आज्ञाले नजान्ने मानिसहरू पनि जानून् भनी कवि वाणीविलासले सबै किसिमका मानिसको प्रशस्ति (चिट्ठी लेख्ने विधि = पत्रबोध) बनाएका हुन् ॥१८॥

वाणीविलास पण्डितले बनाएको यो "प्रशस्तिरत्नावली" नाम गरेको पुस्तकले सूर्यले चखेवीलाई झैं बलभद्र शाह र कृष्ण शाह दुवै जनालाई खुशी पारोस् ॥६४॥

आफ्नो बुद्धिलाई ठीक पारख गर्न नसक्ने मैले यो ग्रन्थ बनाएँ । यसमा भ्रमवश अशुद्धि पर्न गएका होलान् । सज्जनहरूले यसलाई सच्याइदिनु होला ॥६५॥

कविको पङ्क्ति र राजाको श्रीपेजको मणिले पाउ सुहाएका, रामहृदय पण्डितले जसलाई जन्माउनुभयो, तिनले (रामहृदयका छोराले) असार संसारमा रहेर बनाएको

*यो शब्द अत्युक्तिपूर्ण हो । यस विषयमा विशेष विवेचना जयरत्नाकर नाटकको उपोद्घातको ६-११ पृष्ठमा गरिएको छ ।

यो ग्रन्थ वैदिक मार्गमा विहित ताराहरूको ( वज्रयोगिनीहरूको ) मन्त्रको प्रभावले पूरा भयो ॥६६॥

गोरखाका महाराजाधिराज नरभूपाल शाहका नाति, श्रीमहोद्दामकीर्तिका छोरा कृष्ण शाहले बनाउन लगाएको, राजकुलका शिरपेचको मणिले पाउ सुहाएका रामहृदय पण्डितका छोरा वाणीविलास कविले बनाएको प्रशस्तिरत्नावली सिद्धियो । ]

प्रशस्तिरत्नावलीमा रहेका ऐतिहासिक भागको उद्धरण यो हो । सो किताबको मुख्य विषय प्रशस्ति ( चिट्ठी लेख्ने विधि ) कस्तो हुनुपर्छ भन्ने रहेको छ । यस कारण उदाहरणका लागि प्रशस्ति लेख्ने अलिकति कुरा उद्धृत गरिन्छ–

श्रीशब्दाः गुरुपादपद्मयुगले लेख्या बुधैः षट् तथा
पञ्च श्रीनृपतीन्द्रमौलिचरणे देयाः स्वभृत्यावलौ ॥
श्रीशब्दद्वयमेव लेख्यमहितग्रामे चतुष्कं श्रियां
मित्रे श्रीत्रयमेव देयमनिशं ह्येकं स्वपुत्रस्त्रियोः ॥१६॥

अत्रादौ श्रीशब्दस्य मङ्गलवाचकत्वात्प्रशस्त्यादावावश्यकत्वाच्च श्रीशब्दलेखनप्रकारो वर्णितः ॥ अथ चातुर्वर्ण्यप्रशस्तयः ॥ ···अथ भूपतेः ॥ स्वस्ति श्रीमदुद्दण्डभुजदण्डमण्डितोद्दण्डकोदण्डविनिःसृतोद्दण्डकाण्डमण्डलीताण्डवखण्डितोद्दण्डवैरीन्द्रमण्डलोद्दण्डमुण्डमण्डलीमण्डितोद्दण्डावनिखण्डेषु यथायोग्यम् ।

[जान्ने मानिसले गुरुलाई लेख्दा छवटा श्री लेख्नू । राजालाई लेख्दा पाँचवटा श्री लेख्नू आफ्ना कामदारहरूलाई लेख्दा दुइवटा श्री लेख्नू । शत्रुलाई लेख्दा चारवटा श्री लेख्नू। साथीलाई लेख्दा तीनवटा श्री लेख्नू । जहान छोराछोरीलाई लेख्दा एउटा श्री लेख्नू ।

श्री शब्द मङ्गलसूचक हुनाले र प्रशस्तिको उठानमा लेख्नु आवश्यक हुनाले पनि श्री शब्द लेख्ने काइदा यहाँ बयान गरियो । अब चारै जातको प्रशस्ति लेख्ने काइदा बताइन्छ। ...

अब राजाको प्रशस्ति लेख्ने काइदा बताइन्छ। स्वस्ति । बलियो हातरूपी दण्डले लिएका बलियो धनुबाट निस्केका तीखा बाणको समूहले ठूलठूला शत्रुहरूलाई सखाप पारेको पृथिवीको ठूलो खण्डमा प्रख्यात भएकामा यथोचित ]

एवं क्रमले यहाँ विभिन्न व्यक्तिहरूलाई लेख्ने प्रशस्ति ( चिठीपत्र को शिरबेहोरा ) गद्यपद्य दुव रूपमा लेखिएका छन् ।

—०—

# वि. सं. १८७१–७२ को नेपाल–अङ्ग्रेजयुद्धमा नेपालले हार्नामा एउटा ठूलो कारण

**—महेशराज पन्त**

वि. सं १८७१–७२ मा भएको नेपाल-अङ्ग्रेजयुद्धको नेपाल तथा भारतको इतिहासमा प्रमुख स्थान छ। वि. सं. १८०१ देखि नेपालीहरूले शुरू गरेर आएको विजययात्रालाई यस युद्धले सर्वथा बन्द पारिदियो। आफ्नो राज्यको ३ खण्डको १ खण्ड गुमाई अङ्ग्रेजसँग सन्धि गर्न नेपाललाई कर लाग्यो। भेदनीतिद्वारा+ भारतमा सजिलैसँग सफलतामा पाउँदै आएका अङ्ग्रेजहरूको पनि निकै ÷ खति यस युद्धले गरायो।

---

+वि. सं. १८१४ मा प्लासीमा भएको विजयले बङ्गालमा अङ्ग्रेजहरूको प्रभुत्व जमेको हो। बङ्गालका नवाब (राजा) सिराजुद्दौला ५० हजार फौज लिई अङ्ग्रेजसँग लड्न निस्केका थिए। अङ्ग्रेजसँग भने त्यस वेला जम्मा ३ हजार फौज थियो। यस कारण सैन्यशक्तिले सिराजुद्दौलालाई अङ्ग्रेजहरूले हराउनु गाह्रो थियो। तर पहिले नै सिराजुद्दौलाका सेनापति मीरजाफर र रायदुर्लभहरूलाई अङ्ग्रेजहरूले आफ्नो पक्षमा मिलाइसकेका हुँदा सो विजय सजिलैसँग भएको थियो।

(ईश्वरीप्रसाद र शरदकुमारको "अर्वाचीन भारतका इतिहास" को ७३ पृष्ठको आधारमा)

÷धेरै ठाउँमा नेपाली फौजको अङ्ग्रेजी फौजसँग भएको भिडन्तमा अङ्ग्रेजहरूले नराम्रोसँग हारी पछि हट्नुपर्‍यो।···केही अङ्ग्रेज सेनापति अत्यन्त नालायक र डरछेरुवा साबीत भएका हुनाले गभर्नर जनरलले उनीहरूलाई खोस्नुपर्‍यो। अहिलेसम्म अङ्ग्रेजहरूले भारतमा जति लडाइँ लडेका थिए, ती लडाइँमध्ये शायद सबभन्दा डरलाग्दो र धेरै मान्छे परेको यही नेपालयुद्ध थियो।

(सुन्दरलालको "भारत में अङ्ग्रेजी राज्य" को पहिलो संस्करणको ६४६ पृष्ठबाट)

लर्ड हेस्टिङ्सले खोलेको पहिलो लडाइँ (नेपालयुद्ध) उनले मराठा राज्यहरूसंग खोलेका ठूलठूला लडाइँहरूभन्दा ज्यादै नै उल्टो किसिमको थियो। लर्ड हेस्टिङ्सलाई लडाइँको गाह्रोसाह्रो नबुझ्ने भनी दोष लाइएको छ। तर लडाइँको दृष्टिले नेपाल संसारभरमा ज्यादै कठिन देश छ। सीखबाहेकका भारतीयहरूभन्दा गोरखालीहरू ज्यादै वीर हुन्छन्। यो लडाइँ लड्न गएको फौजलाई पहाडिया ठाउँमा लडाइँ लड्ने अनुभव थिएन भन्ने कुराको पनि विचार राख्नुपर्छ। अक्टरलोनीबाहेक अरू सेनापतिहरूले आफ्नो नालायकी देखाए। गोरखालीहरूले १२ हजारभन्दा बढी फौज बटुल्न सकेका थिएनन्। आक्रमण गर्ने फौज (अंग्रेजी फौज) को संख्या भने ३४ हजार थियो। तैपनि यो लडाइँले (अंग्रेजपक्षको) धनजनको निकै खति गरायो। जावाको लडाइँका वीर जर्नेल जिलेस्पी एउटा पहाडिया गढीको पहिलो चोटिको हमलामा नै अगाडि बढ्न सकेनन् तथा मारिए।···जर्नेल मार्टिन्डल जैतकमा आक्रमण गर्न जाँदा अगाडि बढ्न सकेनन् र धपिए। खाली अक्टरलोनीले मात्रै पश्चिम नेपालको आक्रमणमा आफ्नो अखाडालाई कायम राख्न सके।

(पी. ई, रबर्ट्सको "ब्रिटिश कालीन भारतका इतिहास" को २१६–२०५ पृष्ठबाट)

वि. सं. १८७१ कार्तिक १८ गतेको दिन लखनौबाट ईस्ट इन्डिया कम्पनीका त्यस बेलाका गर्भनर जनरल (प्रधान शासक) लर्ड हेस्टिङ्सले नेपालसँगको युद्धको घोषणा गरेपछि विधिवत् युद्ध शुरू भयो। हुनत यसभन्दा * १२ दिन अगाडिदेखि नै नेपालको पश्चिम भागमा अंग्रेजहरू घुसिसकेका थिए। नेपालीहरूको ठूलो चाड दसैंको मौका छोपी अङ्ग्रेजहरूले लडाइँको घोषणा हुनुभन्दा ८ दिनअगाडि नै लडाइँ खोलिसकेका थिए। पूर्व मोरङ्गदेखि पश्चिम हन्डुरसम्मको सम्पूर्ण नेपालराज्य दख्खल गर्ने अभिप्रायले ३४ हजार अङ्ग्रेजी फौज पाँच भागमा बाँडिई अघि बढेको थियो।

यस लडाइँमा कोशीप्रान्तदेखि कर्नालीप्रान्तसम्ममा अङ्ग्रेजहरूले नेपालीहरूबाट हार खाए। यमुनाप्रान्तमा नेपालीहरूले अङ्ग्रेजहरूलाई हराउन नसके तापनि आत्मरक्षासम्म गरे। तर गङ्गाप्रान्तमा चाहिँ आत्मरक्षासम्म पनि गर्न सकेनन्।

अग्रेजसँगको यो लडाइँमा नेपालको हार किन भयो भन्ने प्रश्नको ठीक उत्तर दिनु सजिलो काम होइन। किनभने यस युद्धमा नेपालले हार्नामा एउटै मात्र कारण थिएन।

पहिलो कारण–विक्रमको सोह्रौं शताब्दीदेखि यूरोपमा भएको विद्याको नयाँ जागरण र शोधले गर्दा उहाँ यन्त्रविद्याको पनि विशेष विकास भएको थियो। तर भारततिर विद्याको जागरण नआएकोले यन्त्रविद्याको विकास हुन सकेको थिएन। यस कारण अङ्ग्रेजी हतियारको अपेक्षा नेपाली हतियार कम दर्जाका थिए ÷।

दोस्रो कारण–अवधका नवाब गाजीउद्दीनलाई फकाई फुल्याई हप्काई दप्काई अंग्रेजले नेपालसँग लड्नाका लागि उनसंग अढाई करोड रुपियाँ सापटी लिई सो धनले फौज र लडाइँका सामानहरूको बन्दोबस्त गरेका थिए +। नेपालीहरूसँग त्यति धन थिएन। कसैसंग सापटी लिन उनीहरूले सकेका थिएनन्। त्यस कारण अङ्ग्रेजको भन्दा नेपालको फौज तथा लडाइँको सामान कम भएको थियो।

---

*संवत् १८७१ आसिन सुदि ७ रोजमा (कातिक ६ गते) हाम्रो जगा धुस्यालपुरमा ( फिरंगी ) आयो। वाहांबाट उठि ए सुदि ९ का दिन (कार्तिक ८ गते) देहरामा आयो। वाहांबाट उठि ए सुदि ११ का दिन (कार्तिक १० गते) नालापानी हाम्रा किल्लामा कप्तान बलभद्र कवर थिया। उनसंग जोरि छ घरि दिन चढदा (बिहानको साढे आठ बजेतिर) दोहरा बन्दुक तोप चलेछ। वैरिका गोलि छर्राले ९ जना पेत रह्या। हाम्रालाइ दुइ जनलाइ छर्राको घा लागेछ वैरि हटि देहरै गयेछ।

(दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको टिपोटबाट। यो टिपोट मोहननाथ पाँडेको पुर्ख्यौली सङ्ग्रहमा छ। यहाँ कोष्ठभित्रका पद अर्थ खुलाउन मैले थपेको हुँ)

÷ जवाहरलाल नेहरूको "विश्व–इतिहास की झलक" को "रिनैसाँ या पुनर्जागरण" प्रकरण, जयचन्द्र विद्यालङ्कारको "इतिहास–प्रवेश" को "ज्ञान–जागृति का अभाव" प्रकरण तथा सूर्यविक्रम ज्ञवालीको "अमरसिंह थापा" को "हारका कारण" प्रकरणको आधारमा।

+ "भारत में अंग्रेजी राज्य" को ९३४–३५ पृष्ठको आधारमा।

तेस्रो कारण—कर्कपेट्रिक वि. सं. १८४९ मा कम्पनीसरकारका दूत भई नेपाल आएका थिए । उनले बुझ्न सकेसम्मका नेपालका कुरा बुझी ग्रन्थ लेखी ईस्ट इन्डिया कम्पनीका माथिल्ला अधिकारीहरूलाई चढाई वि. सं. १८६७ मा सो ग्रन्थ प्रकाश गराएका थिए ।

हेमिल्टनले वि. सं. १८५९ मा १ वर्षसम्म अंग्रेज दूत नक्ससँग काठमाडौं बसी मानिस लाएर नेपालका बुझ्न सकेसम्मका कुरा बुझे । आफूहरूले नेपाल छोड्नुपरेपछि नेपालका सीमानामा २ वर्ष बसी नेपालका बुझ्न सकेसम्मका कुरा उनले बुझेका थिए । यसरी नेपालका भित्री कुरा बुझ्नामा हेमिल्टन सक्रिय थिए । वि. सं. १८७६ मा उनले आफ्नो नेपालविषयको ग्रन्थ प्रकाश गराई आफू नेपाल आएको वेलाका ईस्ट इन्डिया कम्पनीका गभर्नर जनरल वेलेज्लीलाई सो ग्रन्थ समर्पण गरे + ।

नेपालीहरूमा राजनीतिको शिक्षा लिने परम्परा नहुँदा आफ्नो देशमा राजनीतिका कुरा फैलाउन र अंग्रेजका रहस्यलाई पनि विशेष रूपले बुझ्न उनीहरूले सकेका थिएनन् ÷ ।

चौथो कारण—आफ्नो आश्रयमा आएका पालपाली राजा पृथ्वीपाल सेनलाई स्वामी महाराज रणबहादुरले काशीबाट फर्केपछि एउटा निहुँले काठमाडौंमा बोलाई कैद गरे । पालपाराज्य बलजफतीसँग हरियो । स्वामी महाराजलाई उनका सौताने भाई शेरबहादुरले मारेपछि शेरबहादुरका मतियार हुन् भनी पृथ्वीपाल सेनलाई पनि अत्यन्त निर्दयतापूर्वक भीमसेन थापाले मराए । यस कामले नेपालका आश्रित सामन्तहरूको विश्वास नेपालसरकारमाथि घट्नु स्वाभाविक थियो । यस कारण नेपाल—अंग्रेजयुद्धमा अंग्रेजले भड्काउँदा नेपालका केही सामन्तहरू भड्किएका थिए × ।

पाँचौं कारण—नेपाली अधिकारीहरूलाई भएनभएका कुरा सुनाई उनीहरूलाई हतोत्साह पारिदिने काम यस लडाइँमा अङ्ग्रेजहरूले गरेका थिए । यता नेपालीहरूको भने यसको उल्टो स्थिति थियो । आफ्नो मुलुकको एक प्रान्तमा भएका घटनाहरू पनि अर्को प्रान्तका अधिकारीले अङ्ग्रेजका सत्री ( रूप फेरी हिंडेका राजकाजी मान्छे )हरूद्वारा थाहा पाउनुपर्ने स्थिति आएको थियो ।

+ कर्कपेट्रिक र हेमिल्टनका नेपालविषयका ग्रन्थ हेरे यी कुरा थाहा पाइन्छन् ।

÷ यस विषयको विशेष चर्चा " गल्लीमा फ्याँकिएका कसिंगर " को उपोद्घातको " अनुवादहेतु " प्रकरणमा गरिएको छ ।

× " कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या [२संख्या] " मा यस विषयमा विशेष विचार गरिएको छ

हुनत अंग्रेजहरूले नेपालका मुख्य मुख्य सेनापतिहरूलाई पनि ठूलठूला लोभ देखाई उनीहरूको मातहतमा रहेका प्रान्तमा उनीहरूलाई नै राजा बनाइदिने कुरा गरी उनीहरूलाई आफ्नो पक्षमा मिलाउन खोजेका थिए । तर पृथ्वीनारायण शाहको देशभक्तिपूर्ण शिक्षा पाएका भारादारहरूले अंग्रेजको कुरा खाएनन् र आफ्नो देशको विरुद्ध विद्रोह गरी आफू धनी बन्ने चेष्टा उनीहरूले गरेनन् ।

( " अमरसिंह थापा " को "ज्वलन्त देशभक्ति र स्वार्थत्याग " प्रकरणको आधारमा )

यी मुख्य मुख्य कारण हुन् । यभन्दा अरू कारण पनि निकै छन् । यी विषयमा विशेष विचार गर्न भिन्नै निबन्धको आवश्यकता छ ।

यहाँ पाँचौं कारणको विषयमा विचार गर्न यो निबन्ध प्रस्तुत गरिएको हो ।

यस विषयमा गढकुमाउका शासक चौ. बम शाह र उनका साथीहरूले नेपालसरकारछेउ लेखेको पत्र चाखलाग्दो छ । सो पत्र अहिलेसम्म नछापिएको हुँदा जस्ताको तस्तै सम्पूर्ण यहाँ दिइन्छ—

श्री:

+अर्जि — — — — — — — — — — —

उप्रांत उपर विस्तार [१]चितैबाट चह्राई पठायाको अर्जिबाट जाहेर भयो हो. वाहापछि र प्ररप्रजानाको कुरालाई ४ हाति ६ सय [२]काहारलाई बोकाई [३]कालि [४]तान्यु. केहि बोसारदैछ.

[५]हासि पक्रीयाको र लडाई उसले हार्दा [६]गारनले २४ हजार गोर्षालिले मलाई घेरीराप्याको छ भनि [७]बडासाहेबछेउ लेषदा र समाचार सर्वत्र जत्रतत्र पुग्दा अघि हामिसित लडाई जोरिदा सबै ठाउको लाईकन २२।२३ हजार फौज थीयो. यो षवर पुग्दा ३०।३२ (हजार) [८]पत्थरकला नालको जमा अघिपछि गरि आईपुग्यो. येसमध्ये १४।१५ हजार [९]कालिकुमाउमा छ. उप्रांत कोहि पालि कोहि अलमोडामा छ. पहेलिभित डोटिको मधेसतर्फ पनि ५।६ हजार फौज [१०]घाटा घाटामा आई बसिरहेछ. येसले अन्या सर्वत्र लडाई [११]माकुप गर्नाको कुरा लेषिरायेछ. पछी मतिर पनि लडाई माकुप गर्न्या कुरा लेषिरायेछ. यो जवाप लि आउनु भनि सर्दार जसमर्द्न थापा सुबेदार जयेकृष्ण थापालाई अलमोडामा राष्येको छ.

कर्नेल गारनले पश्चिमको षवर सूर्यगढि तम्रा तर्फबाट छुल्यो. वाहाको लडाईमा कपतान ×भक्ती

---

+बिन्तीपत्र । १ चिताबाट । वि.सं. १८७२ वैशाख १३ गते गणनाथको लडाइँमा परेका चौ. हस्तदल शाहको चिताबाट । २ भरियालाई । ३ महाकाली । ४ तरायौं.

५ कप्तान हियर्सी । यिनी वि.सं १८६६ मा भेष वदली जोगी भई गढकुमाउमा नेपाली चौकीदारको आँखा छली पसेका थिए । चौकीदारले यिनलाई पक्री गढकुमाउका शासक चौ. बम शाहछेउ खबर गरे । बम शाहले नेपालसरकारसँग सोधनी गरी यिनलाई छोडिदिएका थिए ।

(ऐतिहासिक पत्रसंग्रह [पहिलो भाग] को १०४–११० पृष्ठमा यस विषयमा विशेष चर्चा गरिएको छ) यो अघिको कुरा भयो । यहाँ "हासि पक्रीयाको" भनेको अर्थचाहिँ यो हो--

वि.सं १८७१ चैत्र२२गते कालीकुमाउमा आफूसँग लड्न आएका कप्तान हियर्सीलाई चौ. बम शाहका भाइ चौ. हस्तदल शाहले हराइदिए । कप्तान हियर्सी यो लडाइँमा घाइते भई नेपालीका कैदी भए ।

(बदरीदत्त पांडेको "कुमाऊँ का इतिहास" को ४१७ १८ पृष्ठको आधारमा)

६ कर्णेल गार्डनर । कुमाउँपट्टि यिनी सेनापति भई आएका थिए । ७ लर्ड हेस्टिङ्सकहाँ । ८ बन्दूक । ९ यी ठाउँहरू कुमाउतिरका हुन् । यिनको विशेष परिचय "कुमाऊँ का इतिहास" मा छ । १० मुख्य मुख्य बाटामा । ११ बन्द ।

×बूढाकाजी अमरसिंह थापाका सहायक यिनी हुन् । यिनी यस लडाइँमा मारिएका हुन । यिनको विशेष परिचय 'नेपालको संक्षिप्त इतिहास" को १७३–७४ पृष्ठमा दिइएको छ ।

थापा सुबेदार हृदयसिं थापा दोस्रो सुबेदार १ पऱ्या. श्रीमोड जैतकगढिको लडाईमा काजि अजंमर पंथ [12]घा लागि नक्रीया. कपतान बलभद्र कवर पऱ्या. २ तर्फका [13]ढेर सिपाहि घर्च भया. तिम्रा सिपाहि सात सय [14]लुनि अक्तरसित मिल्न आया. [15]बुढाकाजि भयाको ठाउमा र काजि [16] रनजोर थापा भयाको ठाउमा अंनको बडो [17]तोडा छ. घेरा [18]साह्रो छ भन्थ्या.

---

१२ घाउ । १३ धेरै । १४ अक्टरलोनीसित ।१५ अमरसिंह थापा । १६ अमरसिंह थापाका छोरा। १७ अभाव ।

१८ नेपाली प्रजालाई भड्काउन नेपालीको अत्याचार र अंग्रेजको उदारताको बयान गरी भएन-भएका कुरा लेखी छपाई अंग्रेजहरू पर्चाबाजी पनि गर्थे । पूर्व पश्चिम सबैतिर ठाउँ हेरी कुरा बनाई अंग्रेजहरूले यस्ता पर्चा छरेका थिए । यहाँ कुमाउको विषय भएको हुनाले कुमाउमा अंग्रेजहरूले छरेको पर्चा यहाँ दिइन्छ ।

वि. सं. १८७१ पौष २ गतेको दिन कुमाउका बासिन्दाको नाउँमा अंग्रेजसरकारले तलको पर्चा निकाल्यो—

"गोरखालीहरूले गरेका अत्याचार र अनाचारका दुःखमय कुराहरू अंग्रेजसरकारले धेरै दिन-देखि सुनिरहेको छ । अन्यायी गोरखासरकारको पालामा जो अवस्था भएको छ, त्यो अवस्था पनि अंग्रेजसरकारले बुझेको छ । तर जहिलेसम्म गोरखासरकारको अंग्रेजसरकारसँग मित्रता थियो र सन्धि भएको थियो, त्यस समयसम्म अंग्रेजसरकारको आचरण गोरखासरकारसँग मैत्रीपूर्ण राख्नु अंग्रेज-सरकारको कर्तव्य थियो । यसै कारणले गोरखालीहरूको पालामा भएको कुमाउको नाशलाई चूप लागेर दुःखपूर्वक हेरिरहन अंग्रेजसरकार विवश भएको थियो । तर अब गोरखालीहरूले अंग्रेजी राज्यमा विना कारण अन्यायपूर्वक हमला गरेका हुँदा आफ्नो इज्जत बचाउन र आफ्नो हक जोगाउन गोरखालीहरूको विरुद्ध लडाइँ खेल्न अंग्रेजसरकार विवश भएको छ ÷ । अत्याचारीहरूको हातबाट कुमाउका प्रजालाई बचाउनाको निम्ति मिलेको यो मौकालाई अंग्रेजसरकार हर्षपूर्वक काममा लाउँछ । यस कारण कुमाउ-बाट गोरखाली फौज र अधिकारलाई सधैंको निम्ति हटाउन अंग्रेजसरकारले फौज पठाएको छ। यो

---

÷ "गोरखालीहरूले विनाकारण अन्यायपूर्वक अंग्रेजी राज्यमा हमला गरेका हुनाले अंग्रेज-सरकारले गोरखासरकारसंग लड्न विवश हुनुपऱ्यो" भन्ने कुरा यस पर्चामा लेखिएको छ । तर यो सर्वथा झूटो हो ।

भारतमा अंग्रेजी बस्ती बसाउनाको लागि हिमालयप्रदेश हात लाउन अंग्रेजहरू उत्सुक भइरहेका थिए । तर नेपोलियनको प्रभाव यूरोपमा रहेको र उनले अंग्रेजको विरुद्धमा काम गरिरहेका हुनाले फ्रान्सिसीहरूको डरले नेपालसंग लडाइँ खोल्न अंग्रेजहरू दच्केका थिए । वि. सं. १८७० मा नेपो-लियनको पतन भएपछि अंग्रेजहरूले नेपालसंग लडाइँ खोलेका हुन् ।

("भारत में अंगरेजी राज्य" को ६२८-३२ पृष्ठ र "विश्व इतिहास की झलक" को "नैपोलियन" प्रकरणको आधारमा)

उस्को र हाम्रो गरि चिठी २ पटक गरि पहिलो चिठी डाकमा र पछिलो चिठि उस्को र हाम्रो मानिस गरि पठाऔ. वाहाको जवाप आयापछि वाहाको षरषजाना र भारफौज आउनं.

अलमोडाको महेसि बनियाको छोराले हरिहरबाट ल्यायाको षवर[१९] पंथ काजिलाई वाहा ल्यायाको मैले देषि आयाथ्या. कपतानहेरूको कुरा कानले मैले पनि सुन्याथ्या भन्थ्यो. आहाको कामकाजलाई षजना उकासन्या काम अघि भयो पछि अघिको दोस्ती रहंछ रहदैन भनि भन्दा तिमि दर्वार साध. तम्रा[२०] षामिंदको हाम्रा मालिकसीत दोस्ती राषनाको मनसुबा छ भन्या तिमि दर्वार साधि बलियो गर. तिम्रा राजाको र अंगरेजको दोस्ती रहन्या काममा हामि भरीसक्य गरौला भनि छाति ठोक्यो यो कुरा ठहर्छ भन्या बडासाहेव भन्या[२१]फर्काबादको आजमगढ्मा छ. भारि सरसौगात गरि[२२]बडो काबेल मानिस बडासाहेबलाई[२३]प्रतित पर्न्या गरि चॉंडो पठाउ. जति दिलो गरौला तिमिलाई भारि पर्न जाला भन्छ.

+रुद्रबिर साहि अलमोडामा बैरिको चपाउ सुंदा रातोरात गरि डडेलधुरामा आईपुगेछ. पछि यो बन्दोबस्त भयाको कुरा हामिले लेषदा डडेलधुरैमा थामीयाको थीयो. यो कुरा गारनले सुंदा मैले रुद्रबिर साहिसित भेट गर्नु जान्छु भनि ढ्यासा लाउदा उसलाई वाहा जान नसकि रुद्रबिर साहिलाई डाकिपठाऔ र ×वैसाषशुदि ७ का दिन बैतडीमा आईपुग्यो.

---

ठूलो काममा कुमाउका प्रजाले सकेसम्मको मद्दत अंग्रेजसरकारलाई गर्नुपर्छ र अंग्रेजसरकारको आज्ञालाई शान्तिपूर्वक चूप लागेर मान्नुपर्छ । अंग्रेजसरकारको कमलो र पक्षपातविहीन शासनमा कुमाउका प्रजाहरूको उचित अधिकार व्यक्तित्व र सम्पत्तिको पूरापूर रक्षा गरिनेछ । ”

यो पर्चा पहाडमा जताततै बाँडियो । गोरखालीहरूले आफ्नो पल्टनमा भर्ना गरेका पठान ( मुसलमानको एक जात ) यस पर्चाबाजीको फलस्वरूप अंग्रेजपट्टि मिलन गए ।

( “ कुमाऊँ का इतिहास ” को ४०९–१० पृष्ठबाट )

१९ काजी अजम्मर पन्थलाई । २० मालिकको । २१ फर्रुखाबादको । २२ अतियोग्य । २३ पत्यार ।

+गोरखाली राजा पृथ्वीपति शाहका पनाति गढकुमाउका शासक चौ. बम शाहका यिनी भाइ हुन् ।

चौ. बम शाहका अर्का भाइ चौ. हस्तदल शाहले कालीकुमाउमा वि. सं. १८७१ चैत्र २२ गतेको लडाइँमा आफूसँग लड्न आएका कप्तान ह्यिर्सीलाई पक्रेथे । वि. सं. १८७२ वैशाख १३ गतेको गणनाथको लडाइँमा भिडन्त हुँदा हस्तदल शाहले वीरगति पाएथे। उनको काजक्रिया यिनका भाइ यिनै रुद्रवीर शाहले गरेथे।

(अम्बिकाप्रसाद उपाध्यायको ‘ नेपालको इतिहास”, ‘नेपालको संक्षिप्त इतिहास” तथा “अभिलेख-संग्रह [ २ भाग]” को आधारमा ।)

×वि. सं. १८७२ जेठ ४ गते ।

हाम्रा साथमा आयाको गारन भन्या कर्नेल हो. पहिले लडाईको मुख्त्यार भै आयाको येहि हो. मुलुकको अख्त्यार र कुराकाहानि गर्नाको *कम ईजंट गबरनर भै आउन्या येसको भाई छ. आफनु भाईको हुदो गरि कर्नेल गारन हामिसित कुराकाहनि गर्न येसको भाई र जर्नेल अरु ३०।३५ कर्नेल कपतान कम्पु पलटनिया गोरा फ्रिलपति चंपाबतिमा छ.

संम्वत् १८७२ साल मिति÷ वैसाषशुदि ८ रोज ३ मुकाम बैतडी शुभम् ··· ··· ··· ··· ···

×ईत बम्साहको सलाम सलाम सलाम—

सेवक चामु भंडारिको कोटी कुर्नेस

अंगदको कोटि कुनेस बंदगि शुभं

(यस पत्रको सक्कल रामजी तेवारीको सङ्ग्रहमा छ।)

जैतकगढीको लडाइँमा बलभद्र कुँवर परे भन्ने इत्यादि कुरा अंग्रेजहरूले खूप प्रचार गरी बम शाहको कान भरी उनलाई हतोत्साह पारिदिएको कुरालाई यस पत्रले छर्लङ्ग देखाउँछ। तर जैतकको लडाइँमा बलभद्र कुँवर परे भन्ने कुरा सर्वथा झूटो थियो। किनभने—

नेपालीहरू ज्यान दिएर लड्छन् भन्ने कुरा बलभद्र कुँवरले नालापानीको लडाइँमा अंग्रेजहरूलाई देखाइदिएका थिए। नालापानीको सानो गढी कब्जा गर्न पनि अंग्रेजहरूलाई धेरै शक्ति लाउनुपरेको थियो। जावाको लडाइँमा लडी नाउँ कमाएका जिलेस्पीले यही लडाइँमा वीरगति पाएका थिए। बलभद्र कुँवरहरू हुन्ज्यालसम्म शत्रुको मुकाबिला गरी पानी खान नपाएपछिमात्र यो गढी छोडी आफ्नो फौजसँग मिल्न गएथे। जैतकगढीको लडाइँमा अंग्रेजी फौज हटी फर्केको थियो, बलभद्र कुँवरको देहान्त भएको थिएन। यस नेपाल–अंग्रेज युद्धमा कुनै ठाउँमा पनि बलभद्रको मृत्यु भएको थिएन। यो युद्धपछि बलभद्र कुँवर पन्जाबको राजधानी लाहौर गए। पन्जाबका राजा रणजीतसिंहले बलभद्र-लाई आफ्नो फौजमा भर्ती गरे।

वि. सं. १८७९ को सीख-अफगान युद्धमा नेपालीहरूले सीखको पक्षबाट वीरतापूर्वक लडेका थिए। सोही लडाईंमा बलभद्र कुँवरले वीरगति पाएका थिए। सो लडाइँको कुरा बुझ्न भीमसेन थापाले लाहौरमा मानिस पठाएका थिए। रणजीतसिंहको पल्टनमा भर्ती भएका नेपालीहरूले यस विषयमा भीमसेन थापालाई एक पत्र पठाएका थिए। सो पत्रको केही भाग यस्तो छ—

स्वस्ति श्रीसर्वोपमाजोग्येत्यादिसकलगुणगरिष्ठ राजभारोद्धारणसामर्थ श्रीश्रीश्रीजर्णैलसाहेब भेमसेन

---

*बम शाहलाई लोभ्याई आफ्नो पक्षमा मिलाउन तथा कुमाउका प्रजामा नेपालसरकारप्रति घृणा फैलाउन खटाइएका एडवर्ड गार्डनर यिनी हुन्। अङ्ग्रेजले कुमाउ जितेपछि यिनि कुमाउका पहिला शासक भएका थिए।

("कुमाऊँ का इतिहास", "अमरसिंह थापा", राहुल सांकृत्यायनको "कुमाऊँ" को आधारमा)

÷जेठ ५ गते मङ्गलबार। ×यहाँबाट।

थापाका चरणतल ईत सुबेदार बनमालि पन्त सुबेदार उमेदसिं ठाकुर सुबेदार भ्यानासिं पतृ सुबेदार दलसि - - रि अरू ज्मादाहरुसमेत्को आसिर्बाद सलाम् सेवा. इत निक ताहाँ पाव कुसल भया हाम्रा पतिपाल उद्धार होला.

उप्रांत गिरद्धारिलाई जिउदा छन्की मऱ्या भनि देषन पठाउनुभयेछ. आइपुग्या.

जिउँदा मऱ्याका हिसापमा भन्या चैतका ३ दिन जाँदा अजिम षाँसंग पेसौरमा नौशेरा भन्याको ठिंबा नौ बाल्हाहाले लड्याको जगा रहेछ. तहि ठाउँमा हाम्रा पनि लडाँञि भयो. कप्तान बलभद्र कुवर सुबेदार बर्मसि षड्का ज्मादार ... नान प्रवास् ज्मादा रूप्सीं षड्का ज्मादार जिउनसिं टुरा सिपाहि ५० हाम्रा जगामा पऱ्या, ...

मिति माघशुदि १३ रोज ६ मुकाम लाहुर शुभ×

( यस पत्रको सक्कल रामजी तेवारीसंग छ )

कुमाउभन्दा पश्चिमतिर नेपालीहरूले अङ्ग्रेजसँग लड्न नसकेपछि कुमाउमा मात्र हामीले बल लगाएर के गर्नें, अंग्रेजले पनि हामीसँग मेलै गर्न खोजिरहेका छन्, यस कारण महाकाली तरी बैतडीमा आएर बसेका छौं भनी बम शाहले नेपालसरकारछेउ सूचना दिएको कुरा यही पत्रबाट बुझिन्छ ।

यसरी यस नेपाल–अंग्रेजयुद्धमा सबभन्दा पहिले खुट्टा छोड्ने काम बम शाहले गरे । मलाई बढी फौज रसदपानीहरूको बन्दोबस्त होओस्, फेरि म कुमाउमा हमला गर्छु भनी बम शाहले यस पत्रमा लेखेका छैनन् । यसबाट अङ्ग्रेजको प्रचारले बम शाहको मन गलाइदिइसकेको थियो भन्ने बुझिन्छ ।

हुनत अङ्ग्रेजको प्रचारले मात्रै बम शाहको मन गलेको होइन ।

वि. सं. १८५७ को जेठमा स्वामी महाराज रणबहादुर शाहको पछि लागेर काशी गएका भीमसेन थापा १८६० को अन्त्यमा स्वामी महाराज रणबहादुरको पछि लागेर नेपाल फर्केपछि नेपालको राजकाजमा भीमसेन थापाको प्रभाव बढ्न लाग्यो । वि. सं. १८६३ को वैशाखमा रणबहादुर मारिएपछि राजा बालक हुँदा भीमसेन थापाको हातमा प्रशस्त अधिकार आयो । रणबहादुरलाई मार्ने शेरबहादुरका मतियार यिनीहरू पनि हुन् भनी भीमसेन थापाले पुराना धेरै भारादारहरूलाई पन्छ्याए । कति भारादारहरू एउटा निहुँ पारी राजधानीबाट टाढा टाढा प्रदेशमा खटाइए । यसरी नेपालराज्यको अधिकार एकलौटी पार्ने काम भीमसेन थापाले गरे । भीमसेन थापाको यो नीतिले

---

×सीख–अफगानयुद्धको मिति १४।३।१८२३ ई भनी इतिहास-प्रवेशमा (द्वितीय संस्करणको ४६६ पृष्ठमा) दिइएको छ । सो सालको पात्रोसँग मिलाई गणना गर्दा वि. सं. १८७९ चैत ३ गते मार्च १४ तारीख पर्छ । यस पत्रमा पनि "चैतका ३ दिन जांदा अजिम षांसंग पेशौरमा नौशेरा भन्याको ... ठाउँमा हाम्रा पनि लडाँञि भयो. कप्तान बलभद्र कुमर पऱ्या" भनी लेखिएको छ । यो पत्र वि. सं. १८८० को हो । यस कारण वि. सं. १८७९ चैत ३ गते पेशावर नौशेरामा बलभद्र कुँवरको मृत्यु भएको देखिन्छ ।

+उमेर ढलिकसकेका राजकुलका बम शाहको मनमा चोट पारेको थियो ।

यसो हुँदा पनि बम शाहलाई लड्न जोश नआएको हो । आफू महाकाली तरी बैतडी आएको कुराको विरोध गरी भीमसेन थापाले आफूमाथि कडा कार्बाई चलाए अङ्ग्रेजसँग मिल्न जानुपर्ला कि भन्ने *दोधारसम्म पनि उनको मनमा उठेको थियो भन्ने कुरा तल दिइएका वाक्यले देखाउँछन्---

"वि सं. १८७२ वैशाख १७ गतेका दिन आत्मसमर्पण गरी बमशाह वैशाख२० गतेका दिन कर्नेल गार्डनरका निगरानीमा काली तरी डोटी जान भनी हिंडे । यसका केही दिनमा पिथोरा गढ्मा पुगी झुला घाटमा उनले गार्डनर संग भेटे। उनले तल लेखिएका आशयका कुरा कर्नेल गार्डनर संग गरे । नेपाल बाट मैले कुमाउँ छोडेका कुराको के उत्तर आउने हो तेसले गर्दा मलाई बडो चिन्ता छ । मेरा शत्रु अमरसिंह थापा मलाउँ मैले बम शाहका मनाईं अनुसार छोडेको हुँ भनेर सारा दोष मेरा थापलामा हाल्ने छन् । नेपालमा खसहरु ( थापाहरु संग रिसाई उनले यही शब्द प्रयोग गरेथे ) अमरसिंहका कुरा खाई मेरो प्राण संशयमा पार्ने छन् । यो कुरा ता टाढाको छ तर मैले कुमाउँ छोडेका कुराको जाहेरी नेपाल पुग्दा वहाँ तेसको कुन रीतिले स्वागत हुने हो । बुद्धिमानीपूर्वक यो कुराको वहाँ विचार भये काली पारीको राज्य दी अकारण गरेको लडाइँ समाप्त भयेको कुराम। उनीहरूले बढिया ठान्न पर्ने हो तर महाराजले (महाराजाधिराजले) मलाई प्रेम गरे ता पनी महाराज मेरा शत्रुका हातमा होई बक्सिन्छ । यो कारणले मलाई मार्नु भन्ने पल्टनलाई आज्ञा भयो भने मलाई आश्चर्य हुने छैन औ यही कारणले नेपालबाट उत्तर न आये सम्म कुमाउँमा नै बस्ने मेरो राय छ ।

यो सुनी कर्नेल गार्डनरले उनलाई आश्वासन दिये औ हरेस न खाई शत्रुको नाश गर्ने चेष्टा गर भनी उनलाई व्यक्तिगत रूपले भने । *कर्नेल गार्डनरले काली तुरन्त तरी डोटी आफुले दखल गरी डोटीको*

---

+बम शाह वि. सं. १८१२ मा जन्मेका हुन् भन्ने कुरा उस वेलाका केही भारादारहरूको जन्मसंवत् टिपिएको एउटा कागतबाट थाहा पाइन्छ । यो कागत लक्ष्मीपति पाँडेको परम्पराको हो ।

*बम शाह भीमसेन थापादेखि असन्तुष्ट भएको थाहा पाई अंग्रेजले उनलाई ठूलठूला लोभ देखाई आफ्नो पक्षमा मिलाउन खोजे । तर थापाहरूसँग जतिसुकै असन्तुष्ट भएका भए तापनि देशद्रोह गरी आफू धनी बन्न बम शाहले इच्छा गरेनन् ।

("कुमाऊँ का इतिहास" को ४१० पृष्ठ र "कुमाऊँ" को १२० पृष्ठको आधारमा)

यहाँनिर लड़ाइँमा आफ्ना भाइ मारिएका, पश्चिमतिरको लडाइँमा नेपाल असफल भयो भनी सुनेका, भीमसेन थापाको नीतिदेखि असन्तुष्ट भएका, निरुपाय बम शाहको मनमा एक छिन के गरुँ के गरुँ भनी दोधार परे तापनि पृथ्वीनारायणको देशभक्तिपूर्ण शिक्षा पाएका उनले आखिरसम्म देशभक्ति छाडेनन् । यस लडाइँपछि भीमसेन थापाका पनि ⊙आँखा खुलेका थिए । यस कारण बम शाहहरूलाई कडा कार्बाई गर्ने नीति भीमसेन थापाले पनि लिएनन् ।

---

⊙ " गल्लीमा फ्याँकिएका कसिंगर " को उपोद्घातको "अनुवादहेतु" प्रकरणमा यस विषयमा विशेष विचार गरिएको छ ।

राजा भै बस्न निजी रूपले उनलाई सम्मति पनी दिये। सोही समय काजी चामु भंडारीलाई डाकी बम-शाहले कर्नेल गार्डनरले भनेका सबै कुरा उनलाई सुनाई तिनका विषयमा उनको सम्मति मागे। काजी चामु भंडारीले नेपालका मंत्री सँग उनको फाटो परेका बेलामा बृटीश सरकारले उनको सहायता गर्ने भये कर्नेल गार्डनरका सल्लाह बमोजिम काम गर्न उनलाई सम्मति दिये।

( वि सं. १८७२ जेठ २१ गतेको लार्ड मायराले लेखेको पत्रमा खामेको ३२ नंबरको पत्र )

बम शाहको विचार झुला घाट बाट काली तरी बेथरीमा वसी आफ्ना भाई रुद्रवीर शाह सँग यो विषयमा परामर्श गर्ने थियो। गवर्नर जेनरलले आफ्ना जेठ ८ गते र १० गतेमा लेखेका पत्रद्वारा डोटीका विषयमा कर्नेल गार्डनरले गरेको प्रस्ताव स्वीकार गरे औ यो कार्यका निम्ती बम शाहलाई आर्थिक र सैनिक सहायता दिन पनो मंजुर गरे।

यो पछी कुमाउँका हाकीम एडवर्ड गार्डनरले दुई चोटी बम शाह चामु भंडारी र रुद्रवीर शाह सँग भेट गरे। पहिलो पटकको भेटमा बम शाह र चामु भँडारी थिये औ अर्को पटक केवल रुद्रवीर शाह थिये। ...

वहाँ पछी डोटीका विषयमा कुरा एडवर्ड गार्डनरले चलाउँदा उनीहरूले अरु कुनै उपाय नलागेका खण्डमा मात्र सो काम गर्ने निश्चय भएको उत्तर दिये। यो कुरा गर्दा उनीहरूले विशेष उत्साह प्रकट गरेनन्।'

( "अमरसिंह थापा" को १५९-६१ पृष्ठबाट। यहाँ ईसवी संवत् महीना तारीखलाई विक्रम संवत् महीना गतेमा परिवर्तन गरिएको छ )

राजकाजमा जहाँ पनि जहिले पनि सैन्यशक्तिको प्रयोग गर्नु नपरोस्। अरू कुनै उपायले सजिलैसँग सफलता प्राप्त होओस् भन्ने कोशिश गरिएको हुन्छ। किनभने सैन्यबल प्रयोग गर्नुपर्ने अवस्था आएको खण्डमा आफूले पनि धनजनको निकै खति बेहोर्नुपर्ने हुन्छ। यस कारण अवस्था हेरेर अनेक उपायद्वारा शत्रुलाई आफ्नो वशमा पार्ने उपायहरूमा ×राजनीतिज्ञहरूले विचार गरेका

---

×मनुस्मृतिमा पनि यस्ता कुरा लेखिएका छन्—

प्रहर्षयेद् बलं व्यूह्य तांश्च सम्यक् परीक्षयेत्।
चेष्टाश्चैव विजानीयादरीन् योधयतामपि ॥१९४॥
उपरुध्यारिमासीत राष्ट्रं चास्योपपीडयेत्।
दूषयेच्चास्य सततं यवसान्नोदकेन्धनम् ॥१९५॥
भिन्द्याच्चैव तडागानि प्राकारपरिखास्तथा।
समवस्कन्दयेच्चैनं रात्रौ वित्रासयेत्तथा ॥१९६॥
उपजप्यानुपजपेद् बुध्येतैव च तत्कृतम्।
युक्ते च दैवे युध्येत जयप्रेप्सुरपेतभीः ॥१९७॥
साम्ना दानेन भेदेन समस्तैरथवा पृथक्।
विजेतुं प्रयतेतारीन् न युद्धेन कदाचन ॥१९८॥

छन् । यस विषयमा कौटलीय अर्थशास्त्रमा विस्तारपूर्वक विचार गरिएको छ । उदाहरणको लागि कौटलीय अर्थशास्त्रको एक श्लोकलाई यहाँ उद्धरण गरिन्छ—

दुर्गं दग्धं हृतं वा ते कोपः कुल्यः समुत्थितः ।
शत्रुराटविको वेति परस्योद्वेगमाचरेत् ॥५३॥

(१० अधिकरण ६ अध्याय)

[तिम्रो किल्लामा आगो लाग्यो, तिम्रो किल्ला लुटियो, तिम्रो कुलमा आफुसआफुसमा झगडा भयो, तिम्रो जङ्गली सामन्त अथवा शत्रु तिम्रो विरुद्ध उठ्यो भनी शत्रुलाई बिच्काइदिनू ॥५३॥]

---

अनित्यो विजयो यस्माद् दृश्यते युद्धमानयोः ।
पराजयश्च सङ्ग्रामे तस्माद् युद्धं विवर्जयेत् ॥१९९॥
त्रयाणामप्युपायानां पूर्वोक्तानामसंभवे ।
तथा युध्येत संपन्नो विजयेत रिपून् यथा ॥२००॥

(७ अध्याय)

[सिपाहीहरूलाई सामेल गरी लडाइँमा जितियो भने पृथ्वीको भोग गर्न पाइन्छ, मरियो भन्ने स्वर्ग गइन्छ, लड़ाइँबाट भाग्यो भने पाप लाग्छ इत्यादि कुरा सुनाई उनीहरूको उत्साह बढाइराख्नू । सिपाहीहरूको मन बुझदै रहनू। शत्रुसँग लड्न लागेका सिपाहीहरूको चालचलनमा पनि निगरानी राख्नू ॥१९४॥

शत्रुलाई घेरा हालेर बस्नू। शत्रुको मुलुकमा दुःख हुने काम गरिदिनू । शत्रुपक्षका चरन, अन्न, पानी, दाउराहरू पाएसम्म बिगारिदिनू ॥१९५॥

शत्रुपक्षका पोखरी, पर्खाल र खाई भताभुङ्ग पारिदिनू। शत्रुहरूले थाहा नपाउने गरीकन छापा मार्नू । शत्रुपक्ष तर्सिने काम रातीराती गर्नू ॥१९६॥

शत्रुपक्षका भड्काएर भड्किने मानिसहरूलाई भड्काइदिनू। भड्किएर आफूसँग मिल्न आएका-हरूको कामकार्वाई पनि बुझिरहनू । असल साइतमा शत्रुलाई जित्ने इच्छा राखेर नडराईकन लडाइँ गर्नू ॥१९७॥

सामले (मीठो बोलेर), दानले (पैसा खुवाएर), भेदले (आफुसआफुसमा फुटाएर) शत्रुलाई जित्न कोशिश गर्नू । यी उपायहरूमा एउटै उपायले काम चले एउटै उपायले, नभए सबै उपाय प्रयोग गरेर भए पनि शत्रुलाई जित्न कोशिश गर्नू । सकभर लडाइँ खेलेर जित्न नखोज्नू ॥१९८॥

लडाइँ खेल्दा कहिले जितिन्छ । कहिले हारिन्छ । यस कारण सकभर लडाइँ नगर्नू ॥१९९॥

माथि बताइएका तीनवटै उपायले काम फत्ते नहुने भएमा मात्र सबै प्रबन्ध मिलाईकन शत्रुलाई जसरी जित्न सकिन्छ त्यसरी नै लड्नू ॥२००॥]

यहाँ कौटल्यले विना सैन्यबलले झूटमूट प्रचारले शत्रुलाई हराउने उपाय बताए. जस्तै झूटमूट प्रचारले कुमाउमा लड्न आएका अङ्ग्रेज सेनापति कर्णेल गार्डनरले बम शाहहरूलाई हराएको स्पष्ट छ।

यस्ता कुराहरू महाभारत आदि ग्रन्थहरूमा पनि पाइन्छन्। भीमसेनले अश्वत्थामा भन्ने हात्तीलाई मारेर द्रोणका छोरा अश्वत्थामा मारिए भन्ने प्रचार गरी द्रोणलाई उत्साहहीन पारी मराएको कुरा प्रसिद्ध छ।

बम शाहले कुमाउभन्दा पश्चिमतिर र पूर्वतिर अंग्रेजसँग नेपालीले गरेका युद्धका वर्णन आफ्ना मानिसबाट थाहा पाउन सकेका थिएनन्। यसैले अङ्ग्रेजका सत्रीहरूले सुनाउन आएका असत्य अर्धसत्य कुराको भर पर्नुपर्ने स्थिति आयो र उनी महाकाली तरी बैतडी आए। अन्त पनि पनि यस्तै घटना भएनन् होला भनी भन्न सकिन्न।

यसरी यस नेपाल-अंग्रेजयुद्धमा नेपालले नराम्रोसँग हार्नुपर्नाको कारणमध्ये एउटा प्रमुख कारण एक प्रान्तका अधिकारीले अर्को प्रान्तको कुरा बुझ्न नसक्नु तथा अङ्ग्रेजको प्रचारले यहाँका भारादारहरूको मन वस्तुस्थिति हेर्न नसक्ने भएको हुनु थियो भन्ने बुझिन्छ।

—०—

# त्रिकोणमिति (ज्योत्पत्ति)

—नयराज पन्त

## प्राक्कथन—

[अहिले वि सं. २०२० को अन्त्य आइपुगेको छ। मेरो उमेरको पनि ५० वर्षको अन्त्य भइसकेको छ। अहिले भन्दा ३० वर्षअगाडि बि. सं. १९९० मा लम्बनविषयको एक निबन्ध मैले संस्कृतमा लेखेथें। त्यसलाई प्रकाश गराउने इच्छा त थियो, तर सो पूर्ण भएन। यसै गरी ज्यौतिष तथा गणितविषयलाई लिई केही लेख लेखें। तिनमा थोरै मात्र प्रकाश हुन सकेका छन्।

ने. भा. प्र. समितिको उपसमितिको आज्ञाले वि. सं. २००१ मा मैले ज्यौतिषको पहिलो पुस्तक लेखेथें। सो पुस्तकमा पृथ्वी निराधार छ, पृथ्वी गोल छ भन्ने कुरालाई विस्तारपूर्वक प्रमाणसाथ सिद्ध गरिएको छ। एकदुइवटा ताराको र दुइचारवटा ज्योतिषीको पनि सामान्य परिचय दिइएको छ। धेरै वर्षसम्म मनन गरी केटाकेटीलाई पढ़ाउन सजिलो हुने गरी सो पुस्तक लेखिएको हो। सो पुस्तकको केही भाग वि. सं. १९९० तिर मैले संस्कृतमा लेखेको थिएँ। विद्यार्थीहरूलाई पढाएर पनि मैले त्यसको अनुभव गरेको थिएँ। सो पुस्तक वि. सं. २००१ मा पनि पढाउँदै तयार गरिएको हो। त्यस वेला चन्द्रनाथ (मेरा मामाका जेठा छोरा, यिनको जन्म वि. सं. १९८७ मा र मृत्यु २००३ मा भयो) लाई दिनहुँ पढाउँदै लेख्ता साफी गराउँदै सो पुस्तक तयार भएको थियो। नानी भोलानाथ पौडेलले पछि साफीको एक प्रति तयार गरिदिएका थिए। नानी शङ्करमान राजवंशीले पछिल्लो प्रतिमा चित्र साफी गरिदिएका थिए। वि. सं. २००२ को प्रारम्भमा सो पुस्तक मैले समितिमा चढाएथें। सो समितिले सो पुस्तक वि. सं, २०१० मा प्रकाश गराइदियो। त्यसको मैले पाउने पुरस्कार मो. रु. ५०। (पचास) चाहिं मैले वि. स. २०१७ मा पाएँ। सो पुरस्कार रुपियाको रूपमा होइन, सो पुस्तकके रूपमा पाऊँ भनी मैले सो समितिमा प्रार्थना गरेथें। परन्तु सो प्रार्थना काम लागेन। आखिर सो पुरस्कारको पैसाले सोही पुस्तक किनी आफ्ना केही इष्टमित्रहरूलाई समर्पण गरें। इष्टमित्रहरूले पनि सो पुस्तकमा विशेष चाख लिएको थाहा भएन।

ज्यौतिष, गणितविषयका दुइटा निबन्ध 'नेपाली' मा, सातवटा 'जयतु संस्कृतम्' मा, तीनवटा 'सिंहनाद' मा, एकवटा 'अरुणोदय' मा, पाँचवटा 'विद्यारत्ना' को रूपमा प्रकाश गराउन अहिलेसम्म म समर्थ भएको छु। तिनमा चारवटाचाहिं संस्कृत र नेपालीमा परेकाले दोहरिएका छन्। ती लेख प्रकाश त भए। तर तिनले

" आहूतेषु विहङ्गमेषु मशको नायान् पुरो वार्यते "

[ सुभाषित ]

[चराहरू आओ भनी बोलाउँदा अघि सरी आएको लामखुट्टे पनि धपाइँदैन।]
यो सुभाषितको उदाहरण देखाएका छन्।

अहिले संशोधनमण्डलका हाम्रा उत्साही कार्यकर्ताहरूले मिली आफ्ना खोजलाई यस 'पूर्णिमा' पत्रिकामा प्रकाश गराउने अठोट गरेका छन्। उनीहरूले मसंग पनि इतिहासविषयको लेख मागेका हुनाले एउटा लेख मैले त्यहाँ पनि दिएको छु। मेरो अनुरोधमा उनीहरूले मेरा ज्यौतिष तथा गणितविषयका लेखलाई पनि प्रकाश गराउने काम गरिदिन मञ्जूर गरेका छन्। यहाँनेर इतिहासप्रधान भएको पत्रिकामा गणितविषयको लेखलाई प्रकाश गराउनु उचित कुरो हो भन्न सकिंदैन। तर म आफूलाई एक संकटमा परेको अनुभव गर्दछु। सो कुरा के हो भने, प्रमाणको आधारमा पदार्थलाई परीक्षा गरी पढ्ने पढाउने परम्परा बसोस् भनी मैले सकेसम्म प्रयत्न गरेको छु। तर यस कुरामा म बिलकुल असफल नभए तापनि सफल हुन सकेको छैन। यस कुरालाई 'मैले इतिहास-संशोधनको प्रमाणप्रमेय' को उपोद्घातमा विस्तारपूर्वक लेखेको छु। ज्यौतिष तथा गणितविषयको एउटा भिन्नै पत्रिका प्रकाश गराउने इच्छा मलाई धेरै कालदेखि लागिरहेको छ। तर मैले जतिसुकै प्रयत्न गरे तापनि अझ केही वर्ष यता सो काम हुन सक्ने लक्षण मैले देख्न सकेको छैन। यस कारण—

'मृत्पिण्डं नीडमाप्यास्थिरगचितमनिलान्दोलितं रन्ध्रपूर्णं
हंसाश्रित्य प्रमाद्यस्त्यजसि यदि मुखावाप्तिहेतुं विचारम्।
वर्षैरल्पैरमुष्मिन् विदलति वितथीभूततत्स्थैर्ययत्नो
विस्मृत्योच्चैर्गतिं स्वां त्वमशरणतयाऽधः पतन् शोचितासि" ॥२॥
(हंसाष्टकबाट)

यो श्लोक द्व्यर्थक छ।

पहिलो अर्थ—[ हे हाँस, आनन्दपूर्वक आकाशमा उड्न छोडेर राम्रोसँग नबनाइएको, हावाले हल्लाइरहेको, प्वाल प्वाल परेको, यो माटोको गुँडमा बेहोशी गर्दै बस्छस् भने अलिकता झरीले नै यो गुँड बिग्रेर जानेछ। त्यस बेला यस गुँडलाई जतनपूर्वक जोगाउने जति कोशिश गरे ता पनि त्यो जोगिनेछैन। आफ्नो उड्ने बानी छुटिसकेको हुन्छ। बस्ने ठाउँ नै नपाउँदा भुइँमा पछारिनेछस् र तैंले पश्चात्ताप गर्नुपर्नेछ ]

दोस्रो अर्थ —[ हे आत्मा, पानीले भरिएको, हाडैहाड भएको, वायुसञ्चार भइरहेको, नाकमुख आदि नवच्छिद्र भएको यस्तो अस्थिर पार्थिव शरीर पाएर अप्रामाणिक कुरामा लागी सुखप्राप्तिको साधन भएको विचारलाई छोड्छस् भने केही वर्षपछि यो शरीर गल्नेछ। त्यसलाई अड्याउने जतिसुकै कोशिश गरे तापनि केही लाग्नेछैन। आफ्नो उच्च विचारको अभ्यास छोडिएको हुनाले त्यो पनि बिर्सिनेछ,। तँलाई शरण दिने कोही हुनेछैन। आखिरमा तेरो पतन हुनेछ र तैंले पश्चात्ताप गर्नुपर्नेछ। ]

गङ्गाधर शास्त्रीको यस कविताको उदाहरण म बनुँला भन्ने विचार पनि मेरो मनमा खेल्छ। यस कारण यस विषयमा अब पनि काल पर्खेर बस्नु बढिया होइन भन्ने मैले संझें। यसै कारण यो काम गर्न गराउन लागेको हुँ।

'त्रिकोणमिति' यो शब्द अंग्रेजी ट्रिगोनॉमिट्री 'शब्दको' अनुकरण गरी नयाँ संस्कृत रूपमा बनाइएको हो। भारतमा अंग्रेजी राज्य खडा भएपछि अंग्रेजी शिक्षा पाएका भारतीय ज्योतिषीहरूले यस शब्दलाई चलाएका

हुन् । आजभोलिको त्रिकोणमितिका विषयलाई ' ज्योत्पत्ति ' मा मुख्य गरेर र त्रिप्रश्नाधिकार, प्रश्नाध्याय, यन्त्राध्याय, पाटीगणितहरूमा हाम्रा पुर्खाहरूले व्यवहार गरेका थिए । यस विषयको ज्ञान नभई ग्रहण आदिको विषयमा विचारपूर्वक काम गर्न सकिंदैन । यस विषयको प्राचीन विद्यासंग वर्तमान विद्याको तुलना गर्ने मेरो प्रबल इच्छा भएकोले मैले यो काम उठाएको हुँ । अहिले प्रकाश हुन लागेको निबन्धमा नत कुनै नयाँ कुरा छ, नत कुनै तुलनात्मक विचार नै गरिएको छ । सिकारु केटाकेटीहरूलाई पढ्न हुने गरी यो भाग लेखिएको छ । यस्तो कुरोलाई अन्वेषणपूर्ण पत्रिकामा प्रकाश गराउने साहस गरी मैले बढ़िया काम गरें भन्न म पनि सक्तिनँ । तर हाम्रो यतातिर विज्ञानको जतिसुकै दुहाई दिए तापनि वैज्ञानिक शिक्षालाई सुलभ बनाउने प्रयत्न हुन सकेको छैन । यस कारण ज्यौतिष, गणितविषयका अन्वेषणात्मक लेख लेख्दा जम्मै प्रमाणको उद्धरण दिई लेख लेख्नु सम्भव नभएको र त्रिकोणमिति (ज्योत्पत्ति) विषयको ज्ञान यस विषयको जग भएको हुनाले सो जगदेखि नै जिज्ञासुहरूलाई परिचित गराउन मैले यो काम गरेको हुँ ।

मेरो साथ रही मेरो विचारअनुसार यस निबन्धलाई तयार गरिदिएकोमा नानी मङ्गलदास प्रधानाङ्ग धन्यवादका पात्र छन् ।]

# त्रिकोणमिति (ज्योत्पत्ति)

## पहिलो अध्याय

पटो यथा तन्तुभिरूर्ध्वतिर्यग्-
रूपैर्निबद्धोऽत्र तथैव गोलः ।
दोःकोटिजीवाभिरमुं प्रवक्तुं
ज्योत्पत्तिमेव प्रथमं प्रवक्ष्ये ॥१॥


( सिद्धान्तशिरोमणि छेद्यकाधिकार )

[ठाडा र तेर्सा धागा (तान र बान) ले जसरी कपडा बनेको हुन्छ, त्यसै गरी ज्या र कोटिज्याले गोल बनेको हुन्छ । गोलको कुरा बताउन ज्योत्पत्ति नै पहिले भन्छु ।]

१ प्रक्रम—

परिभाषा–

(१) इष्ट बिन्दुलाई केन्द्र मानी अभीष्ट त्रिज्या लिई वृत्त बनाउनू । सो वृत्तमा एउटा व्यास हाली सो व्यासको उपरमा लम्बरूप अर्को व्यास हाल्नू । पहिलो व्यासलाई 'पूर्वापरव्यास' तथा दोस्रो व्यासलाई 'याम्योत्तरव्यास' भन्ने चलन छ ।



[ १ चित्र ]

पू उ प द वृत्तको केन्द्र के छ । पू प व्यास-रेखाको उपरमा लम्बरूप भएको उ द व्यास छ । पू प-व्यासलाई 'पूर्वापरव्यास' तथा उ द व्यासलाई 'याम्योत्तरव्यास' भन्ने चलन छ ।

(२) परस्पर लम्बरूप भएका दुइवटा व्यासले परिधिलाई बराबर चार टुक्रा पार्छन् । ती प्रत्येक टुक्रालाई 'पद' वा 'पाद' भन्दछन् ।

ती पद अपसव्य (पूर्वबाट उत्तर, उत्तरबाट पश्चिम, पश्चिमबाट दक्षिण, दक्षिणबाट पूर्व जाने) क्रमले लिने चलन छ ।


(१) चित्रमा पू देखि उ सम्म 'प्रथम पद'; उ देखि प सम्म 'द्वितीय पद'; प देखि द सम्म 'तृतीय पद'; द देखि पू सम्म 'चतुर्थ पद' भनिन्छ ।

केन्द्रादिष्टादिष्टया त्रिज्यया च
वृत्तं कृत्वा व्यासरेखां च कुर्यात् ।
तस्मिन् व्यासे प्राक्पराख्ये विदध्या-
ल्लम्बं व्यासं याम्यसौम्याख्यमन्यम् ॥२॥
इष्टा पालिर्व्यासयुग्मेन तेन
तुल्यैर्भागैरङ्क्यते स्वैश्चतुर्भिः ।
एते भागाः पादसंज्ञां दधाना
गण्यन्ते प्राक्चिह्नतोऽसव्यरीत्या ॥३॥

[इष्ट बिन्दुलाई केन्द्र मानी इष्ट त्रिज्याले वृत्त बनाई व्यासरेखा हाल्नू । सो व्यासलाई 'पूर्वापरव्यास' भन्दछन् । पूर्वापरव्यासको उपरमा लम्बरूप भएको अर्को व्यास हाल्नू । यस व्यासलाई 'याम्योत्तरव्यास' भन्दछन् । यी दुइवटा व्यासबाट परिधिका बराबर चार टुक्रा हुन्छन् । यी टुक्रालाई 'पद' (पाद) भन्दछन् । पूर्वबाट अपसव्यक्रमले पदको गणना हुन्छ ।]

२ प्रक्रम—

(१) प्रत्येक पदलाई बराबर तीन भागमा बाँड्दा सो बाँडमा आएको प्रत्येक भागलाई 'राशि' भन्ने चलन छ ।




[ २ चित्र ]

यसरी वृत्तमा १२ राशि हुन्छन्। १२ राशिमा भाग लाइएको परिधिलाई 'भगण' भन्ने चलन छ।

(२) प्रत्येक राशिका बराबर ३० टुका पार्दा हुन आएका प्रत्येक खण्डलाई 'अंश' भन्ने चलन छ।

यसरी प्रत्येक राशिमा ३० अंश हुँदा भगणमा (वृत्तमा) १२×३० अंश = ३६० अंश हुन्छन्।

(३) प्रत्येक अंशलाई बराबर ६० भाग पारी ती प्रत्येक भागलाई 'कला' भन्ने चलन छ।

यसरी १ भगण = १२ राशि = ३६० अंश = ३६०×६० कला = २१६०० कला हुन्छन्।

(४) प्रत्येक कलालाई बराबर ६० भागमा बाँड्दा हुन आएका ती प्रत्येक खण्डलाई 'विकला' भन्ने चलन छ।

यस कारण १ भगण = १२ राशि = ३६० अंश = २१६०० कला = २१६००×६० विकला = १२९६००० विकला हुन्छन्।

इष्टं वृत्तं बाहुचन्द्रप्रमाणै-
स्तुल्यैर्भागैरङ्कनीयं च नेम्याम्।
एते भागा राशिसंज्ञां वहन्ति
पादे पादे राशयो वह्नयः स्युः ॥४॥
राशीनां स्याद् द्वादशानां भचक्र-
मंशाः खण्डा राशिजास्त्रिंशदुक्ताः।
षष्टिर्भागा अंशजाः स्युः कलाख्या-
स्तत्षष्ट्यंशाःस्युर्विपूर्वाः कलाख्याः ॥५॥

[ इष्ट वृत्तको परिधिका बराबर १२ भाग लाउनू। यी प्रत्येक भाग 'राशि' कहिन्छन्। प्रत्येक पदमा तीन तीन राशि हुन्छन्। १२ राशिको 'भगण' हुन्छ। राशिको ३० वटा बराबर खण्ड 'अंश' भनिन्छन्। अंशका ६० वटा बराबर खण्ड 'कला' भनिन्छन्। कलाका ६० वटा बराबर खण्ड 'विकला' भनिन्छन्। ]

राशि, अंश, कला, विकला बुझाउनालाई तिनीहरूको माथि दायाँतिर क्रमैले रा, °, ′, ″, यस्तो लेख्ने चलन छ। अथवा तिनको दायाँतिर क्रमैले रा, अं, क, वि यस्तो लेख्ने चलन पनि छ।

जस्तैः— ५ राशि १५ अंश ३० कला २२ विकलालाई बुझाउन ५रा १५° ३०′ २२″ यसरी अथवा ५ रा १५ अं ३० क २२ वि यसरी लेख्तछन्।

१ उदाहरण— २ रा १५ अं लाई विकला बनाऊ ।

= २ × ३० अं = ६० अं

∴ २ रा १५ अं = ६० अं + १५ अं = ७५ अं

= ७५ × ६० कला = ४५०० क

= ४५००×६० विकला = २७०००० वि

२ उदाहरण— १२५६०३ विकलालाई राश्यादि बनाऊ ।

| | |
|---|---|
| ६० | १२५६०३ वि |
| ६० | २०९८ क + २३ वि |
| ३० | ३४ अं + ५८ क |
| | १ रा + ४अं |

∴ १२५६०३ वि = १रा ४अं ५८क २३वि

## १–प्रश्नमाला

अंश बनाऊ—

(१) १रा २०अं (२) ३रा ८अं (३) ९रा ६अं (४) ७रा १९अं (५) ८रा ७अं
(६) ९रा ०अं

कला बनाऊ—

(७) १रा २अं (८) २रा ३अं ५क (९) ६रा ०अं ५क (१०) ७रा ८अं ८क
(११) ९रा ५अं ६क (१२) ११रा ११अं ११क

विकला बनाऊ—

(१३) ६क (१४) ६क ६वि (१५) ६अं ६क ६वि (१६) ११रा ५अं ३क ७वि
(१७) १०रा १०अं १०क १०वि (१८) ७रा ३अं ४५क

कलादि बनाऊ—

(१९) १२०वि (२०) २४०वि (२१) ८००वि (२२) १०००वि

अंशादि बनाऊ—

(२३) ३०१क (२४) ५१५क (२५) ३६०२वि (२६) ३८१५वि

राश्यादि बनाऊ—

(२७) ४५अं (२८) ९०अं (२९) १०८ अं (३०) २१५अं
(३१) ३१०अं (३२) ३३०अं (३३) ३००१क (३४) ५७००क
(३५) ७२१५क (३६) २००८००वि (३७) १५८१५०वि (३८) ९९९९९९वि

भगणादि बनाऊ—

| | | | |
|---|---|---|---|
| (३६) ३७३अं | (४०) ५०८अं | (४१) ६३०अं | (४२) ७२०अं |
| (४३) १००८अं | (४४) ५०१५अं | (४५) २१६००क | (४६) ३०६६६क |
| (४७) ३५८१५क | (४८) १२६६६६१वि | (४९) २५६२६८०१वि | |

## उत्तर

| | | | |
|---|---|---|---|
| १) ५०अं | (२) ६८अं | (३) २७६अं | (४) २२६अं |
| (५) २४७अं | (६) २७०अं | (७) १६२०क | (८) ३७८५क |
| (९) १०८०५क | (१०) १३०८८क | (११) १६५०६क | (१२) २०४७१क |
| (१३) ५४०वि | (१४) ५४६वि | (१५) ३२६४६वि | (१६) १२०६१८७वि |
| (१७) १११६६१०वि | (१८) ७६६५००वि | ( ९) २क | (२०) ४क |
| (२१) १३क२०वि | (२२) १६क४०वि | (२३) ५अं १क | (२४) ८अं ३५क |
| (२५) १अं ०क२वि | (२६) १अं ३क३५वि | (२७) १रा१५अं | (२८) ३रा |
| (२९) ३रा१८अं | (३०) ७रा५अं | (३१) १०रा१०अं | (३२) ११रा |
| (३३) १रा२०अं १क | (३४) ३रा५अं | (३५) ४रा०अं १५क | |
| (३६) १रा२५अं ४६क४०वि | | (३७) १रा१३अं ५५क५०वि | |
| (३८) ६रा७अं ४६क३९वि | | (३९) १भगण०रा१३अं | |
| (४०) १भगण४रा२८अं | | (४१) १भगण९रा | |
| (४२) २भगण | | (४३) २भगण९रा१८अं | |
| (४४) १३भगण११रा५अं | | (४५) १भगण | |
| (४६) १भगण५रा६अं ३९क | | (४७) १भगण७रा२६अं ५५क | |
| (४८) १भगण०रा ० अं १६क३१वि | | (४९) २०भगण०रा२अं ४३क२१वि | |

— ०


३ प्रक्रम-

(१) परिधिको टुक्रालाई ' चाप ' भन्दछन् ।

जस्तै — अ क लाई 'चाप' भन्दछन् । परिधिमा अंशादि हुने हुनाले चापमा पनि अंशादि हुन्छ ।

इष्टैरंशैरङ्कितं वृत्तखण्ड-
मिष्टं चापं कोविदा आमनन्ति ॥५ ३ ॥


[इष्ट अंशले चिनो लाइएको वृत्तको टुक्रोलाई ' इष्टचाप ' भन्दछन् । ]




[ ३ चित्र ]

(२) चापको एक प्रान्तबाट व्यासरेखा हाली त्यसका उपरमा अर्को प्रान्तबाट गरेको लम्बरेखालाई त्यस चापको ' ज्या ' भन्दछन् ।

जस्तै— क ग लाई अ क चापको ' ज्या ' भन्दछन् ।




[ ४ चित्र ]

(३) चापको दुइ प्रान्तमध्ये जुनसुकै एक प्रान्तबाट व्यासरेखा गरी त्यसको उपरमा अर्को प्रान्तबाट गरेको लम्बरेखा त्यस चापको 'ज्या' हुन्छ ।


जस्तै—अ क चापको 'ज्या' ल्याउन अ के ज व्यासको उपरमा क बिन्दुबाट गरेको लम्ब क ग तथा क के त व्यासमा अ विन्दुबाट गरेको लम्ब अ घ दुवै बराबर हुन्छन् ×।

किनभने के अ घ तथा के क ग त्रिभुजमा—

के अ = के क [एउटै वृत्तका त्रिज्या भएकाले]

क के अ कोण उभयनिष्ठ

के घ अ कोण = के ग क कोण [समकोण भएकाले]




[ ५ चित्र ]

∴ के घ अ त्रिभुज = के ग क त्रिभुज [रेखागणित १ अ. २६ प्र.]। यस कारण क ग = अ घ यस कारण क ग वा अ घ रेखा अ क चापको 'ज्या' हुन्छ ।

ज्याको अग्र (टुप्पो) परिधिमा, मूल (फेद) चाहिं व्यासमा रहन्छ ।

(४) ज्याको मूल र केन्द्रको अन्तरलाई त्यस चापको 'कोटिज्या' भन्दछन् ।


जस्तै— ५ चित्रमा के ग वा के घ लाई अ क चापको 'कोटिज्या' भन्दछन् ।

चापस्यैकप्रान्तगे व्याससूत्रे-
ऽन्यस्मात् प्रान्तात् पात्यमानोऽवलम्बः ॥६॥
तच्चापस्य ज्या भवेन्मूलतोऽस्याः
केन्द्रं यावत् तद्धनुःकोटिमौर्वी ॥६३॥

---

× चित्रमा 'ज' तथा 'त' छुटेका छन् ।

[चापको एक प्रान्तमा जाने व्यासरेखाको उपरमा चापको अर्को प्रान्तबाट गरेको लम्बलाई त्यस चापको 'ज्या' भन्दछन् । ज्या को मूलबाट केन्द्रसम्म 'कोटिज्या' रहेको हुन्छ । ]




[६ चित्र ]

केन्द्रदेखि ज्या को अग्रसम्म त्रिज्या (अर्धव्यास) रहेको हुन्छ ।

६ चित्रमा क ग ज्या र के ग कोटिज्याबाट बनेको के ग क कोण समकोण हुनाले के ग क त्रिभुज जात्यत्रिभुज बनेको छ ।

यहाँ ज्या भुज, कोटिज्या कोटि, त्रिज्या कर्ण बनेको छ ।

**त्रिज्या कर्णः, कोटिजीवा तु कोटि-**
**र्जीवा बाहुश्चेति जात्यं त्रिकोणम् ॥७॥**
**वृत्तस्यान्तर्जायतेऽतोऽत्र सर्वे**
**जात्यत्र्यस्रस्था गुणाः सम्भवन्ति ॥७½॥**

[ त्रिज्या कर्ण हुन्छ, ज्या भुज हुन्छ, कोटिज्या कोटि हुन्छ । यसरी वृत्तभित्र जात्यत्रिभुज बन्ने हुनाले यहाँ जात्यत्रिभुजमा हुने सबै कुरा हुन्छन् । ]

(५) त्रिज्या जति माने पनि हुन्छ ।

**इष्टा त्रिज्या सा श्रुतिर्दोर्भुजज्या**
**कोटिज्या तद्वर्गविश्लेषमूलम् ॥८॥**

(सिद्धान्तशिरोमणि छेद्यकाधिकार २ श्लोक)

[ इष्ट (इच्छालागे जति) त्रिज्या मान्नू । सो कर्ण हुन्छ । ज्या भुज हुन्छ । ती दुइको वर्गान्तरको मूल कोटिज्या हुन्छ । ]

१ उदाहरणः—५त्रिज्या, ४ज्या भए कोटिज्या कति होला ?

$\text{कोटिज्या} = \sqrt{\text{त्रिज्या}^२ - \text{ज्या}^२} = \sqrt{५^२ - ४^२}$

$= \sqrt{२५ - १६} = \sqrt{९} = ३$

२ उदाहरण— १५ ज्या, २० कोटिज्या भए त्रिज्या कति होला ?

$\text{त्रिज्या} = \sqrt{\text{ज्या}^२ + \text{कोटिज्या}^२} = \sqrt{(१५)^२ + (२०)^२}$

$२२५ + ४०० = \sqrt{६२५} = २५$

## २ प्रश्नमाला

(१) ज्या, १३ त्रिज्या भए कोटिज्या कति होला ?

(२) ९ ज्या, १५ त्रिज्या भए कोटिज्या कति होला ?

(३) ४० कोटिज्या, ५० त्रिज्या भए ज्या कति होला ?

(४) ३६ कोटिज्या, ३९ त्रिज्या भए ज्या कति होला ?

(५) ९० ज्या, १२० कोटिज्या भए त्रिज्या कति होला ?

(६) ४८ ज्या, २० कोटिज्या भए त्रिज्या कति होला ?

## उत्तर

(१) १२ (२) १२ (३) ३० (४) १५ (५) १५० (६) ५२

—०—

४ प्रक्रम—

गणितज्ञहरू आफ्नो सुबिधाअनुसार कुनै नियत संख्यालाई त्रिज्या मानी गणित गर्दछन् । त्यसो गर्दा सबै ठाउँमा ज्या कोटिज्याहरू ट्वाक्क ट्वाक्क आउँदैनन् । त्यस कारण कहिले कहिले ज्या कोटिज्याहरूलाई करणीगत रूपमा लेख्नुपर्छ, अथवा तिनको आसन्न मूल लिई लेख्नुपर्छ । यी दुबै रीति चलेका छन्❀ ।

**१ उदाहरण**— $\frac{१}{२}$ ज्या; १ त्रिज्या भए कोटिज्या कति होला ?

$$कोटिज्या=\sqrt{त्रिज्या^{२}-ज्या^{२}}=\sqrt{१^{२}(-\frac{१}{२})^{२}}$$

$$=\sqrt{१-\frac{१}{४}}=\sqrt{\frac{३}{४}}=\frac{\sqrt{३}}{२}$$

**२ उदाहरण**— १७१९ ज्या, ३४३८ त्रिज्या भए कोटिज्या कति होला ?

$$कोटिज्या=\sqrt{त्रि^{२}-ज्या^{२}}=\sqrt{(३४३८)^{२}-(१७१९)^{२}}$$

$$=\sqrt{११८१९८४४-२९५४९६१}$$

$$=\sqrt{८८६४८८३}=२९७७.३९५ \text{ (आसन्न)}$$

## ३–प्रश्नमाला

(१) $\frac{\sqrt{३}}{२}$ ज्या, १ त्रिज्या भए कोटिज्या कति होला ?

(२) $\frac{१}{\sqrt{२}}$ ज्या १ त्रिज्या भए कोटिज्या कति होला ?

(३) ६०ज्या, १२० त्रिज्या भए कोटिज्या कति होला ?

(४) २१ कोटिज्या १२० त्रिज्या भए ज्या कति होला ?

---

❀ १ त्रिज्या भएमा ज्या कोटिज्याहरूलाई करणीगतरूपमा, अन्यत्र आसन्नमानमा लेख्ने चलन प्रायः छ ।

(५) ७७ ज्या १२० त्रिज्या भए कोटिज्या कति होला ?

(६) ८९० ज्या ३४३८ त्रिज्या भए कोटिज्या कति होला ?

(७) ११०५ ज्या ३४३८ त्रिज्या भए कोटिज्या कति होला.?

(८) १५२०ं ज्या ३४३८ त्रिज्या भए कोटिज्या कति होला ?

(९) ६७१ कोटिज्या ३४३८ त्रिज्या भए ज्या कति होला?

(१०) २१ ज्या ११८ कोटिज्या भए त्रिज्या कति होला ?

## उत्तर

| | | |
|---|---|---|
| (१) $\frac{१}{२}$ | २) $\frac{१}{\sqrt{२}}$ | (३) १०३·९२३ |
| (४) ११८·१४८ | (५) ९२·०३८ | (६) ३३२०·८०५ |
| (७) ३२५५·५८३ | (८) ३०८३·७३९ | (९) ३३७१·८८४ |
| (१०) ११९·८५४ | | |

—०—

**५ प्रक्रम—**

चापको आदि बिन्दु ( जहाँबाट गरेको व्यासमा ज्या–रूप लम्ब हालिन्छ ) लाई 'पूर्वपदादि' भन्दछन् । पूर्वपदादि र ज्यामूलको बीचको भागलाई त्यस चापको 'उत्क्रमज्या' भन्दछन्।

जस्तै— ६ चित्रमा अ ग लाई अ क चापको 'उत्क्रमज्या' भन्दछन् ।

ज्याया मूलात् प्राक्पदादिस्थबिन्दुं
यावत् प्रोक्ता धन्वनोऽस्योत्क्रमज्या ॥८$\frac{१}{२}$॥

[ ज्याको मूलबाट पूर्वपदको आदि बिन्दुसम्म जुन रेखा रहन्छ, त्यसलाई त्यस चापको **'उत्क्रमज्या'** भन्दछन् । ]

त्रिज्याबाट कोटिज्या घटायो भने उत्क्रमज्या आउंछ ।

जस्तै—६ चित्रमा के अ – के ग = अ ग

कोटीमौर्वी हीयमानां त्रिभज्यां
तच्चापोत्थामुत्क्रमज्यां वदन्ति ॥९॥

[ कोटिज्या घटेको त्रिज्यालाई त्यस चापको 'उत्क्रमज्या' भन्दछन् । ]

## ४ प्रश्नमाला

(१) १ त्रिज्या $\frac{१}{२}$ कोटिज्या भए उत्क्रमज्या कति होला ?

(२) १२० त्रिज्या ११८ कोटिज्या भए उत्क्रमज्या कति होला ?

(३) ३४३८ त्रिज्या ४४६ ज्या भए उत्क्रमज्या कति होला ?


(४) ३४३८ त्रिज्या २२६७ ज्या भए उत्क्रमज्या कति होला ?

(५) १२० त्रिज्या ७ उत्क्रमज्या भए ज्या कति होला ?

## उत्तर

(१) ५/३ (२) २ (३) २६·४४६ (४) ८५३·३२३ (५) ४०·३८६

—०—




[ ७ चित्र ]

६ प्रक्रम—

(१) चापको दुवै प्रान्तमा गई वृत्तबाहिर नजाने रेखालाई त्यस चापको 'पूर्णज्या' भन्दछन् ।

जस्तै—अ क रेखालाई अ क चापको 'पूर्णज्या' भन्दछन् ।

चापप्रान्तद्वन्द्वगा धनवनोऽस्य
पूर्णज्या स्यात् संस्थिता मण्डलान्तः ॥९½॥

[ चापको दुइ प्रान्तमा जाने वृत्तभित्र रहने रेखा त्यस चापको 'पूर्णज्या' हुन्छ । ]

(२) ज्या र उत्क्रमज्याको वर्गयोगको मूल 'पूर्णज्या' हुन्छ ।

जस्तै—७ चित्रको अ क ग त्रिभुजमा क ग अ कोण समकोण भएकोले

$\sqrt{\text{क ग}^2 + \text{अ ग}^2}$ = अ क हुन्छ ।

अर्थात् $\sqrt{\text{ज्या}^2 + \text{उत्क्रमज्या}^2}$ = पूर्णज्या

वर्गो ज्याया व्यस्तमौर्व्युत्थकृत्या
युक्तः सिद्धेत् पूर्णजीवोत्थवर्गः ॥१०॥

[ ज्याको वर्गमा उत्क्रमज्याको वर्ग जोड्यो भने पूर्णज्याको वर्ग हुन्छ । ]

## ५—प्रश्नमाला

१ ज्या, १ उत्क्रमज्या भए पूर्णज्या कति होला ?

(२) २१ ज्या उत्क्रमज्या भए पूर्णज्या कति होला ?

(३) २२५ ज्या ७ उत्क्रमज्या भए पूर्णज्या कति होला ?

(४) ३४३१ ज्या ३२१३ उत्क्रमज्या भए, पूर्णज्या कति होला ?

(५) १०० त्रिज्या ७२ ज्या भए पूर्णज्या कति होला ?

(६) १२०, त्रिज्या ९६ ज्या भए पूर्णज्या कति होला ?

(७) ३४३८ त्रिज्या २४३१ कोटिज्या भए पूर्णज्या कति होला ?

(८) १३ पूर्णज्या ५ उत्क्रमज्या भए ज्या कति होला ?

(९) $\frac{\sqrt{३}}{२}$ ज्या, $\frac{१}{२}$ कोटिज्या भए पूर्णज्या कति होला ?

(१०) १ त्रिज्या $\frac{१}{२}$ उत्क्रमज्या भए पूर्णज्या कति होला ?

## उत्तर

| | | | |
|---|---|---|---|
| (१) $\sqrt{२}$ | (२) २१·०९५ | (३) २२५·१०९ | (४) ४७००.५४६ |
| (५) ७५·८९५ | (६) १०७.३३१ | (७) २६३१·३७५ | (८) १२ |
| (९) १ | (१०) १ | | |

[क्रमशः]

# हाम्रो वक्तव्य

हाम्रो देशमा विद्याको क्षेत्रमा हुनुपर्ने जागरण हुन सकेको छैन। विद्याको क्षेत्रमा नयाँ नयाँ प्रयोगात्मक उद्योग गर्दै गई उचित र अनुकूल पद्धतिको अनुसरण गर्नुपर्छ भन्ने कुराको भित्रैदेखि अनुभव उच्चशिक्षा प्राप्त गरेका व्यक्तिहरूले पनि गरेको देखिँदैन। यसो हुँदा विदेशीको अन्धानुकरण नगरी वास्तव कुराको परीक्षा गरी गरी पढ्न पढाउन उद्योग गर्नेहरूले हाम्रो यहाँ अनभीष्ट स्थितिको सामना गर्नु परिरहन्छ।

विद्याको क्षेत्रमा विदेशीको अन्धानुकरण गर्ने प्रवृत्ति हटोस् भनी हामीहरूले केही वर्ष यतादेखि काम गर्दै आएका छौं। यस कामको लागि गहिरो अध्ययन र चिन्तन गर्नु आवश्यक हुन्छ। मुख हेरी कुरा गरेर वा गोल बाँधेर स्वार्थसाधन गर्ने बानी छोड्न नसकेसम्म विद्याको क्षेत्रमा विशेष काम गर्न सकिंदैन। विद्या भनेको भत्राङ्ग आउने पनि होइन। यस कारण हाम्रो कच्छपगति भइरहेछ। तर नुवाकोटबाट काठमाडौं आउन २४ वर्ष लाउने श्री ५ पृथ्वीनारायण शाहले हामीलाई बाटो देखाउँछन्। बाटो छेक्न वा नेपाललाई कमारो बनाउन आएका दुइटा विदेशी शक्तिसँग मुकाबिला गरी तिनलाई हटाउन नसकेसम्म पृथ्वीनारायण शाहले यति आठ कोश जतिको बाटो पनि हिंड्न सकेका थिएनन् भन्ने कुरा हामीलाई थाहा छ। यस कारण बीचबीचमा बाधा आइपरे तापनि हतोत्साह नभई हामी काम गरिरहन्छौं।

आफ्नो देशको शुद्ध र सम्पूर्ण इतिहास तयार होस् भनी केही वर्षअघिदेखि हामीहरू केही मानिस मिली आफ्नो शक्तिले भ्याएसम्म काम गर्दै आएका छौं। वि. सं. २००६ देखि हामीले इतिहास–संशोधन प्रकाशित गर्न थालेका हौं। आठ नौ वर्षसम्म हामीले आफ्नो संस्थाको नामकरणसम्म पनि गरेनौं। हुनत यस अवधिभित्र २ वटा पुस्तक र ७३ वटा पुस्तिका प्रकाश गराउन हामी समर्थ भएका थियौं। तर हाम्रो काम नियमित हुन सकेको थिएन। नियमित रूपले अभिलेखसंग्रह प्रकाश गरी वि. सं. २०१८ वैशाखसंक्रान्तिदेखिमात्र 'संशोधनमण्डल' नामले हामीले काम गर्न थालेका हौं अहिलेसम्म हामीहरूका ५ वटा पुस्तक, १२३ वटा पुस्तिका प्रकाशित भइसकेका छन्। २ वटा पुस्तकचाहिं प्रकाशित हुँदैछन्×।

---

×प्रकाशित भएका र हुन लागेका हाम्रा पुस्तक पुस्तिकाहरू यस प्रकारका छन्—

रघुवंशपाठ्यपुस्तक २ भाग
इतिहास–संशोधन ६० संख्या
कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या २ संख्या
वाल्मीकीय रामायणको भावानुवाद १ भाग
व्याकरणसंशोधन १० संख्या

विद्यासम्बन्धी विभिन्न विषयमा नयाँ नयाँ खोज र शोध गरी त्यसलाई प्रकाशमा ल्याउने संशोधन-मण्डलको मुख्य उद्देश्य रहेको छ तापनि अहिलेलाई संशोधनमण्डलको विशेष कार्यक्षेत्र नेपालको इतिहासको खोज र शोध रहेको छ। यसैले संशोधनमण्डलको यस पत्रिकामा नेपालको इतिहासलाई शुद्ध र सम्पूर्ण पार्ने विभिन्न विषय रहनेछन् — ।

अहिलेसम्म हामीले प्रकाशित गरेका र गराएका विभिन्न पुस्तक र पुस्तिकाहरूबाट नेपालको प्राचीनकाल, मध्यकाल र आधुनिक कालको इतिहासमा अनेक नयाँ प्रकाश परेका छन् तथा नेपालको इतिहासमा फैलिरहेका अनेक भ्रमात्मक कुराको सप्रमाण निराकरण भएको छ। परीक्षकहरूले सच्चा दिलले यस कुराको परीक्षा गरिदिनुहुनेछ भन्ने हामीलाई आशा छ।

नेपालको सम्पूर्ण इतिहास तयार गर्नतिर लम्कने उद्देश्य राखेर पनि हामीले उपत्यकाभन्दा बाहिर टाढा प्रदेशमा गई खोजी गर्ने काम गर्न सकेका छैनौं। हाम्रो कार्यमा यो ठूलो त्रुटिको रूपमा रहेर आएको छ। यस त्रुटिलाई केही कालमा हटाउन सकौंला भन्ने हामीलाई विश्वास छ।

क्रमबद्ध इतिहास लेखेर राख्ने परम्परा नभएको देशको इतिहास तयार पार्न पहिले इतिहास-विषयका सामानहरूको खोजी गरी तिनको अध्ययन गर्नुपर्छ तथा पाइएका सामानका आधारमा इतिहासका विभिन्न अङ्गहरूको विवेचना हुनुपर्छ। अनि मात्र सच्चा इतिहास लेख्न सकिन्छ। यस कुरालाई नबुझेर वा बूझ पचाएर धेरै मानिसहरू हामीलाई 'तिमीहरू आफैं इतिहासको किताप किन लेख्दैनौ' आदि प्रश्न गर्छन्। परन्तु हाम्रो देशको सच्चा इतिहास लेख्न धेरै खोजी गर्नु बाँकी

---

पञ्चाङ्गसंशोधन ६ संख्या
सावधानपत्र १२ संख्या
जयरत्नाकरनाटक ( नेपाल सांस्कृतिक परिषद्द्वारा प्रकाशित )
ऐतिहासिक–पत्र–संग्रह ( पहिलो भाग ) ''
अभिनन्दन–ग्रन्थ १ भाग
विद्यारत्न १५ संख्या
अभिलेख–संग्रह १२ भाग
गल्लीमा फ्याँकिएका कसिंगर ( जगदम्बाप्रकाशनद्वारा प्रकाशित )
इतिहास-संशोधनको प्रमाणप्रमेय ( पहिलो भाग ) '' ''
त्रिरत्नसौन्दर्यगाथा ( नेपाल सांस्कृतिक परिषद्द्वारा प्रकाशित )
ज्यौतिष-विषयका २ पत्र
श्री ५ पृथ्वीनारायण शाहको उपदेश [ पद्यात्मक व्याख्या, विस्तृत उपोद्घात तथा परिशिष्ट-सहित ], जगदम्बाप्रकाशनद्वारा प्रकाशित हुँदैछ।
ऐतिहासिक–पत्र–संग्रह ( दोस्रो भाग ), नेपाल–सांस्कृतिक परिषद्द्वारा प्रकाशित हुँदैछ

÷ अहिलेलाई प्रत्येक अङ्कमा गणित ज्यौतिषसम्बन्धी निबन्ध पनि रहनेछ।

छ। गाँठो परेका अनेक कुरा फुकाउनु छ। हाम्रो 'पूर्णिमा' पत्रिकाले यस्तै नयाँ नयाँ कुराको खोजी तथा अल्झेका कुरा सुल्झाउने काम गर्दै नेपालको इतिहास पूर्ण पार्दै जानेछ ।

देशको खाँचोको केही अंशमा भए पनि पूर्ति गरौं भन्ने उद्देश्यले अरू सबै कुरा छोडेर आफ्नो गाँस काटेर भए पनि 'पूर्णिमा' पत्रिका चलाउने विचार हामीले लिएका छौं । बाहिर 'पूर्णिमा' को कुन रूपमा स्वागत हुनेहो, सो हामीले अडकल गर्न सकेका छैनौं । नेपाली जनताद्वारा राम्रो रूपमा यसको स्वागत भएमा झन्झन् हृष्ट--पुष्ट रूपमा र त्यसो हुन नसकेको खण्डमा सामान्य रूपमा भए पनि 'पूर्णिमा' निस्कँदै जानेछ । आठ अङ्क हस्तलिखित रूपमा चलाइसकेपछि मात्र यसलाई प्रकाशित रूप दिएको हुनाले यो पत्रिका बीचमा त्यसै सुकेर जानेछैन भन्ने हामीलाई पूरा उमेद छ।

'पूर्णिमा' मा दुइ विभाग रहनेछन् । एउटामा ऐतिहासिक निबन्धहरू रहनेछन् । अर्कोमा ऐतिहासिक सामान र तिनका व्याख्या आदि रहनेछन् । यस पहिलो अङ्कमा चाहिं स्थानाभावले गर्दा ऐतिहासिक सामान पार्न सकेनौं । पछिका अरू अरू अङ्कमा ऐतिहासिक सामान पनि दिने प्रयास गरिनेछ ।

—o—

का. मे. अ. द. नं. १५५।२४८

कार्यालय-
संशोधन मण्डल
१०/४५२ महाबौद्ध काठमाडौं नेपाल

वि. सं. २०२१ वैशाख संक्रान्ति

वार्षिकमूल्य- मो. रु. ५।
१अङ्कको मूल्य मो. रु. १।५०

मुद्रक-
जोरगणेश प्रेस प्राइभेट लिमिटेड
काठमाडौं